# प्रेरित २ अध्याय – सबै कुरा सही थियो ।

प्रेरितको पुस्तक २ अध्याय ख्रीष्टको पुनरुत्थान पछिको पहिलो पेन्तिकोसको दिन, सयौं बर्ष अघि अगमवक्ताहरुले भविष्यवाणी गरे अनुसार मण्डलीको सुरुवातको निम्ति सबै कुरा सही थियो ।



पत्रुसले तिनीहरुलाई भने, "पश्चात्ताप गर, तिमीहरुका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ..."
प्रेरित २:३८

***नोटः केही वर्ष पछि कैसरियामा (प्रेरित ११:१५), पत्रुसले पेन्तिकोसको दिनलाई "शुरुवाट" को दिन भनिएको छ ।***

- **सही मानिस** – मर्कूस ९:१, प्रेरित १:८
- **सही स्थान**– "यरुशलेम" यशैया २:२,३, मीका ४:१,२
- **सही समय**– "आखिरी दिनहरु" प्रेरित २:१६,१७, योएल २:२८,२९
- **सही शक्ति** – "पवित्र आत्मा" प्रेरित १:८
- **सही सन्देश** – "पश्चात्ताप र पाप क्षमा" लूका २४:४७-४९, मर्कूस १६:१६
- **सही नाम** – "ख्रीष्टको नाम" लूका २४:४७, प्रेरित २:३८
- **सही स्रोता** – "स्वर्गमुनि हरेक देशका ईश्वरभक्तहरु" प्रेरित २:५, यशैया २:२

# उद्धार गर्ने शुत्रको योजना गरियो । - यूहन्ना ३:१६



- मुक्तिको स्रोत - "परमेश्वर" ।
- मुक्तिको प्रेरणा - "यस्तो प्रेम" ।
- मुक्तिको बिषय - "संसार" ।
- मुक्तिको प्रचार - "उहाँले दिनुभयो" ।
- मुक्तिको तारा - "उहाँको एकमात्र पुत्र" ।
- मुक्तिको परिधान - "जसले उहाँमाथि विश्वास गर्छन" ।
- मुक्तिमा हुने कुरा - "नष्ट हुने छैनन्" ।
- मुक्तिको फैलावट - "तर अनन्त जीवन हुनेछ" ।

# THE VOICE OF TRUTH INTERNATIONAL


**STAFF**

Editor : Byron Nichols
Associate Editor : Jerry Bates
: Louis Rushmore
Layout Editors : Betty Burton Choate
Typestting : Gay Nichols
Computer consultant : Bardley S. Choate

**ENGLISH EDITION IN INDIA AND BRAILLE EDITION:**
**Managing Editors:**
Philemon Rajah & Kingsly Rajah

**TELUGU EDITION:**
**Managing Editor, Translator:**
Joshua Gootam

**TAMIL EDITION:**
**Managing Editor, Translators:**
Benny Martin, S. Rajanayagam

**HINDI EDITION:**
**Managing Editor:**
Earnest Gill

**PAITE EDITION:**
**Managing Editor:**
Thang Lien

**SPANISH EDITION:**
**Managing Editor:**
Rafael Barrantes

**MARATHI EDITION:**
**Managing Editor:**
Amul Bansod

**NEPALI EDITION:**
**Nepal Center for Biblical Study**

**Printed and Published in Nepal by:**

**Nepal Center for Biblical Study**
Seraphat, Chapagaon,
Godawari Municipality-11,
Lalitpur, Nepal
E-Mail: ncbs2010@gmail.com

**Computer Lay-out/Printing**
**Dakshin Lalitpur Offset Press**
Chapagaon, Lalitpur
<dloffsetpress@gmail.com>
9841505969

**Publisher:**
**The Voice of Truth Nepal**
P.O.Box: 25999
Kathmandu, Nepal

Please send Nepali articles for publication to Gajendra Deshar
E-mail:
**<gajendra_deshar@yahoo.com>**
**<ncbs2010@gmail.com>**

**कृपया आफ्ना लेखहरु छन भने प्रकाशनको निम्ति माथीको इमेल र पोष्ट बक्समा पठाउनु हुन विनम्र अनुरोध गर्दछौ ।**

**THE VOICE OF TRUTH INTERNATIONAL** is published by churches of Christ as non-profit effort. Write to us at World Evangelism, P.O.Box 72, Winona, Misssissippi, 38967, USA. Phone: 662-283-1192; Email address: Choate@worldEvangelism.org.


**THE CHURCHES OF CHRIST SALUTE YOU**
(Romans 16:16)

# सम्पादकीय



## येशूको प्रार्थना

बाइबलमा सबभन्दा बढी मात्रामा प्रार्थना गर्ने व्यक्ति अरु कोही नभईकन येशू ख्रीष्ट हुनुहुन्थ्यो । उहाँको प्रार्थनामय जीवनलाई अध्ययन गरेर हामी ख्रीष्टियनहरुले उहाँबाट प्रार्थनाका धेरै पाठहरु सिक्न सक्छौं । यसमा येशूको केही प्रार्थनाका उदाहरणहरु प्रस्तुत गरेको छु: ।

(१) बप्तिस्मा लिईसक्नु भए पछि उहाँले आफ्नो पृथ्वीको सेवाकाई प्रार्थनाद्धारा शुरुवाट गर्नुभयो (लूका ३:२१-२२) । केही महत्वपूर्ण कार्य थालिनु गर्नु भन्दा अगाडी के तपाई प्रार्थना गर्नुहुन्छ ?

(२) सेवाकाईको निम्ति बाह्र प्रेरितहरुलाई नियुक्त गर्नुभन्दा अघि येशूले रातभरी प्रार्थना गर्नुभयो (लूका ६:१२-१३) । हामीले आफ्नो जीवन साथी, असल मित्रहरु, मण्डलीमा प्रचारकहरु, एल्डरहरु, डिकनहरु चुन्नु भन्दा अगाडी परमेश्वरबाट सहायताको निम्ति निरन्तर प्रार्थना गर्नु पर्छ ।

(३) आफ्नो सिकाईको विधिको निम्ति येशूले परमेश्वर पितालाई धन्यवाद दिनुभयो (मत्ती ११:२५-२६) ।

(४) येशूले भोजनको निम्ति परमेश्वर पितालाई धन्यवाद दिनुभयो (मत्ती १४:१९-२१; मर्कूस ८:८-९; लूका २४:२८-३५; १ तिमोथी ४:४-५) । के तपाईले परमेश्वरलाई भोजन दिनु भएकोमा प्रार्थनामा धन्यवाद चढाउनुहुन्छ?

(५) येशूले पाँच हजार मानिसहरुलाई खुवाउनु भएपछि प्रार्थना गर्नुभयो (मत्ती १४:२३) । के परमेश्वरले दिनुभएको आशिषको निम्ति धन्यवाद दिनुहुन्न्?

(६) येशूले यात्रामा प्रार्थना गर्नुभयो (लूका ९:१८; मत्ती १६:१३; मर्कूस ८:२७) । के हामी यात्रा गर्दा सुरक्षा, सहायता र दुष्ट परीक्षाहरुबाट बच्नको निम्ति प्रार्थना गर्छौ?

(७) प्रार्थना गरी सकेपछि उहाँको रुप परिवर्तन भएको थियो (लूका ९:२९) ।

बाइबल अध्ययन र प्रार्थनाद्धारा हाम्रो जीवनमा धेरै कुराहरुको परिवर्तन हुन्छ। हामी प्रार्थनामा उहाँसँग बोल्छौ (रोमी १२:२), उहाँले हामीलाई शान्ति दिनुहुन्छ (१ पत्रुस ५:७) । हाम्रो मनलाई नविकरण गर्नुहुन्छ। प्रार्थनाबाट हामीलाई मार्गदर्शन दिनुहुन्छ।

(८) येशूले साना बालकहरुको निम्ति प्रार्थना गर्नुभयो (मत्ती १९:१३; १०:१६) । परिवारले आफ्ना बालबच्चाहरु र अरुहरुको निम्ति प्रार्थना गर्नु पर्छ । बालबच्चाहरुको निम्ति उदाहरण हुनुपर्छ।

(९) येशूले लाजरसलाई मृत्युबाट उठाउनुभन्दा अघि प्रार्थना गर्नुभयो ( यूहन्ना ११:४१-४४) ।

(१०) येशूले प्रभुभोजको समयमा प्रार्थना गर्नुभयो (मत्ती २६:२६-२८) ।

(११) येशूले आफ्ना प्रेरितहरुको निम्ति प्रार्थना गर्नुभयो (यूहन्ना १७:१५-१८) । हामीले हाम्रा संगी खीष्टमा दाजुभाई, दिदी बहिनी, मण्डलीका अगुवाहरु, एल्डरहरु, डिकनहरु, प्रचारकहरुको निम्ति प्रार्थना गर्नुपर्छ।

(१२) उहाँले हाम्रो निम्ति प्रार्थना गर्नुभयो (यूहन्ना १७:२०-२१) । परमेश्वर पिता र येशूमा एक भएको होस भनी उहाँ चाहनुहुन्छ।

(१३) येशूले आफ्नो मृत्युको निम्ति प्रार्थना गर्नुभयो (यूहन्ना १२:२७-२८; लूका २२:४१-४४; मत्ती २६:५१-५४) । सबै कुरामा परमेश्वरको इच्छा होस् भनेर हामीले परमेश्वरमा प्रार्थना गर्नुपर्छ (याकूब ४:१५; प्रेरित १८:२१; १ यूहन्ना ५:१४) ।

(१४) येशूले क्रुसमा आफ्ना शत्रुहरुको निम्ति क्षमाको लागि प्रार्थना गर्नु भयो ( लूका २३:३३-३४; मत्ती ५:४४; ६:१२-१५) । के हामीलाई खराब गर्नेहरुको निम्ति हामी प्रार्थना गर्छौं?

(१५) क्रसको आफ्नो पिडामा उहाँले प्रार्थना गर्नुभयो (मत्ती २७:४६; यशैया ५ ९:२; १ पत्रुस २:२१-२४) ।

**निरन्तर प्रार्थना गरिरहो (१ थेसलोनिकी ५:१७)**

# विषय सूची

(१) परमप्रभुको दुत ........................................................ १
(२) हाम्रा पिता जो स्वर्गमा हुनुहुन्छ ......................................७
(३) वास्तविकता वा छाँया मात्र ............................................ ९
(४) सुसमाचार शक्ति हो ...................................................११
(५) पदको खोजी ...........................................................१३
(६) सम्बन्ध ..................................................................१५
(७) एल्डरहरूका योग्यताहरू................................................ १७
(८) आउनुहोस् उठौं र निमाण गरौं ........................................१९
(९) पाँचवटा पापहरू जसले स्थानीय मण्डलीलाई हानी पुऱ्याउछ् ..............२१
(१०) स्वीकार गर्नु आत्माको निम्ति उत्तम हो................................२५
(११) स्वर्गजान अवरोध हुने सजिला कारणहरू................................ २७
(१२) महत्वपूर्ण पदहरूको दूत टिप्पणी ........................................३०
(१३) मृत्युसम्मै विश्वासी ....................................................३१
(१४) हामीले मोशाको व्यवस्थाका आज्ञाहरू पालान गर्ने
कि ख्रीष्टका व्यवस्थाको आज्ञाहरू ?.......................................३२
(१५) ख्रीष्टले कतिवटा मण्डली स्थापना गर्नुभयो? .............................३५
(१६) नयाँ करार- हाम्रो एकमात्र मार्गदर्शन .................................. ३७
(१७) आवश्यक छैन ......................................................... ३९
(१८) पाँच मिनेट बाइबल अध्ययन...........................................४१
(१९) येशूको प्रचार ..........................................................४२
(२०) पश्चाताप र स्वीकार ...................................................४४
(२१) हामीले परमप्रभु परमेश्वरलाई चिन्नुपर्छ ..................................४५
(२२) मेरा दाजुभाइरूमा मेरो कस्तो प्रभाव पर्छन्?................................४६
(२३) के तपाईंले पवित्र आत्माको कुरालाई सुनिरहनु भएको छ? ............. ४७
(२४) परमेश्वर अन्यायी हुनुहुन्न..............................................४८
(२५) परमेश्नरले केही प्रतिज्ञा गर्नुहुन्छ भने उहाँले
त्यसलाई पुरा गर्नु हुन्छ ....................................................५०
(२६) मैले प्रचार गरेको सुसमाचार ...........................................५२

(२७) पहिलेकै पुरानो भजन ....................................................५४
(२८) तपाईं कसरी नाप्नुहुन्छ?...................................................५५
(२९) मृत्युमा विजय ..............................................................५६
(३०) हामी विश्वास गर्छौ कि बाइबल परमेश्वरद्वारा
अभिप्रेरित भएको बचन हो ।..............................................५७
(३१) उद्धार पाउनको निम्ति मैले के गर्नुपर्छ ?..................................५९
(३२) कष्ट भएता पनि.............................................................६०
(३३) परमेश्वर सक्नुहुन्छ .........................................................६१
(३४) के हामी सबैले एकनाश बाइबल नबुझ्दा
परमेश्वरलाई दोषी ठहराउने ?.............................................६४
(३५) येशू परमेश्वर हुनुहुन्छ ......................................................६५
(३६) अरू कुनै शिक्षा छैन.........................................................६६
(३७) नामानको गल्ती ............................................................ ६७
(३८) परमेश्वरको राज्य, परमेश्वर र येशू ख्रीष्टमा
चिन्तित हुनुपर्ने कुराहरू ..................................................... ७०
(३९) येशू ख्रीष्टको बलिदान........................................................ ७२
(४०) पवित्र धर्मशास्त्रको मूल्य ..................................................... ७४
(४१) अर्थपूर्ण आराधना ............................................................. ७५
(४२) मूल्य गणना गर्नु .............................................................. ७६
(४३) कुसले आकार दिएको जीवन जीउने..........................................७७
(४४) उत्पतिको पुस्तकबाट स्वादिलो शिकार..................................... ७८
(४५) आधारभूत कुरामा फर्कंदैः आमाबाबुका लागि केही सुझावहरू .......७९
(४६) चेला के हो? .................................................................८०
(४७) घर आऊ .......................................................................८१
(४८) असल सामरीको नियम.......................................................८२
(४९) सन्तुलन .......................................................................८३
(५०) कठोर सत्यताको सामना.....................................................८४
(५१) २ तिमोथी २:१५ ............................................................८५
(५२) बिनम्र होओ ................................................................... ८७

# परमप्रभुको दुत



सिङ्गो बाइबलको एउटा आकषर्ण र चाखलाग्दो चरित्र परमप्रभुको दुत हो । शायद बाइबलको अरु चरित्रहरुको बारेमा उनको जतिको थोरै मात्र थाहा होला । यो परमप्रभुको दुत को हो? हाम्रो अध्ययनको विषय यही प्रश्नको जवाफ हुनेछ ।

## स्वर्गदूतको स्वभाव

स्वर्गदूतबारे सही तरीकाले बुझ्नको निम्ति हामीले स्वर्गदूतको चरित्रलाई सामान्यरुपमा दोह्र्याउनु आवश्यक हुन्छ । स्वर्गदूतहरु सृष्टि गरिएका प्राणीहरु हुन । तिनीहरुलाई ख्रीष्टद्धारा प्राचीन समयमा बनाइनु भयो (कलस्सी १ :१६,१७) । सृष्टि गरिएका प्राणीहरु भएको हुनाले स्वर्गदूतहरु स्वभावैले ईश्वरहरु होइनन् । तिनीहरु सर्वशक्तिमान, सर्वज्ञानी र सर्वव्यापी होइनन् । स्वर्गदूतहरु पवित्र छन्, तर तिनीहरुले पाप गर्न सक्छन् (२ पत्रुस २:४) । तिनीहरुको नामको अर्थ लाग्छ कि तिनीहरु परमेश्वरका सन्देश बाहक हुन् । मानिसहरुलाई कहिल्यै पनि स्वर्गदूतहरुलाई सेवाआराधना गर्न अनुमति दिएको छैनन्, परमेश्वर लाई मात्र सही तरिकाले आराधना गर्नुपर्छ (प्रकाश २२:८,९) ।

## परमप्रभुका दूतहरुको क्रियाकलापहरु

पुरानो करारमा हामीले कम्तीमा पनि २३ वटा पदहरु पढ्न पाउँछौ,

जहाँ परमेश्वरका मानिसहरुको निम्ति यी दूतहरुले कार्य गरेका थिए । परमप्रभुका दूत हागार कहाँ देखा पर्नुभयो, जो साराकी नोकनी थिई । उनी त्यतिबेला उजाड स्थानमा भौतारिरहेकी थिइन । उनले त्यसलाई छोरा र प्रशस्त सम्पति हुनेछन् भनी प्रतिज्ञा गर्नुभयो । *"हागारले आफूसित बात गर्नुहुने परमप्रभुलाई यस्तो नाउँ दिई, मलाई देख्नुहुने पमरेश्वर तपाई हुनुहुन्छ..."* ( उत्पति १६:७-१४) ।

परमप्रभु अब्राहामकहाँ मम्रेमा देखा पर्नुभयो (उत्पति १८:१,२) । *"तिनले आँखा उठाएर हेरे, र आफ्नो सामु तीन जना मानिसहरु उभिरहेका देखे ...।"* उनले आफ्ना तीन जना पाहुनाहरु  लाई खाना खुवाए । तिनीहरुमध्ये एकजनाले प्रतिज्ञा गरे कि साराले एक वर्ष भित्रमा छोरा जन्माउनेछे (१८:१०) । जव त्यो विचारमा सारा हाँसिन उनले दावा गरे कि परमप्रभुको निम्ति कुनै कुरो कठिन छैन (१८:१४) ।

उनले अब्राहामलाई भन्यो कि उनी सदोमको अवस्था पत्ता लगाउनको निम्ति तल आएको हो । अब्राहामले देख्यो कि उहाँ सारा संसारका न्यायकर्त्ता हुनुहुन्थ्यो (१८:२५) । अब्राहामले सदोमको बारेमा आफ्नो प्रतिज्ञा सुर क्षित राखेपछि परमप्रभु गइहाल्नुभयो (१८:३२) । त्यसपछि हामी पढ्न पाउँछौ कि *"परमप्रभु परमेश्वरले सदोम र गमोरामाथि आकाशबाट आगो र गन्धक बर्साउनुभयो..."* (१९:२४) । यहाँ याद गर्नुहोस् उहाँ साधारण मानिस भएर देखा पर्नुभयो, यर्थाथमा उहाँ परमप्रभु हुनुहुन्थ्यो जो त्यो दिन अब्राहामसित भेट गर्न आउनुभयो ।

उत्पति २२:९-१८ मा अब्राहामले इसहाकलाई बलिदान गर्न लगेको अभिलेख पढ्न पाउँछौ । जव पिताले आफ्नो पुत्रको बलिदानको निम्ति छुरी उठाए *"तर परमप्रभुका एउटा दूतले स्वर्गबाट तिनलाई बोलाए ।"* जव अब्राहामले परमप्रभुले जुटाइदिनुभएको भेडा देख्यो, त्यस ठाँउलाई उनले " परमप्रभुले जुटाइदिनु हुन्छ" भन्ने राखे (२२:१४) । परमप्रभुका दूतले दोस्रो पल्ट अब्राहामलाई कराएर भने... *"परमप्रभु भन्नुहुन्छ मैले आफ्नो नाउँमा शपथ खाएको छु..."* (२२:१६) । उहाँले त्यसपछि मसिहको प्रतिज्ञाको करारलाई नविकरण गर्नुभयो ।

उत्पति २८:१०-१७ ले बेथेलमा याकूवको सपनाबारे भन्दछन । उनले एउटा जमिनमा खडा गरेको भऱ्याङ्ग देख्छ र त्यसको टुप्पाचाहि आकाशसम्मै पुगेको रहेछ । *"परमेश्वरका दूतहरु त्यसमा उक्लने र ओर्लने गर्दारहेछन् र पर मप्रभु त्यसमाथि उभिनुभयो...."* (टिप्पणीले भन्दछ कि परमप्रभु उनको साथमा उभिनुभएको थियो) । मोशाले हामीलाई उत्पति ३१:११-१३ मा परमप्रभुका दुत बेथेलका परमेश्वर हुनुहुन्थ्यो जसलाई याकूबले देखेका थिए । जव याकूब आफ्नो जन्मभूमिमा फर्किरहेको थियो, ऊ रातभरी एक जना मानिससित कुश्ती खेल्यो । त्यस मानिसले भन्यो, *"अब उप्रान्त तिम्रो नाउँ याकूब होइन् तर इस्रायल हुनेछ, किनभने तिमीले परमेश्वरसँग लडन्त गऱ्यो...याकूवले त्यस*

*ठाँउको नाँउ पनीएल राखे, किनभने मैले परमेश्वरलाई सम्मुखै देखे"* (उत्पति ३२:२२-३०) । होशेले पछि याकूबको बारे लेख्यो, *"गर्भमा तिनले आफ्नो दाज्युको कुर्कुच्चो पक्रे, जवान भएपछि तिनीसित परमेश्वरको शक्ति थियो, तिनले स्वर्गदूतसित लडन्त गरेर जिते.... सर्वशक्तिमान परमप्रभु परमेश्वरसँगै... "* (होशे १२:३-५) । आफ्नो मृत्युको शैयाबाट याकूबले परमेश्वरको नाँउद्धारा आफ्ना छोराहरुलाई आशीर्वाद दिनुभयो, ती स्वर्गदूत जसले सबै खराबीबाट जोगाउनु भयो (उत्पति ४८:१५,१६) ।

जव मोशाले जलिरहेको प्रोथा देख्यो, *"त्यो ज्वालामा परमप्रभुका दूत तिनीकहाँ प्रकट हुनुभयो,... जव हेर्नलाई तिनी त्यतातिर लागेका परमप्रभुले देख्नुभयो, तव परमेश्वरले प्रोथाको बीचबाट तिनलाई बोलाउनुभयो... र परमेश्वरले भन्नुभयो, नजिक नआइज । तेरो खुट्टाबाट जुत्ता फुकाल, किनभने तँ उभिएको यो ठाँउ पवित्र भुमि हो" जव मोशाले उहाँको नाँउ के हो भनी सोध्यो, उहाँले तिनलाई यसो भन्नुभयो "म हुँ जो म हुँ जो तिमीसित बोल्यो"* (प्रस्थान ३:२-१४) ।

जव तिनीहरु मिश्र देशबाट प्रस्थान गर्न लागे इस्रायलका सैनिकहरुका अघिअघि हिडने परमेश्वरका दूत थिए (प्रस्थान १४:१९,२०) । प्रस्थान १३:२१ मा हामीलाई बताएको छ कि उहाँ परमप्रभु हुनुहन्थ्यो जो तिनीहरुको अघिअघि बादल र आगोको खाँबो भएर जानुभयो । आफ्नो दूतबारे परमप्रभुले इस्रायलीहरु लाई चेतावनी दिनुभयो, *"हेर बाटोमा तिमीहरुलाई रक्षा गर्नलाई र मैले तयार पारेको ठाँउमा तिमीहरुलाई पुर्‍याउनलाई म एउटा दूत तिमीहरुका अघिअघि पठाउनेछु । ध्यान दिएर तिनको कुरा सुन । तिनको विरुद्धमा नउठ, किनभने तिनले तिमीहरुको अपराध क्षमा गर्नेछैनन्, किनकि तिनैमा मेरो नाँउ छ"* ( प्रस्थान २३:२०-२३) । याद गर्नुहोस् तिनीहरुले दूतहरुको आज्ञा पालन गर्नुपथ्र्यो र त्यसरी उहाँले तिनीहरुको पाप क्षमा गर्नुहुन्थ्यो ।

सुनको बाछाको घटनामा परमेश्वरले यो विशेष दूतलाई बोलाउनु भयो र साधारण दूतलाई पठाउने निर्णय गर्नुभयो । यसले मानिसहरु, मोशालाई भयभित र चिन्तित बनाए । मोशाले निरन्तररुपमा परमेश्वरसँग पुनविचार गर्न पुकारा गरिरहे । तिनीहरुको पश्चातापमा फेरी एकपल्ट परमेश्वरले तिनीहरुलाई अगुवाई गर्ने आफ्ना दूतलाई पठाउनु भयो (प्रस्थान ३३:१-३, १२-६) । यशैया अगमवक्ताले टिप्पणी दिन्छन कि यो उहाँको उपस्थितिको दूतले तिनीहरुलाई बचाए र अगुवाई गरे (६३:९) । जुन भनाइको शाब्दिक अर्थ *"उहाँका मुहारका दूत"* लाग्छ ।

जव यहोशूले यरीहोमा हिडाउन तयार गरे, *"उनले आफ्ना आँखा उठाएर हेरे र आफ्नो सामुन्ने हातमा नाङ्गो तरवार लिएका एक जना मानिस उभिरहेका रहेछन् । जव उनलाई सोधे त्यो मानिसले जवाफ दिए कि उनी पर मप्रभुको फौजको कप्तान हुँ... यहोशूले जमीनमा घोप्टो परेर दण्डवत गरे... र परमप्रभुका फौजका कप्तानले यहोशूलाई भने, तेरो खुट्टाबाट जुत्ता फुकाल,*

*किनकि तँ उभिएको ठाँउ पवित्र छ"* (यहोशू ५:१३-१५) । यहोशू ६:२ लाई नियालेर अध्ययन गर्दा हामी पढ्न पाउँछौ कि *"परमप्रभुले यहोशूलाई भन्नुभयो ।"* जसलाई यहोशूले दण्डवत गरको थियो, वास्तवमा उहाँ परमप्रभु हुनुहुन्थ्यो ।

न्यायकर्त्ताको पुस्तकमा तीनपल्ट यो उल्लेखनीय दूत देखापरेको बारेमा अभिलेख राख्दछ । इस्रायलीहरुको अनाज्ञाकारीतामा तिनीहरुलाई हप्काउन परमप्रभुका दूत बोकीममा देखा परे (२:१५) । इस्रायलीहरुलाई मिद्यानीहरुबाट बचाउनको निम्ति आज्ञा दिन दूत गिदोन कहाँ देखा परे । फेरी पनि यहाँ दूतलाई परमप्रभु भनियो (६:११-१४) । न्यायकर्त्ता १३ अध्यायमा मानोह र उनकी पत्नीलाई छोरा शिमशोनको प्रतिज्ञा दिनलाई उनी देखा परे । जव मानोहले उनलाई खान भोजन चढाए, परमप्रभुलाई बलिदानको रुपमा चढाउनु भनी दूतले उनलनाई आदेश दिए" (३:१६) । मानोहले तिनलाई परमप्रभुका दूत हो भनी चिनेनन् । तव मानोहले तिनलाई भने, तपाईको नाँउ के हो ? किनकि तपाईको वचन पूरा भएपछि हामी तपाईको आदर गर्न चाहन्छौ । परमप्रभुका दूतले तिनलाई भने, *"तिमी किन मेरो नाँउ सोध्ने आँट गर्छौ ? यो नाँउ समझदेखि बाहिर छ "* (१३:१६-१८) । जव होमबलि चढाए, *"परमप्रभुको दूत बेदीको ज्वालासँगै मास्तिर गए"* (१३:२०) ।

२ राजा १९:३३-३६ मा *"परमेश्वरले यरुशलेमका राजा हिजकिया लाई सनहेरीबका सिपाहीहरु र अश्शुरका राजाबाट बचाउने प्रतिज्ञा गर्नुभयो । परमप्रभुका स्वर्गदूतले अश्शुरको छाउनीमा एक लाख पचासी हजार मानिसहरु लाई मारे......।"*

जव दाऊदले इस्रायली सेनाहरुको गणना गरेर पाप गरे, परमेश्वरले आफ्ना दूतद्धारा राष्ट्रमा महामारी पठाउनुभयो । *"दाऊदले मास्तिर हेर्दा परमप्रभुका स्वर्गदूतलाई स्वर्ग र पृथ्वीका वीचमा आफ्नो नाङ्गो तरवार यरु शलेममाथि पसारेर उभिरहेको देखे ।"* दाऊद र अगुवाहरुले तिनीहरुलाई हेरेर घोप्टो परेर प्रार्थना गरे (१ इतिहास २१:९-३०) ।

दानिएलले इ.पू ५३३ मा परमप्रभुको दूतलाई बेबिलोनको कैदमा देखे । *"मैले माथि हेरें र मेरो अघि कम्मरमा अति राम्रो सुनको पेटी बाँधी सुतीको लुगा लगाएका एउटा मानिसलाई देखें । तिनको शरीर पीतमणिजस्तै चहकिलो थियो, तिनको अनुहार विजुली झै चम्कन्थ्यो, तिनका आँखा राँको झै बलिरहेका थिए । तिनका हात र खुट्टाहरु टल्काइएको काँसोजस्तै र तिनको स्वर ठुलो भीडको स्वरझै थिए"* (दानिएल १०:५-१४) ।

## परमप्रभुको दूतबारेको तथ्यहरुको निश्कर्ष

परमप्रभुको दूत भन्ने शब्दबाट शुरु भएका अनुच्छेदहरु हामीले हेऱ्यौ । तिनीहरुको बिषय सामान्यतया परमप्रभु, परमेश्वरको नाँउमा अदलबदल भएको प्रस्थान ३:२-६ मा हेऱ्यौ । परमेश्वरको शक्ति र अधिकारको दावा दूतले गर्छन् ।

परमेश्वरसँग पाप क्षमा गर्न सक्ने शक्ति छन् (प्रस्थान २३:४) । उहाँसंग न्याय गर्ने, उद्धार गर्ने र नष्ट गर्ने शक्ति छन् (१ इतिहास २१:१४,१५) । परमेश्वरका मानिसहरुलाई स्वर्गदूतको अगाडी दण्डवत गर्न अनुमति दिएको थियो तर हामीलाई कुनै पनि साधारण स्वर्गदूत वा सृष्टि गरिएको प्राणीहरुलाई आराधना गर्न कडाइका साथ मनाही गरेका छन् (प्रकाश २२:८,९) ।

## त्यसो भए परमप्रभुको दूत को हो ?

उहाँ निश्चय नै सृष्टि गरिएको प्राणी होइन् । उहाँ मानिस भएर देखा पर्नुभएता पनि उहाँ मानिस होइनन् । उहाँ सृष्टि गरिएको स्वर्गदूत होइन् । नता उहाँ परमेश्वर पिता हुनुहुन्छ, यूहन्नाले हामीलाई बताउँछ कि परमेश्वर लाई कसैले कहिल्यै देखेका छैनन् (यूहन्ना १:१८) । याद गर्नुहोस् दूतले अरु कसै लाई होइन आफैलाई सेवा गर्न आज्ञा गरेको थियो (न्यायकर्त्ता १३:१५) ।

तल दिएको निरिक्षणले स्थापना गर्नेछन कि यो शक्तिशाली दूत परमेश्वरको वचन, अवतार भएको खीष्ट भन्दा कम हुनुहुन् । परमप्रभुको दूतले मोशालाई उहाँको नाम *"म हुँ जो म हुँ"* भन्नुभयो । येशूले आफैलाई म हुँ भनी दावी गर्नुभयो (यूहन्ना ८:५८) । दूतले इस्रायलीहरुलाई उजाड स्थानमा भएर डोऱ्याउनुभयो र तिनीहरुको आवश्यकता पुरा गर्नुभयो (प्रस्थान १४:९,२० ) । मोशाले भन्यो कि परमप्रभुले उनलाई चट्टानमा हिकाउन आदेश दिनुभयो ताकि मानिसहरुले उजाडस्थानमा पानी पिउन सकून । तर पावलले हामीलाई भन्दछन् कि जुन चट्टानबाट तिनीहरुले पानी पिए उहाँ खीष्ट हुनुहुन्थ्यो (१ कोरिन्थी १०:२४) ।

यहोशूको पुस्तकमा दूत राजकुमार वा परमप्रभुका फौजको अगुवा थियो (यहोशू ५:१४) । प्रकाश १९ अध्यायमा हामीले स्वर्गका सिपाहीहरु र तिनको उल्लेखनिय अगुवा देख्छौ । त्यसपछि यूहन्नाले उहाँको नाम *"परमेश्वर को वचन"* देख्छन (प्रकाश १९:११-१६) । सु-समाचारको पुस्तकमा यूहन्नाले परमेश्वरको वचनलाई पिताबाट जन्मिएको हो, जो येशू खीष्ट देहधारी हुनुभयो भनी भन्दछ (यूहन्ना १:१-४,१४) ।

दूतले मानोहलाई भन्यो कि उहाँको नाँउ उच्चतमको थियो ( न्यायकर्त्ता १३:१६-१८) । यशैयाले आफ्नो प्रख्यात मसीहको भविष्यवाणीमा भन्यो, *"उहाँको नाउँ अच्चमका कहलाउनु हुनेछ"* (यशैया ९:६) ।

यशैयाले उहाँलाई *"परमेश्वरको उपस्थितिको दूत"* भनी बोलाउँछ । जसको अर्थ "उहाँको अनुहारको लाग्छ (६३:९) । हिब्रू लेखक भन्दछ कि खीष्ट परमेश्वरकै स्वभावको वास्तविक प्रतिरुप हुनुहुन्छ" (१:३) । ईडवार्ड योङ्ग भन्दछ, *"उहाँको अनुहारको स्वर्गदूत त्यो स्वर्गदूत हो जसको अनुहार आफ्नै अनुहार अनुसार हो वा जसमा उहाँको अनुहार अनुसार स्पष्टरुपले बनाइयो"* (यशैयाको पुस्तक खण्ड ३, पेज ४८२) ।

याकूवले देखेको भऱ्याङ्ग पृथ्वीदेखि स्वर्गसम्म पुगेको थियो र दूतहरु तलमाथि आँउदै जाँदै गरिरहेका थिए र परमप्रभु त्यसको नजिकै उभिरहनुभएको थियो (उत्पति २८:१३) । येशूले आफैलाई भऱ्याङ्ग भनी दावा गर्नुहुन्छ (यूहन्ना १:५१) ।

परमप्रभुको दूतलाई आराधना गर्न सक्छन् (यहोशू ५:४) । न ता मानिस न सृष्टि गरिएका स्वर्गदूतको सेवा आराधना स्वीकार योग्य हुन्छन् (प्रेरित १०:२५,२६; प्रकाश २२:८,९), तर येशूले सामान्यतया मानिसको सेवा आराधना स्वीकार गर्नुभयो (मत्ती २८:१७) ।

दूतलाई बारम्बार परमप्रभु भनियो, येशूलाई पनि परमप्रभु भनियो । यशैयाले पक्का गरी भन्दछन कि म नै परमप्रभु हुँ र म बाहेक अरु कोही मुक्तिदाता छैन् (४३:११), तर येशू नै हाम्रो महान परमेश्वर र मुक्तिदाता भनी पावल व्याख्या गर्दछन् (तीतस २:१३) । यसकारण येशू परमप्रभु हुनुहुन्छ । हामी भन्दैनौ कि येशू पिता हुनुहुन्छ । हामी सामान्यतया यो तथ्यलाई पहिचान गर्छौ कि प्रेरित लेखकहरुले ब्याख्या गरे अनुसार परमप्रभुलाई वर्णनात्मक संज्ञा पवित्र ईश्वरत्वमा हुनु भएका तीनजनालाई प्रयोग गरेको छ जो अनन्त र आफैमा अस्तित्व हुनुहुन्छ । यो पिता, पुत्र र पवित्र आत्मामा सत्य छन् ।

दानिएलले दूतलाई आफ्नै राजाको महिमामा देखे (१०:५,६) । प्रेरित यूहन्नाले पतमोसमा त्यही महिमा देख्यो । उनले देख्यो *"मानिसको पुत्र जस्तै पाउसम्मै पोशाक लाउनुभएको र छातीमा सुनौला चौडा, फिता लाउनुभएको एक जनालाई मैले देखें । उहाँका शीर र केश ऊनजस्तो सेता र हिऊँजस्तै सेता र उहाँका आँखा आगोका ज्वालाजस्तै थिए, र उहाँको सोरचाहिँ उर्लिँदो पानीहरुको आवाजजस्तै थियो...उहाँको मुहारचाहिँ पुरा तेजमा चम्केको सूर्यजस्तै थियो ।"* जसलाई यूहन्नाले देख्यो उहाँ परमेश्वरको पुत्र हुनुहुन्थ्यो उहाँलाई क्रुसमा टाँगियो अनि पुनरुत्थान हुनुभयो (प्रकाश १:१२-१८) ।

परमप्रभुको दूत देखापर्नुलाई प्राचीन समयमा थियोफेनिस भनियो (उदाहरणको निम्ति जव परमेश्वर स्वर्गदूत वा मानिसको रुपमा देखेर बोल्नु, दृश्य क्रियाकलाप गर्नु र मानिसको कुरा सुन्नु, केही प्रकाश देखाउनु वा मार्गदर्शन दिनु हुन्छ ।)

यी धेरै पदखण्डहरुले प्रर्दशन गर्छन् कि हाम्रा प्रभु अनन्तता देखि नै पितासँग अस्तित्वमा हुनुहुन्छ, जसरी यूहन्नाले येशूको जीवनमा पक्का गरिसकेको थियो (यूहन्ना १:१-३) । तिनीहरुले हामीहरुलाई मरियमको पुत्र येशू भन्दा अघि मुक्तिदाताका क्रियाकलापहरु परमेश्वर र मानिसविच मध्यस्थकर्त्ताको रुपमा बताएका छन् । जव मानव जातिले मार्गदर्शनको निम्ति अन्धकारमा छामिरहँदा उहाँले ती लामो वर्षहरुमा छुटकारा दिन कसरी काम गर्नुभयो भनी तिनीहरुले प्रकट गर्दछन् । यी पदहरुको ज्योतिमा आउनुहोस् मसीहको सम्मान र प्रशंसा जसले प्राचीन सयममा मानिसहरुलाई परमप्रभुको शक्तिशाली दूत र अहिले नासरतको येशू भएर आशिष दिनुभयो ।

# हाम्रा पिता जो स्वर्गमा हुनुहुन्छ ।

प्रार्थनाको नमूना दिँदा येशूले भन्नुभयो, *"तर तिमीहरु चाहिँ यस किसिमले प्रार्थना गरः हाम्रा पिता जो स्वर्गमा हुनुहुन्छ, तपाईको नाउँ पवित्र होस्"* (मत्ती ६:३) । परमेश्वरलाई येशू ख्रीष्टले कम्तीमा पनि १६० पटक पिता भन्नु भएको छ - हाम्रा स्वर्गमा हुनुहुने पिता ।

## परमेश्वरसँग पिताको हृदय छ ।

*"जसरी बाबुले आफ्ना छोराछोरीलाई टिठ्याउँछन्, त्यसरी नै उहाँका भय मान्नेहरुलाई परमप्रभुले टिठ्याउनुहुन्छ"* (भजन संग्रह १०३:१३) । परमेश्वरले आफ्ना सन्तहरुलाई टिठ्याउनुहुन्छ र संसारको बुबाले गर्न सक्ने भन्दा बढी गर्नुहुन्छ ।

## परमेश्वरसँग पिताको घर छ ।

*"मेरा पिताको घरमा बस्ने ठाँउहरु धेरै छन् । त्यसो नभए, के म तिमीहरुलाई भन्ने थिँए र, कि तिमीहरुका निम्ति ठाँउ तयार पार्न म गइरहेछु ?"* (यूहन्ना १४:२) । ख्रीष्टियानहरुको निम्ति पिताको घरमा स्थायी ठाँउहरु छन् । पिताको घरमा आशिषहरु पर्खिरहेका छन् जुन हाम्रो क्षमताले भ्याउन सक्दैनन्, तर विश्वासको दृष्टिद्धारा भएर ती हामी देख्छौ ।

## परमेश्वरसँग पिताको प्रेम छ ।

*"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्"* (

यूहन्ना ३:१६) । पापी मानिसहरुको निम्ति परमेश्वरको प्रेमले गर्दा महान वरदान प्राप्त भयो जसमा हाम्रो पापको निम्ति परमेश्वरको पुत्र बलिदान हुनुभयो । परमेश्वरको प्रेमले हाम्रो जीवनका प्रत्येक चालहरुलाई छुन्छन् । उहाँको प्रेम यहि हो कि हाम्रा पिता स्वर्गमा हुनुहुन्छ ।

## परमेश्वरसँग पिताको दया छ ।

*"हेर धैर्य धारण गर्नेहरुलाई हामी धन्यका भन्छौं । तिमीहरुले अययुबको स्थिरताको विषयमा सुनेका छौ र प्रभुको अभिप्राय देखेका छौ, कि प्रभु कस्तो करुणामय र कृपालु हुनुहुन्छ"* (याकूब ५:११) । परमेश्वरलाई पूर्णरुपमा करुणामय र कृपालुको रुपको चित्रण गरेको छ । *"हाम्रा परमेश्वरका कोमल कृपाको कारणले, स्वर्गबाट बिहानको ज्योति हामीमाथि पर्नेछ"* (लूका १:७८) ।

किनभने परमेश्वर पिता हुनुहुन्छ र मानवजातिको निम्ति उहाँको प्रेम महान छन् । उहाँले ख्रीष्टको मृत्युद्धारा पाप क्षमा उपलब्ध गराउनु भएको छ । *"उहाँको अपार अनुग्रह अनुसार ख्रीष्टको रगतद्धारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा पाउँछौं"* (एफिसी १:७) ।

यदि तपाई नम्र आज्ञाकारी भएर उहाँको सन्तान हुनुहुन्छ भने परमेश्वर तपाईको पिता हुनुहुन्छ (हिब्रू ५:८-९; मर्कूस १६:१६) । परमेश्वरसँग पिताको हृदय छ, पिताको घर छ, पिताको प्रेम छ, पिताको दया छ । के तपाईले सत्यतापूर्ण भन्न सक्नुहुन्छ, *"हाम्रा स्वर्गमा हुनुहुने पिता ।"*

# वास्तविकता वा छाँया मात्र



*"किनभने व्यवस्था अब आउने उत्तम कुराहरुको खास रुप होइन् तर तिनको छाँया मात्र हो । यसकारण सालिन्दै नित्य चढाइने त्यही किसिमका बलिहरुद्धारा नजिक आउने हरु लाई त्यसले सिद्ध पार्न सक्दैनन् । नत्रता बलि चढाउने काम रोक्ने थिएन र? किनकि आराधकहरु एक खेपमा शुद्ध पारिने भए तिनीहरुमा त्यसपछि पापको चेतना हुनेथिएन् । तर ती बलिदानहरुले सालिन्दा पापको सम्झना गराउँछन् । किनकि साँढे र बोकाहरु को रगतले पाप हरण गर्न असम्भव छ"* (हिब्रू १०:१-४) ।

खीष्टको आगमनसित पुरानो करारको इतिहासका उद्देश्य र व्यवस्था पुरा भयो । व्यवस्थाले कुनै पनि सिद्ध बनाएनन् । *"तर विश्वास आउन अघि हामी व्यवस्थाको वशमा थियौं र विश्वास प्रकट नभएसम्म हामी थुनिएका थियौ । विश्वासद्धारा हामी धर्मी ठहरिन सकौ भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई खीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो । तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा छैनौ"* (गलाती ३:११,२३-२५) । त्यस्तै गरी हिब्रू ७:१८-२२; ८:५-१३; प्रेरित १३:३८,३९ पढ्नुहोस् ।

मानव छुटकाराको निम्ति पुरानो करार परमेश्वरको अन्तिम सन्देश थिएनन् । यसले हामीलाई उद्धारकर्त्ता आउँदै हुनुहुन्छ भन्ने कुरा देखाउँछ । यसकारण पुरानो करारको जस्तै नभएर नयाँ करारको समय लाई भविष्यवाणीको रुपमा घोषणा गर्दछन् । यसमा उत्तम आउने कुराको छाँया थियो र मानिसहरुलाई मिलापसम्म दोहऱ्याउने अन्तिम वचन थिएनन् । त्यो यर्थाथ येशूसँग भएर आयो ।

## नयाँ करार

*परमप्रभु भन्नुहुन्छ, "ती दिन आउनेछन, जब इस्रायलको घरानासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु । तिनीहरुका पुर्खाहरुसँग मैले बाँधेको करारजस्तै यो हुनेछैन, जब मैले तिनीहरुलाई हातमा समातेर मिश्रदे शबाट डोऱ्याएर ल्याएको थिएँ ।" परमप्रभु भन्नुहुन्छ, "तिनीहरुले मेरो करार भङ्ग गरे, यद्यपि म तिनीहरुका पिता थिएँ ।" परमप्रभु भन्नुहुन्छ, ती दिनपछि म इस्रायलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरुका मनमा मेरो व्यवस्था र ाखिदिनेछु, र तिनीहरुका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरुका परमेश्वर हुने*

*छु, र तिनीहरु मेरा प्रजा हुनेछन् । 'परमप्रभु लाई चिन' भनेर अब उसो कुनै मानिसले आफ्नो छिमेकीलाई वा आफ्ना दाज्यु-भाइलाई सिकाउने छैन ।*

*किनकि सानादेखि लिएर ठूलासम्म तिनीहरु सबैले मलाई चिन्नेछन्," परमप्रभु भन्नुहुन्छ । "किनकि तिनीहरुका अपराधहरु म क्षमा गर्नेछु, र म तिनीहरुका पाप फेरी कहिल्यै सम्झनेछैनँ"* (यर्मिया ३१:१३-३४) ।

**परमेश्वरको पूर्ण प्रकाश ख्रीष्ट हुनुहुन्छ ।**

*"प्राचीन कालमा हाम्रा पितापुर्खाहरुसँग अगमवक्ताहरुद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो । तर यी आखिरी दिनहरुमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ । पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो"* (हिब्रू १:१-२) ।


नयाँ करारले हामीलाई स्पष्ट बताउँछन् कि पुरानो कराकका अर्ती र अभ्यासहरु ख्रीष्टमा मात्र उपलब्ध हुने आत्मिकी कुराहरुका छाँया थिए । व्यवस्था आफै खानपिनको नियम, पवित्र दिनहरुको बारेमा, पुरानो करारका पवित्रता पूजाहारीहरु, आराधनाका आज्ञाहरु र अरु धेरै मसिहद्धारा प्रतिस्थापन गर्ने छाँया मात्र हुन् । उहाँले पशुहरुको छाप नलगाइकन आफ्नै रगतको छाप लगाएर नयाँ करार ल्याउनु हुनेछ ।

*"यसकारण खान र पिउनमा, वा पर्वको दिन, वा औसी वा शबाथ-दिन मान्ने विषयमा कुनै मानिसले तिमीहरुलाई दोष नदिओस् । यीचाहिँ आउने कुराका छाँया मात्र हुन्, तर वास्तविकचाहि ख्रीष्टमा हुन्छ"* (कलस्सी २:९-२०) । त्यस्तै गरी हिब्रू ८:१-१३; ९:६-११; गलाती १:६-९; ५:१-६; प्रेरित २:४१-४२; १ पत्रुस १:१८,१९; १ यूहन्ना १:७ ।

ख्रीष्टको सन्देशलाई इन्कार गर्नु र पुरानो करारको छाँया लाई पुन सम्झना गर्नु अनुग्रहबाट तल खस्नु हो । येशूको साँचो अनुयायीहरुले पुरानो करारको छाँयालाई जे कुरा ख्रीष्टका प्रेरितहरुले सिकाएका र नयाँ करार का मण्डलीले अभ्यास गरेका साँचो आराधनाका अभ्यासहरुसित प्रतिस्थापित गर्न सक्दैनन् । ख्रीष्टको प्रेरणाप्राप्त सुसमाचार बाहेक अरु कुनै पनि कुराहरुको अभ्यासले आज ठीक हो भन्न सक्दैनौ ।

**वास्तविकताको निम्ति कसले छाँया प्रतिस्थापित गर्न सक्छन्?**

# सुसमाचार शक्ति हो ।




पावल लेख्दछन्, *"सुसमाचारसँग म शर्माउँदिन । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो"* (रोमी १:१६) । कल्पना गर्नुहोस् त्यस्तो कुन शक्तिशाली चिज होला जसले अहिलेसम्म गरेका सबै पापहरुलाई हटाइदिन सक्छ । (सबै पाप हट्ने छैनन, तर पाप हट्न सक्छन् ।)

प्रयोग नगरिएको शक्तिको कुनै मूल्य हुँदैन् । सुसमाचारको लाभलाई प्रभावकारी हुन दिन आत्मसाथ गर्नै पर्छ ।

यो के शक्ति हो, जुन निकै महान छन्? यो *"सुसमाचार"* हो । सही हो, तर सुसमाचार के हो ? धेरै पल्ट नयाँ करारमा सुसमाचार शब्द लाई प्रेरितहरुले प्रचार गरेको सन्देशलाई बुझाउँछ । वास्तवमा येशूले भन्नुभयो, *"सारा संसारमा गएर सारा जातीलाई सुसमाचार प्रचार गर"* (

मर्कूस १६:१५) । शब्दको शाब्दिक अर्थ *"असल सन्देश"* हो । ख्रीष्टको सुसमाचार साँच्चै नै असल सन्देश हो ।

सुसमाचार असल खबरको सन्देश हो । सुसमाचार बताउनुमा शक्ति हुँदैनन् । सुसमाचार आफैमा बचाउने शक्ति छ । ख्रीष्टको मृत्यु, गडाई र पुनरुत्थान नै सुसमाचारको केन्द्र बिन्दु हो (१ कोरिन्थी १५:१-४) । निश्चय नै हामीले सुसमाचार नबताएसम्म मानिसहरुलाई सुसमाचार बारे थाहा हुँदैनन् । येशूले भन्नुभयो, *"मानिसहरुले बत्ती बालेर पाथीले त छोप्दैनन, तर सामदानमा राख्दछन्..."* (मत्ती ५:१५) । बत्तीलाई कोठामा उज्यालो हुने ठाँउमा राख्छन् । हामीले सुसमाचार लुकाउन सक्दैनौ । त्यसलाई बताउनै पर्छ ।

कसैकसैले वचनमा भएको शक्तिलाई छुट गर्न खोज्छन् र यस लाई "मृत शब्द" भन्दछन् । हिब्रू लेखक भन्दछन, *"परमेश्वरको वचन जिवित र शक्तिशाली छ"* (हिब्रू ४:१२) । परमेश्वरको वचन शक्तिशाली छ किनभने यसले हामीलाई शक्तिसँग मिलाइदिन्छ ।

विद्युत लाइनले शक्ति उत्पादन गर्दैनन्, तर तिनीहरुले हामीलाई सौर्य शक्तिमा जोडिन्छन् । तिनीहरु विना संसार का सौर्य शक्तिहरुले हाम्रा घरहरुमा उज्यालो कहिल्यै पनि दिदैनन् र हाम्रा विद्युतिय सामानहरु चल्दैनन् । विद्युत लाइनमा पनि यदि हामीले स्वीच हालेनौ भने हामीसँग अझै पनि शक्ति हुँदैनन् ।

परमेश्वरले शक्तिमात्र उपलब्ध गराइदिनु भएको छैन् । त्यस लाई कसरी उपयोग गर्ने भनी उहाँले हामीलाई बताउनु भएको छ । रोमी ५ अध्यायले हामीलाई भन्दछन् कि उहाँको अनुग्रहमा पुग्ने हाम्रो माध्यम हाम्रै विश्वास हो । हिब्रू ११ अध्यायको तथ्यले हामीलाई प्रर्दशन गर्छन कि स्वीकार योग्य विश्वासले त्यो गर्दछन् जुन परमेश्वरले गर भनेर भन्नु हुन्छ । सुसमाचारमा पालन गर्नु पर्ने आज्ञाहरु छन् । सुसमाचार पालन गर्न असफल हुँदाको परिणाम अनन्त विनाश हुन्छ (२ थेसलोनिकी १:६-९) ।

# पदको खोजी

## १ कोरिन्थी १:१८–३१

(१) क्रुसको सन्देश ........................................................ भइरहेकाहरुका निम्ति.........................हो (पद १८)।

(२) परमेश्वरको शक्ति के हो? (पद १८)

(३) पुरानो करारको कुन अनुच्छेदबाट पद १९ उद्धरण गरेको छ?

(४) यो संसारको बृद्धिलाई परमेश्वरको के संग तुलना गरेको छ? (पद २०)।

(५) यहूदीहरु...................माग्छन् र ग्रीकहरु................खोजमा छन् (पद २२)।

(६) यहूदीहरुको निम्ति क्रुसमा टाँगिनुभएका ख्रीष्ट................र ग्रीकहरुका निम्ति............हो (२३)।

(७) परमेश्वरको निम्ति ख्रीष्ट..............र........................हुनुहुन्छ (पद २४)।

(८) परमेश्वरको मूर्खता मानिसहरुको................भन्दा श्रेष्ठ छ र परमेश्वरको दुर्बलता मानिसहरुको बल भन्दा...................छ (पद २५)।

(९) धेरै थोरै ख्रीष्टियनहरु मानिसहरुको कस्तो वर्गबाट आएको थियो? ( पद २६)

(१०) परमेश्वरले संसारका....................मूर्ख कुराहरुलाई छान्नुभयो (पद २७)।

(११) संसारका शक्तिशाली कुराहरुलाई व्यर्थ तुल्याउन परमेश्वरले कस्तो कुराहरुलाई चुन्नुभयो? (पद २८)

(१२) किन परमेश्वरले त्यस्तो चिजहरुलाई चुन्नुभयो? (पद २९)

(१३) ख्रीष्ट हाम्रो निम्ति के हुनुभयो? (पद ३०)

(१४) हामीले कसमा गर्व गर्ने? (पद ३१)

(१५) *"गर्व गर्नेले प्रभुमा गर्व गरोस्"* भन्ने कुरा कहाँ लेखेको थियो? (पद ३१)।

किनकि क्रूसको सन्देश नष्ट भइरहेकाहरुका निम्ति मूर्खता हो, तर हामी उद्धार पाइरहेकाहरुका निम्ति परमेश्वरको शक्ति हो । किनभने लेखिएको छ, "म बुद्धिमानहरुको बुद्धि नष्ट पार्नेछु, र चतुरहरु को चतुऱ्याइँ विफल तुल्याउनेछु ।" बुद्धिमान् कहाँ छ? शास्त्री कहाँ छ? यस युगका तर्क गर्नेहरु कहाँ छन्? के परमेश्वरले यस संसारको बुद्धिलाई मूर्ख तुल्याउनुभएन र? संसारले आफ्नो बुद्धिद्धारा परमेश्वर लाई चिन्न नसकेको हुनाले उहाँको बुद्धिअनुसार हामीले प्रचारेको सुसमाचारको मूर्खताद्धारा नै विश्वास गर्नेहरुलाई बचाउन परमेश्वरले उचित ठहराउनुभयो । यहूदीहरु चिन्ह माग्छन् र ग्रीकहरु बुद्धिको खोजमा छन् । तर हामीचाहिँ क्रूसमा टाँगिनुभएका ख्रीष्ट लाई प्रचार गर्दछौ, जो यहूदीहरुका निम्ति बाधा र अन्यजातिहरुका निम्ति मूर्खता हो । तर ती बोलावट भएकाहरुका निम्ति, चाहे यहूदीहरु होऊन वा ग्रीकहरु होऊन, ख्रीष्ट नै परमेश्वरको शक्ति र बुद्धि हुनुहुन्छ । किनभने परमेश्वरको मूर्खता मानिसहरुको बुद्धिभन्दा श्रेष्ठ छ, र परमेश्वरको दुर्बलता मानिसहरुको बलभन्दा शक्तिशाली छ ।

भाइ हो, जब तिमीहरु बोलाइएका थियौ, तिमीहरु कस्ता थियौ ? सो विचार गर । संसारिक स्तरअनुसार तिमीहरुमध्ये धेरै जना बुद्धिमान्, धेरै जना शक्तिशाली र धेरै जना खानदानी थिएनौ । तर बुद्धिमानहरुलाई शर्ममा पार्न परमेश्वरले संसारका मूर्ख कुराहरु लाई छान्नुभयो, र शक्तिशाली लाई शर्ममा पार्नलाई परमेश्वर ले संसारका निर्बल कुराहरुलाई छान्नुभयो । परमेश्वरले संसारका नीच र तुच्छ ठहरिएका कुराहरुलाई चुन्नुभयो । यहाँसम्म कि नगन्य कुराहरुलाई पनि चुन्नुभयो, यस हेतुले कि जुन कुरा छन् ती व्यर्थ ठहरिऊन् र कुनै प्राणीले परमेश्वरको सामुन्ने अहङ्कार नगरोस् । परमेश्वर नै ख्रीष्ट येशूमा तिमीहरुको जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रा धार्मिकता र पवित्रता र हाम्रा उद्धार बनाउनुभयो । यसैले लेखिएको छ, "गर्व गर्नेले प्रभुमा नै गर्व गरोस् ।

# सम्वन्ध



यूहन्नाले यो कुरालाई स्पष्ट पारेका छन् कि जव हामी परमेश्वरसँगको संगतीमा रहन्छौ, तव हामी एक अर्कासंगको विशेष सम्वन्धको अनुभव गर्दछौ । त्यही न्यानो सम्वन्धलाई नै संगती भनिन्छ ।

*"क्वाइनोनिया"* शब्दलाई *"संगती"* भनेर अनुवाद गरिन्छ । परमेश्वरले आफ्ना छुटकारा पाएका मानिसहरुलाई एउटा समाजमा राख्नु भएको छ, जसलाई मण्डली भनिन्छ । यो त्यो वातावरण हो जहाँ हामीलाई वृद्धि हुनको निम्ति आदर्श अवस्था प्रदान गरेको छ । खीष्टमा नयाँ सृष्टि भएकोले जीवन, वृद्धि र विकासको निम्ति वातावरण प्रदान गरियो ।

*"क्वाइनोनिया"* पहिलो मण्डलीको विशिष्ट लक्षणहरु मध्ये एक थियो । रोमी संसार यो देखेर चकित पर्दथे । उनका कविहरुले यसको बारेमा लेखेका थिए । यी मानिसहरुले एक अर्कामा वास्ता राख्दथे, एक

अर्कामा सम्वन्धित थिए र एक अर्काको आवश्यकता प्रति निकै संवेदनशिल थिए जसलाई लूकाले भन्छन कि तिनीहरु *"एकै हृदय र एकै मनका थिए"* (प्रेरित २:४२) ।

पहिलेका ख्रीष्टियनहरु ख्रीष्टसंगै खिचिएका थिए । तिनीहरुले एक अर्काप्रति स्वीकार खुल्लापन, उत्साह, समर्थन र भरोसा पाएका थिए । तिनीहरुले एक अर्काको चोट, कमी कमजोरी, समस्याहरु, सपनाहरु, चिन्ताहरु र विजयहरु बाँडदथे ।

उनीहरु साँच्चिनै दाजुभाई र दिदीबहिनीहरु थिए । शरीरमा प्रत्येक सदस्यले आफ्नो ठाँउ पाएका थिए । त्यो परिवारमा प्रत्येक एक अर्कामा सम्वन्धित छन् । मण्डलीको सदस्यता भनेको कुनै भुमिकाको नाम पाउनु होइन तर परिवारमा संलग्न हुनु हो । यो एकअर्काको अनुभव थियो ।


एकतालाई जोड दिएर विभाजनलाई दोष दिइएको छ । विचारको असहमतिले संगतीलाई खतरामा पार्छ । जव डाह, घमण्ड, अरुलाई हानी पुऱ्याउने काम, आफैमा केन्द्रित हुने कुराहरु स्थानीय मण्डलीमा उठछन्, त्यसको समाधानको निम्ति सामना गर्नु पर्छ किनभने तिनीहरु नै विभाजन ल्याउने जराहरु हुन् । विभाजनले संगतीलाई विनाश गर्छ (१ कोरिन्थी ३) ।

यदि मण्डली वृद्धि हुने हो भने यो यस्तो तरिकाले हुनुपर्छ । ख्रीष्टसंगको हाम्रो संगतीलाई जोशले रक्षा गरोस् । हामी संगतीमा वृद्धि हुन सक्छौ ! र संगतीबाट अरुहरुकहाँ पुग्न सक्छौ ।

*"क्वाइनोनिया"* प्रेममा जरा गाडिएको हुन्छ । किनभने हामीले ख्रीष्टको प्रेम प्राप्त गरेका छौं । हामी उहाँलाई र अरुहरुलाई प्रेम गर्न सक्षम छौं । यो त आफैमा अभ्यास गर्ने प्रेमको तरिका हो ।

परमेश्वरको लागि "उहाँसंग हाम्रो संगती हुन्छ र तिनीहरुसंग जो उहाँका हुन ।"

# एल्डरहरूका योग्यताहरू




बाइबल अध्ययनले यो प्रकट गर्छ कि एल्डरहरुले नयाँ करारको मण्डलीको निगरानी गर्नु पर्छ (१ पत्रुस ५:२), चलाउनु पर्छ (१ तिमोथी ५ :१७), सेवाको निम्ति सुसज्जित हुनु पर्छ (एफिसी ४:११), सुरक्षा दिनु पर्छ (प्रेरित २०:२८,२९) र आत्मिकरुपमा खुवाउनु पर्छ (प्रेरित २०:२८) । एल्डरहरुलाई विशप, गोठालो, रखवाला र पास्टर भनेर उल्लेख गरिएको छ । फरक नामहरुले विशेष अंशरुपी जिम्मेवारीहरुलाई जोड दिएको छ । एल्डरहरु ती अगुवाहरु हुन जससंग रखवाली गर्ने र शासन गर्ने अधिकार हुन्छन् । मण्डलीको वृद्धि र लामो समयसम्म राम्रो हुनुमा उनीहरुका काम गराई अति आवश्यक हुन्छन् । एल्डरहरुले बाइबलमा दिइएको कडा योग्यताको नाप पुरा गर्नु पर्छ । यदि एल्डरहरु सेवा गर्न योग्यका भएनन् भने सदस्यहरुलाई उत्साह दिन, सुसमाचार प्रचार गर्ने सेवामा मण्डली सधैं संघर्ष गरिरहन्छ र आफ्नो लक्ष्यमा असफल हुन्छ । धर्मशास्त्रले यी योग्यताहरुको वर्णन गर्दछन्:

*यो भनाइ विश्वासयोग्य छ, यदि कुनै मानिसले बिशपको काम गर्ने चाहना गर्छ भने त्यसले असलै कामको इच्छा गर्छ । यसकारण बिशपचाहिँ कसैले दोष लगाउन नसक्ने, एउटै पत्नीका पति, संयमी, समझदार, सम्मानित, अतिथिसत्कार गर्ने, सुयोग्य शिक्षक होऊन,*

*मतवाल र रिसाहा होइन तर तिनी विनम्र, झगडा नगर्ने, धनको लोभ नगर्ने, आफ्नो घर राम्ररी चलाउन सक्ने र आफ्ना छोराछोरीहरुलाई आदर पूर्वक आज्ञापालन गर्ने बनाऊन । यदि कुनै मानिसले आफ्ना घरकाहरु लाई तह लगाउन जान्दैन भने, तिनले परमेश्वरका मण्डलीको देखरेख कसरी गर्न सक्छ र? तिनी नयाँ विश्वासी नहोऊन, नत्रता घमण्डले फुलेर तिनी दियाबलसले पाउने दण्डमा पर्नेछन् । फेरी, बाहिरकाहरुका दृष्टिमा पनि तिनी असल ठहरिनु पर्छ, नत्रता तिनी निन्दा र दियाबलसको पासोमा पर्नेछन् । (१ तिमोथी ३:१-७)*

*यसैकारण मैले तिमीलाई क्रेटमा छोडें, कि मैले तिमीलाई अह्राएबमोजिम तिमीले त्यहाँ अपूरा कुराहरु पूरा गर्नू, र हरेक शहरमा एल्डरहरु नियुक्त गर्नू । एल्डर एउटै स्त्रीको पति र दोषरहित र यस्तो व्यक्ति होस्, जसका छोराछोरीहरु विश्वासी होऊन, र चरित्रहीन र अनाज्ञाकारी नहोऊन् । किनभने परमेश्वरको कारिन्दा हुनुपर्ने हुनाले बिशपचाहिँ दोषरहित हुनुपर्छ । तिनी हठी वा झट्टै रीस गर्ने, वा मतवाला, वा झगडालु वा धनको लोभी हुनुहुँदैन, तर अतिथिसत्कार गर्ने, भलाई प्रेमी, आफूलाई वशमा राख्ने, इमान्दार, पवित्र र संयमी हुनुपर्दछ ।*

*तिनलाई सिकाइएको विश्वासयोग्य वचनमा तिनी दह्रिलो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्तअनुसार शिक्षा दिन सकून, र ती कुराहारुको खण्डन गर्नेहरुलाई झुटा साबित गर्न सकून् । (तीतस १:५-९)*
पृथ्वीमा मण्डली सबैभन्दा महत्वपूर्ण संगठन हो । यसको कार्य संसारमा धेरै महत्वपूर्ण छ । खीष्ट मण्डलीको शीर हुनुहुन्छ (एफिसी १:२२) । मण्डलीको निम्ति मार्गदर्शन र शिक्षा सिद्धान्तको आधिकारीक स्रोत बाइबल हो (२ तिमोथी ३:१६), र एल्डरहरुले मण्डलीको हेरचाह गर्नुपर्छ ( खीष्टको शरीर, १ कोरिन्थी १२:२९)

परमेश्वरको वचनलाई निरिक्षण गर्ने आधार बनाउँछ । यदि मण्डली प्रभावकारी भएको चाहन्छौ भने एल्डरहरु योग्यका हुनुपर्छ । बाइबलमा एल्डरहरुको योग्यताको बारेमा स्पष्टसंग उल्लेख गरिएको र बुझ्न सरल छ ।

# आउनुहोस् उठौं र निमार्ण गरौं ।



यहूदीहरु हाँस्यास्पद भएका थिए किनभने यरुशलेमको पर्खाल चकनाचुर भएको थियो । नहेम्याह पर्खाल पुननिमार्ण गर्न आए । उनले इस्रायलको लाजको स्रोत हटाउन चाहयो । अवश्य उनका विद्रोही आलोचकहरु थिए । अझै उनीहरुका कुरा काट्ने प्रश्नहरुमा के ही सफलताका महान सिद्धान्तहरु पाइन्छ ।

### **"यी यहूदीहरु के गरिरहेका छन्?"**

मोआबी शनबलतले सामरियामा आफ्नो केही पकड भैरहेको समयमा नहेम्याहले पर्खालको पुननिर्माण गर्न थाले । उनले आफ्ना भाइहरु र सामरीहरु लाई सोधे, *"यी कमजोर यहूदीहरु के गरिरहेका छन् ?"* उसको प्रश्नले हाम्रो सफलताको लागि परमेश्वरमा पूर्ण निर्भर हुनुपर्छ भन्ने देखाउँछ ।

पावल भन्दछन, *"जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु"* (फिलिप्पी ४:१३) । अरुलाई उच्च सफलता दिनको निम्ति मानिसहरु मा केही विशेष योग्यतहरु छन भनी दावी गर्दछन् । तै पनि प्रेरित पावलले त्यसको श्रेय लिन इन्कार गरे ।

*"किनकि तिमीहरुलाई उहाँको असल अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरुमा काम गर्नुहुन्छ"* (फिलिप्पी २:१३) । येशूले भन्नुभयो, *"दाखको बोट म हुँ, तिमीहरुचाँहि हाँगाहरु हौ । यदि कोही ममा रहयौ भने र म त्यसमा रहें भने त्यसले धेरै फल फलाँउछ, किनकि म बाट अलग रहेर तिमीहरु केही गर्न सक्दैनौ"* (यूहन्ना १५:५) ।

### **"के तिनीहरु आफै बलियो हुन सक्छन्?"**

हामीले सोध्न सक्थ्यौं, "के तिनीहरु लड्छन्?" चाँडो यो प्रश्न साँचो हुन पुग्यो । विरोधीलाई प्रतिकार गर्दै तिनीहरु मध्ये आधा पर्खाल निमार्ण गर्न लागे

भने आधा युद्धको निम्ति तयार भए । नहेम्याहले संगी यहूदीहरुलाई भने, *"जहाँ तुरही बज्छ त्यहाँ हामीसित भेला होओ, र हाम्रा परमेश्वरले हाम्रो निम्ति युद्ध गर्नुहुनेछ"* (नहेम्याह ४:२०) । *"हामीले यसमा के भन्ने त? परमेश्वर हामी तर्फ हुनुहुन्छ भने हाम्रो विरुद्धमा को हुन्छ?"* (रोमी ८:३१) ।

## "के तिनीहरुले त्यो एकै दिनमा सिध्याउन सक्लान्?"

धेरै मानिसहरुले राम्रो सुरुवात गर्छन तर अन्तिम सम्म काम गर्न सक्दैनन् । बैशाखको महिना अन्त्य हुनुभन्दा अगाडी कति नयाँ वर्षहरु को संकल्पहरु तोडियो? पावल लेख्दछ, *"भलाई गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौ भने ठीक समयमा हामी कटनी गर्नेछौं"* (गलाती ६:९) । १ कोरिन्थी १५:५८ मा उनी भन्दछन्, *"यसकारण मेरा प्रिय भाई हो, स्थिर र अटल रहो, प्रभुको काममा सधैं बढ्दौ जाओ । किनकि तिमीहरु जान्दछौ, कि प्रभुमा तिमीहरुको परिश्रम व्यर्थ हुदैन ।"*

## "के तिनीहरुले फोहरको थुप्रोबाट ढुङ्गहरु पुर्नस्थापना गर्न सक्लान्?"

मण्डली भवनमा प्रयोग हुने साधनहरुमा शैतानले अझै प्रश्न गर्छन् । तर हामी *"येशू ख्रीष्टद्धारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढाउने पवित्र पुजाहारी गिरीको निम्ति जीवित पत्थरहरु झैं आत्मिक घर बढ्दैजाओ । "तर हामी त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौं । उहाँले तिमीहरुलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, एक पल्ट तिनीहरु प्रजा थिएनौं तर अव तिमीहरु परमेश्वरका प्रजा भएका छौ । एकपल्ट तिमीहरुले कृपा पाएका थिएनौ, तर अब तिमीहरुले कृपा पाएका छौ"* (१ पत्रुस २:५, ९-१०) ।

परमेश्वरको सहायताद्धारा हामीले सफलता प्राप्त गर्न सक्छौ । उहाँ हाम्रो पक्षमा हुँदा हामी बलियो हुन्छौं । हामी शैतानको शक्तिसंग सामना गर्न सक्छौ र तयार रहनु पर्छ । बलिदान चढाउने इच्छा अति आवश्यक छन् । हामीले राम्रो अन्त्य गर्नु पर्छ । मण्डली राम्रो सामग्रीद्धारा बनेको छ किनभने जुन मानिसले सम्झौता गर्दछन् तिनीहरुलाई ख्रीष्टको रगतले पापबाट मुक्त गर्दछन् ।

# पाँचवटा पापहरू जसले स्थानीय मण्डलीलाई हानी पुऱ्याउँछ ।



*"तिमीकहाँ चाँडै आउने आशा राखेको छु, तर म यो तिमीलाई लेख्दछु, ताकि कतै म ढिलाएँ भने पनि परमेश्‍वरको घराना, जो जीवित परमेश्‍वरको मण्डली हो र सत्यको खामो र आड हो, त्यहाँ कसरी चल्नुपर्छ सो तिमीले जानिराख"* (१ तिमोथी ३:१४,१५) ।

पावलले यी वचनहरु स्थानिय मण्डलीका प्रचारक तिमोथीको व्यवहारसँग सर्दभमा लेखेका हुन् । यो व्यक्तिगत थियो, तर के मण्डली व्यक्तिबाट बनेको होइनन्? हामी जहाँ भेला हुन्छौ त्यस स्थानिय मण्डलीमा हामी प्रत्येकको व्यक्तिगत प्रभाव हुन्छन ।

स्थानिय मण्डलीलाई चोट पुऱ्याउने त्यस्ता केही पापहरु के के हुन्? यो

लेखले पाँचवटाको छलफल गर्छन् :

**(१) प्रार्थनाको अभावः**

कहिलेकाँही हामी आफैले आफैलाई हेरेर मण्डली र व्यक्तिहरुको कमजोरी तेर्साउछौ । तर प्रभुको जनहरुको निम्ति प्रार्थना गर्न चुक्छौ । येशूले भन्नुभयो, *"तिनीहरु सधैं प्रार्थना गरिरहनु र निराश नहोउ"* (लूका १८:१) । एउटा चिजबाट हाम्रो हृदय पछि हट्न सक्छ, त्यो मण्डलीको भविष्यको आशा हो । हामी निरुत्साहित बन्न सक्छौ र हाम्रा ख्रीष्टमा भएका दाजुभाई दिदीबहिनीबाट झन बढी निरुत्साहित हुन सक्छौं । पावल लेख्छन कि हामी *"निरन्तर प्रार्थना गरिरहो र सबै परिस्थितिमा धन्यवाद देओ, किनकि ख्रीष्ट येशूमा तिमीहरुका लागि परमेश्वरको इच्छा यहि हो"* (१ थेसलोनिकी ५:१७,१८) । दाजुभाईहरुबाट निरुत्साहित र आशा हराउनु भन्दा उनीहरुको निम्ति व्यक्तिगत रुपमा सम्पूर्ण मण्डलीको निम्ति प्रार्थना गर्नुपर्छ । येशूले मण्डलीको भविष्यको निम्ति यूहन्ना १७:२० मा प्रार्थना गर्नुभयो । शुरुको मण्डली, *"प्रार्थनामा भक्तिसाथ लागिरहन्थ्यो"* ( प्रेरित २:४२) । पावलले जुन मण्डलीलाई पत्र लेख्दथ्यो उनीहरुको निम्ति सधैं प्रार्थना गर्दथे ( कलस्सी १:३) । *"सबै मण्डलीहरुको फिक्रीको कारणले"* गर्दा प्रार्थना गर्छन् (२ कोरिन्थी ११:२८) । हामीले मण्डलीको निम्ति सधैं प्रार्थना गर्नुपर्छ ।

**(२) अल्छीपनाः**

मण्डलीको सदस्य भएको कारणले हामीले विजय प्राप्त गर्नुपर्ने सबै भन्दा ठुलो पाप अल्छीपना हो । यस विषयमा येशूले मत्ती २५:२६ मा गम्भीर विषय उठाउनु भएको छ, जहाँ उहाँले भन्नुभएको छ एक सिक्का पाउने नोकरले आफ्नो योग्यता प्रयोग गरेन, *"ए दुष्ट र अल्छे नोकर, नरोपेको ठाँउमा कटनी गर्छु र ननिफनेको ठाँउबाट बटुल्छु भनेर तैले जानेको थिइस्...।"* डरको कारणले त्यस नोकरले कुनै काम गरेन; तैपनि येशूले यस्तो बहाना स्वीकार गर्नुहुन्न । वास्तवमा, उहाँले त्यस नोकर लाई त्यसको अल्छेपनको कारणले *"अनुपयुक्त नोकर"* भन्नुभयो र त्यसलाई *"बाहिरी अन्धकारको"* दोषी ठहराउनु भयो । किन येशूले यस्तो तरिकाले प्रतिक्रिया गर्नु भयो होला ? मण्डलीमा सेवाको महत्व र

आवश्यकताको कारणले गर्दा मण्डली उद्धार पाएका मानिसहरुबाट बनेको हुन्छ (प्रेरित २:४७; एफिसी ५:२३) । छुटकारा भएका आफ्ना मानिसहरु सक्रियरुपमा सहभागी भएर शरीर बढ्दै गएको प्रभु चाहनुहुन्छ (एफिसी ४:१६) । अल्छीपनाको औषधी सहभागिता हो ।

## (३) जिद्दीपन र विद्रोही :

परमेश्वरको वचन पत्रिकामा प्रकाशित हुन्छ, बाइबल कक्षामा सिकाइन्छ, र मण्डलीबाट घोषणा गरिन्छ । यस प्रतिको प्रतिक्रियामा हामी सबै जिम्मेवार हुन्छौ । येशूले बारम्बार भन्नुभएको छ मानिसले परमेश्वरको वचन *"सुन्नु" आवश्यक छ ।* जसले त्यसो गर्न इन्कार गर्छ, तिनीहरुको हृदय सुस्त, वास्तवमा वहिरो कान र आँखा बन्द भएका हुन्छन् *(मत्ती १३:१५) । परमप्रभुले राजा शाऊललाई भन्नु भयो, "उहाँको आज्ञा उल्लङ्घन गर्नु तन्त्रमन्त्रको पापजस्तै हो र हठी हुनु मूर्तिपूजा गर्नु जस्तै खराब हो । किनभने तपाईले परमप्रभुको वचन लाई त्याग्नुभयो..."* (१ शामूएल १५:२३) । ध्यान दिनुहोस् कि परमप्रभुले उहाँको वचनको इन्कारलाई कसरी हेर्नु हुँदो रहेछ । जव उसले परमेश्वर को वचन सुन्न इन्कार गरेको आफैलाई देख्छ उ मण्डली प्रति कति विद्रो ही छ भन्ने कुरामा अचम्मित हुन्छन् । हामी जान्दछौ प्रभुले के हेर्नुहुन्छ; र यसले एकजना मानिसलाई मात्र असर गर्दैन तर पुरै मण्डलीलाई प्रभाव पार्छ । यदि उसको आत्मा बचाउनेको निम्ति उसले पश्चाताप गर्न इन्कार गर्छ भने त्यो व्यक्तिलाई मण्डलीबाट अलग गर्नु पर्छ (१ कोरिन्थी ५:४) । विद्रोहीहरुले पश्चाताप गर्नु पर्छ ।

## (४) संसारिकपन :

यो तीन नम्बर जस्तै हो, तर यहाँ सोच चाहिँ संसारिक मानसिकताको हो । अर्को शब्दमा भन्नुपर्दा, मण्डलीलाई थाहा हुन सक्छ वा थाहा नहुन पनि सक्छ, तर संसारलाई थाहा छ र तिनीहरुले हेरिरहेका छन् र सुनिरहेका छन् । त्यसको प्रभाव बाहिर पर्छ । पावल भन्दछन् *"कसैलाई ठेस लाग्ने काम नगर, चाहे यहूदीहरु होस् वा ग्रीकलाई होस् वा परमेश्वरको मण्डलीलाई होस् । जसरी म पनि मैले गर्ने सबै काममा सबै मानिसहरुलाई प्रशन्न राख्ने कोशिश गर्दछु, म आफ्नो होइन् तर धेरैको हित खोज्दछु, ताकि तिनीहरुको उद्धार होस्"* (१ कोरिन्थी १० :३२-३३) । पत्रुसले पनि भनेका छन्, *"प्रिय हो, म तिमीहरुलाई आग्रह*

*पूर्वक बिन्ति गर्दछु, कि विदेशी र प्रवासीहरु हौ भनी जानेर तिनीहरुका आत्माको विरुद्धमा लडाई गर्ने शारीरिक अभिलाषाहरुबाट अलग रहो । अन्य जातिहरुका बीचमा तिमीहरुको चालचलन असल होस् । कसैले तिमीहरु लाई कुकर्मी भनी तिमीहरुका विरुद्धमा बोलेता पनि तिनीहरुले तिमीहरुका असल कामहरु देखून् र आगमनको दिनमा तिनीहरुले परमेश्वरको महिमा गरुन"* (१ पत्रुस २:११-१२) । यदि मानिसहरुले खीष्टियहरुद्वारा प्रयोग गरेको अशब्दहरु व श्रापहरु सुन्छन् जुवा खेलेको वा मतवाली भएको देख्छन्, झुठ बोलेको वा खीष्टियन गुणहरुसंग सम्झौता गरेको देख्दछन्, त्यसले मण्डलीको प्रतिष्ठामा नकारात्मक असर पारेको हुन्छ र यसले धेरैलाई पतन गराउन सक्छन् । संसारिक मण्डलीको सदस्यहरुले संसारलाई होइन तर परमेश्वरलाई प्रेम गर्नुपर्दछ (१ यूहन्ना २:१५-१७) ।

**(५) मनतातो :**

येशूले यो शब्द एक पटक लाउडोकियाको मण्डलीलाई प्रयोग गर्नुभयो, *"मलाई तिम्रो कामहरु थाहा छ । तिमी चिसो पनि छैनौ; तातो पनि छैनौ; चिसो कि तातो भए त हुने थियो । किनकि तिमी मनतातो छौ, न चिसो न तातो, यसकारण म तिमीलाई मेरो मुखबाट उकेलिदिनेछु"* (प्रकाश ३:१५-१६) । यो हामीले गर्ने सबैभन्दा घातक पाप हुन सक्छ । मैले भन्न खोजेको अर्थ हामीले यस कुरालाई हाम्रो जीवनमा त्यति ध्यान दिएको नदिएको हुन सक्छन् । जे भएपनि, कसले यस्तो कुरा स्वीकार गर्छ र? प्रभुले उहाँको निम्ति तीन प्रकारको जोशको स्तर बताउनु भएको छ : (१) चिसो जोश (२) मनतातो जोश (३) तातो जोश । (वास्तवमा हामी चिसो वा तातो भएको उहाँ चाहनुहुन्छ ।) हामी चिसो भएको उहाँ चाहनुहुन्न, तर उहाँले भन्न चाहिरहनु भएको छ । त अब मनतातो हुनुमा को समस्या छ? यसले केही हो भनी बहाना गर्छ, तर होइन् । आफ्ना इच्छा पुरा गर्नको निमित्त हृदयको सन्तुष्टि हो । यो त्यो सन्तुष्ट आत्मा हो जो सम्भवत मण्डलीमा भेला हुन्छ, तर निरन्तर रुपमा होइन् र कोही मण्डलीको काममा सक्रिय सहभागी हुँदैनन् । येशू भन्नुहुन्छ कि मन तातोले उहाँलाई विरामी बनाँउछन् । अब मनतातोको उपचार के हो? पाँच शब्द... जोशिलो होओ र पश्चाताप गर (प्रकाश ३:१९) ?

यी कुराहरुमा हामी आफैलाई कहाँ पाउँछौ? यदि हामी आफैले आफैलाई यी पापहरुमा पाउँछौ भने, हामीले यसबारे के गर्ने त?

# स्वीकार गर्नु आत्माको निम्ति उत्तम हो ।




यो हामीले हाम्रो जीवनभरी सुनेका छौ । के यो सत्य हो? के हाम्रो निम्ति स्वीकार गर्नुमा कुनै उत्तम कुरा छन्? बाइबलले के भन्दछन्? नयाँ करारले प्रकट गरेका छन् कि त्यहाँ दुई प्रकार का स्वीकार छन्: येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनी हाम्रो विश्वासको स्वीकार गर्ने ( प्रेरित ८:३७) । अनि अर्को बप्तिस्मा दिने यूहन्नाले सिकाए अनुसार पाप स्वीकार गर्ने (मत्ती ३:६) र येशूका चेलाहरुले मण्डलीमा अभ्यास गरेका थिए (प्रेरित १९:१८) ।

जव ख्रीष्टमाथिको विश्वासलाई स्वीकार गर्ने चाहना गर्छौं तव त्यसको परिणाममा उद्धार मुक्ति पाउँछौं । हो, यो स्वीकार हाम्रो आत्माको निम्ति धेरै उत्तम छ, अझै आवश्यक छ (मत्ती १०:३२-३३) ! पाप स्वीकार गर्ने अभ्यासलाई नियालेर हेर्दा नयाँ नियममा धेरै कुरा प्रकट गर्छन । सबैभन्दा पहिला: *"यदि हामीमा पाप छैन भनी हामी भन्दछौं भनेता हामीले आफैलाई धोखा दिन्छौं र हामीमा सत्य हुँदैन"* (१ यूहन्ना १:८) । *यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी उहाँलाई झुटा तुल्याँउछौं र उहाँको वचन हामीमा हुँदैन* (१ यूहन्ना १:१०) । राजा दाऊदले पाप इन्कार गरेर जीउदा त्यसले कस्तो कष्ट ल्याँउछ भनी स्मरण गरेका छन् (भजन संग्रह ३२:३-४) । हाम्रो जीवनमा पापलाई अस्वीकार गर्दा र लुकाउन खोज्दा आत्मालाई दोष लगाउने मात्र होइन तर हृदय र मनलाई पनि भारी वजन दिन्छौ । हामी जहिले पनि हाम्रा कमी कमजोरीहरुप्रति खुल्ला र इमान्दार हुनुपर्दछ ।

हामी कसैले पनि यो जीवन सिद्ध तरिकाले जीउन सक्दैनौ । हामीले यो कुरा बुझेको परमेश्वर चाहनुहुन्छ । *"यदि हामीले आफ्ना पापहरु स्वीकार गर्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नु हुन्छ किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ"* (१ यूहन्ना १:९) । परमेश्वरमा पाप स्वीकार गर्नु आत्माको निम्ति उत्तम कुरा हो किनभने यसले (१) शुद्धता र क्षमा ल्याउँदछ (२) आत्मालाई नम्र पार्दछ (३) हाम्रो आवश्यकताहरु सुर्धानु पर्छ भन्ने स्मरण गराउँछ (४) हाम्रा प्रभुको पापरहित

जीवनलाई उच्च पार्छ (५) हामीमा परमेश्वरको अनुग्रहको आवश्यकता लाई बढाउँछ र (६) येशूको रगतले हामीलाई शुद्ध पारेकामा धन्यवादी बनाउँदछ । विशेष पापहरुको गणना गऱ्यौ भने हामीलाई अझै परमेश्वरले मदत गर्नुहुन्छ । यसलाई कोशिस गर्नुहोस् ! तपाईलाई मन पर्न सक्छ ।

परमेश्वरको अगाडी हाम्रो पाप स्वीकार गर्नु अति आवश्यक छ । तर हामीले कहिलेकाँही एक अर्काको अगाडी पनि पाप स्वीकार गर्नु पर्ने हुन्छ । याकूब ५:१६ ले भन्दछ, *“यसकारण तिमीहरु एउटाले अर्कासँग आ-आफ्ना पाप स्वीकार गर । तिमीहरु निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर । धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ ।”* अघिको पदहरुमा विरामीहरु र पाप क्षमाको निम्ति प्रार्थना गरिरहेको छ । १६ पदको अन्त्यमा प्रार्थनाको महत्व र यसको शक्तिको वारेमा जोड दिएको छ । प्रार्थनाको विचमा याकूबले एकअर्कासँग पाप स्वीकार गर्नेकुरा जोडेका छन् । प्रेरित १९:१८ मा विश्वासीहरुले एक अर्कासँग पाप स्वीकार गरेको उदाहरण छ । मुल ग्रीक भाषाले सुझाव दिन्छन् कि यिनीहरुले पहिले केही बुँदा माथी विश्वास गरेका थिए र वर्तमान समयसम्मै विश्वासी नै छन् । उनीहरुको जीवनमा पापको सामना गर्दा तिनीहरुले के गरे? तिनीहरुले स्वीकार गर्दै र आफ्ना अभ्यासहरुलाई प्रकट गरे । एक अर्कालाई हाम्रो पाप स्वीकार गऱ्यो भने आत्माको निम्ति असल हुन्छ किनभने (१) यसले निको हुन अनुमति दिन्छ (२) हाम्रो पश्चातापी हृदयको अभिप्राय अरुहरुलाई थाहा हुन्छ (३) यसले हाम्रा दाजुभाइहरुलाई हाम्रो आत्माको निम्ति ठीकसँग प्रार्थना गर्न क्रियाशिल गराउँदछ । (४) मण्डली र व्यक्तिगतरुपमा टुक्रेको सम्वन्धलाई जोडन मद्धत गर्दछ । (५) यसले नम्रता, पारदर्शी, इमान्दार र भरोसाको बृद्धि गराँउछ ।

कहिलेकाहीं हामी ख्रीष्टियन भएतापनि परमेश्वरबाट टाढा हुन्छौं । हामीले आफैलाई प्रेरित ८ मा जस्तै सिमोनको ठाँउमा पाउन सक्छौं, जहाँ हाम्रो, *“परमेश्वरको सामुन्ने हृदय ठिक हुँदैन”* (२१ पद) । हामी पनि सायद *“अर्धमको वन्धनमा”* हुन सक्छौं (२३ पद) । यस्ता गलत ख्रीष्टियनहरु लाई परमेश्वरमा सजिलो उपाय छन् । पत्रुसले सिमोन जादुगरलाई भने, *“यसकारण तेरो आफ्नो यस दुष्टताको निम्ति पश्चाताप गर् अनि प्रभुमा प्रार्थना चढा र सायद तेरो हृदयको यस्तो विचार क्षमा होला”* (२२ पद) । सिमोन जादुगरले मेरो निम्ति तपाईहरुले प्रार्थना गरेर सहायता गरी दिनुहोस् भन्यो । यदि हाम्रो पाप अरुलाई थाहा भयो अथवा त्यसले असर पाऱ्यो भने, हामीले एक अर्काको सामु पाप स्वीकार गर्नुपर्छ जसले पश्चाताप गर्ने चाहना देखाउँदछ र अझ राम्रो गर्ने कुरा झल्काउँदछ । यसले हाम्रो पापक्षमा र चङ्गाईको निम्ति अरुहरुलाई ठीकसंग प्रार्थना गर्न अनुमति दिन्छ ।

**वास्तवमा स्वीकार गर्नु आत्माको निम्ति उत्तम हो ।**

# स्वर्गजान अवरोध हुने सजिलो कारणहरु

मानवजाति सजिलो मार्गहरुप्रति बढि झुकेका पाइन्छ । यदि हामीले हाम्रो प्राथमिकताहरुलाई ठीक तरीकाले राख्न सक्यौ भने यसमा निश्चित नै कुनै खराबी छैन । तर सजिलो मार्गहरु समस्यापूर्ण र छलीले भरेको पनि हुनसक्छ । यस्ता मार्गहरुले हामीलाई कहिलेकाहीं जीवनको महत्वपूर्ण शिक्षाहरु पउनबाट रोक्न सक्छ जसको कारणले पछि हामी स्वर्गजस्तो सुन्दर ठाउँमा पुग्न वञ्चित हुन्छौं । जीवनको कठिन मार्गहरु बन्दोबस्त गर्न सजिलो हुँदैन, र कतिले यसका विरोधमा सजिलो मार्गहरु छानेर विशेष कुराहरु छुटाइरहेका हुन्छन् ।

## स्वर्ग सजिलै छुट्न सक्छ ।

स्वर्ग छुट्नु भनेको के होला? यसको अर्थ परमेश्वर, ख्रीष्ट, पवित्र आत्मा र स्वर्गदूतहरुसँगको अनन्त जीवन पाउनबाट चुक्नु हो (यूहन्ना १४:३; १ २:२६) । यसका अर्थ अनन्त बिश्राम जुन सबै मानवजातीको सपना हुन्छ, (प्रकाश १४:१३), र सौन्र्दयले भरेको नयाँ यरुशलेम (प्रकाश २१:१-७) पाउनबाट असफल हुनु हो । यसको अर्को अर्थ, हामीले अनन्त विनाशको जीवन शैतान र त्यसको दूतहरुसँग (मत्ती २५:४१; प्रकाश २०:१०; मर्कूस ९:४८) मिल्न जानु हो । अरु सबै संसारका पापी मानिसहरुसँग (प्रकाश २१:८) बिताउनु पर्छ भन्ने हो । येशूले साँघुरो बाटोबाट भित्र पस्नुभन्दा फराकिलो बाटो अप्नाउन सजिलो हुन्छ भनेर चेतावनी दिनुभएको छ (मत्ती ७:१३,१४) ।

## स्वर्ग जानबाट रोक्ने केही सजिलो कारणहरु के होला?

### नास्तिकता

स्वर्गबाट सजिलैसँग वञ्चित हुने एउटा कारण अविश्वासी हुनु हो । हिब्रू लेखक लेख्छन्, *"हरकिसिमका बोझा र हामीलाई सजिलैसँग अल्झाउने पाप"* (हिब्रू १२:१,२) । पाप के हो? यस सन्दर्भमा पापलाई अविश्वासको रुपमा देखाउन खोजेको छ । लेखकले पूरै पुस्तकमा अविश्वासीहरुलाई चेतावनी दिएका छन् (हिब्रू ३:१२) ।

जब कसैले बाइबल अध्ययन गर्दैनन् तब परमेश्वर र बाइबलप्रतिको विश्वासका प्रमाणहरु इन्कार गर्छन् । यसले कमजोर विश्वास वा अविश्वासी

अवस्थामा पुऱ्याँउछ (रोमी १०:१७) । बाइबल अध्ययन गर्न र त्यसमा दिइएको प्रमाणहरुलाई बुझ्न मानसिक परिश्रमको आवश्कता पर्दछ । त्यसैले कतिजना सजिलो बाटो छानेर आधारविनाको विश्वास वा अविश्वासी अवस्थामा पुग्छन् ।

## अल्झनु

पावल प्रेरणाको कारणले भन्दछ, खीष्टियनहरु संसारको ढाँचामा चल्ने होइन (रोमी १२:१,२), जुन स्वर्ग जानबाट रोक्ने अर्को सजिलो मार्ग हो । यस संसारमा, साथीहरुका कारणले, पापी संसारिक मोजमज्जा अनि आकर्षणहरुप्रति अल्झिन वा संसारिक ढाँचामा ढल्किन निकै सजिलो हुन्छ । जब कसैले सामाजिक ग्रहणको अपेक्षा राख्दछ, तब संसारिक बाटो अप्नाउन सजिलो हुन्छ ।

नयाँ करारमा धेरै पटक यस्ता मार्ग अप्नाउनेहरुको लागि चेतावनी दिइएका छन् (१ यूहन्ना २:१५-१७; याकूब ४:४) । यस्तो मार्ग अप्नाउन कुनै साहस अथवा चरित्रको आवश्कता पर्दैनन् । खीष्टले, खीष्टियनहरु असल उदाहरण अथवा प्रेरणाका स्रोत बनुन भन्ने चाहनुहुन्छ (मत्ती ५:१३-१६) । तर यदि उनीहरु त्यसो गर्नबाट असफल भए र सजिलो मार्गतिर लागे भने उनीहरु माथि सदाको निम्ति अनन्त विनाश वा कष्ट आउनेछ (मत्ती ७:१३,१४) ।

## पक्षपातहीनता

अर्को सजिलो मार्ग जसले हामीलाई स्वर्गबाट टाढा पार्छ । यसको बारेमा लाउडोकियाको  मण्डलीलाई व्याख्या गरिएको छ (प्रकाश ३:१४-१७) । त्यहाँका मानिसहरु मनतातो थिए, जसले परमेश्वरलाई दिक्क बनायो । पक्षपातहीनताको बाटो हिँड्न सजिलो हुन्छ । येशूले त्यस्ता बेकम्मापन गर्नेहरु लाई चेतावनी दिनुभएको छ (मत्ती ७:२१-२३) । यस अनुच्छेदमा, उहाँले न्यायको दिनमा उहाँसँग आत्माहरु, सच्चा र इमान्दार बनेर झगडा गरिरहेको देखाउनु भएको छ, जो चाहीं पक्षपात नगरिकन सत्य मार्गलाई पछ्याउन असफल भएका थिए ।

बचाउन सक्ने सत्य र निन्दनीय कमी कमजोरी बिचको भिन्नता देख्नको निम्ति पढ्ने र बुझ्ने परिश्रमको आवश्यकता पर्दछ । ताकि परमेश्वरले चाहनुभएको मार्गहरु मानिसहरुले रोज्न सकून् र पछि गरेर मानिसहरुले जिम्मेवारी वा कर्महरुको बारेमा विभिन्न बहानाहरु खोज्न नपरोस् । यो सजिलो मार्गले कतातिर पुऱ्याउँछ भन्ने उनीहरुमा ज्ञान हुनुपर्छ ।

## निश्क्रियता

सार्डिस मण्डलीको निम्ति लेखिएको पत्रमा, अर्को सजिलो मार्ग के होला भनेर खीष्टले वर्णन गर्नुभएको छ (प्रकाश ३:१-४) । ती खीष्टियनहरुका नाम थिए तर प्रभुले उनीहरु आत्मिक जीवनमा मरितुल्य थिए भनेर भन्नुभएको छ । यसले निश्क्रियतालाई (आलस्य) जनाउँदछ - उनीहरुले प्रभुको राज्यको निम्ति केही पनि गरेका थिएनन् ! यो पक्षपातहीनता पछिको अर्को पाइलो हो, जसको दोषी लाउडिकियाको मण्डली थिए ।

आत्मिक जीवनको सिमामा, आफ्नो निम्ति विभिन्न बहानाहरु बनाएर खराबी विचारहरुलाई समझबाट हटाएर अनन्त जीवनको मुकुट पाउनबाट चुक्न निकै सजिलो हुन्छ । बाहिर गएर सेवामा बल लगाउनु भन्दा घरमै बसेर आराम गर्न सजिलो हुन्छ, तर हामीले हाम्रो यस्तो निष्क्रियताले अनन्त जीवनमा कस्तो निष्कर्ष हुन्छ भनेर विचार गर्नुपर्छ (मत्ती २५:४१-४६) ।

## उद्देश्यहरु

स्वर्ग छुट्ने सजिलो तरिकाको बारेमा हिब्रू लेखक भन्छन्, *"हामीले यति महान् मुक्तिको वास्ता राखेनौं भने हामी कसरी उम्कौंला?"* (हिब्रू २:१-३) । वास्ता राख्नु एउटा गम्भीर कुरा हो, जसले धेरैजसो असल कार्य गर्न डोऱ्याउँदछ । राम्रो विचार, केही सेवाको भावनाहरु, उद्देश्यहरु भएमा, मानिसले आफ्नो बारेमा सबै ठिक छन् भन्ने विचार राख्दछन् । त्यसैले उनीहरु शान्तिसाथ परमेश्वरप्रति सेवाको काम पछिको लागि राख्दछन् । भलाइको चाहना राख्ने भावनाले मात्र पुग्दैनन् (याकूब ४:१७) । मानवजातीको सबैभन्दा ठूलो र दुःख लाग्दो आत्मिक जोखिमको कुरा, वास्ता नगरिएको भलाईको कर्महरु जुन सधैंको लागि अपुरो हुन्छ (मत्ती ७:२१-२४) ।

**निष्कर्ष :** यस्तो मार्गहरु सजिलो जस्तो देखेता पनि, जब घटनाको बेला आउँछ, तब यसको कठिनताको बारेमा हामीलाई ज्ञान हुन्छन् । स्वर्गबाट वञ्चित हुनु जस्तो दुःखलाग्दो स्थिति हामी हरेकको जीवनमा अरु कुनै पनि हुदैन् । अनन्त जीवनको मुकुटको निम्ति लगाइएको सबै बल र परिश्रमले हामीलाई सदासर्वदाको निम्ति प्रभुमा जीवन र सबै मुक्ति पाएका परिवार हरुसँगको पुनभेटघाट गराउँदछ । सबैकुरा ! केवल इनामको ज्ञानले स्वर्ग जाने बाटो सरल बनाउँदछ ।

# महत्वपूर्ण पदहरुको द्रुत टिप्पणी
# हिब्रू १०:२२-२८

**हाम्रा हृदय खराब विवेकबाट छर्कोद्धारा चोख्याएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं ।**

**हामीले दृढ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौं, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ ।**

**हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं । कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं । तर प्रभुको दिन नजिक आइरहेको तिमीहरुले देखेका हुनाले एउटाले अर्कालाई झन प्रोत्साहन देओ ।**

**किनकि यदि सत्यताको ज्ञान पाएर पनि हामीले जानी-जानी पाप गऱ्यौं भने पापको निम्ति अब उसो अरु कुनै बलिदान रहँदैन, तर इन्साफको डरलाग्दो प्रतीक्षा र विरोधीहरुलाई भस्म गर्ने क्रोधको अग्नि मात्र रहनेछ ।**


यो अनुच्छेदले हौसलाको निम्ति शुरुवाट मै तीनवटा सूचीहरु दिएका छन् ।

(१) **हाम्रो हृदयः** परमेश्वरको समीप जानको निम्ति हाम्रा हृदयहरु खराब विवेकबाट शुद्ध भएको हुनैपर्छ जव हाम्रो शरीर शुद्ध पानीमा बप्तिस्माद्धारा धोइएको हुन्छ ।

(२) **हाम्रो आशाः** अनन्तका प्रतिज्ञाहरु पुरा हुन्छन भन्ने हाम्रा आशाहरुमा हामी दृढ भएर बस्नैपर्छ - किनभने परमेश्वरले प्रतिज्ञा गर्नुभयो - उहाँको बिश्वस्तामा उहाँ असफल हुनुहुन्न ।

(३) **एक अर्काप्रति खीष्टमा हाम्रा विचारहरु हुनुपर्छ** । संगी खीष्टियनहरुको निम्ति प्रेमद्धारा असल कार्यको निम्ति हामी उत्प्रेरित हुनुपर्छ । परमेश्वरलाई आराधना गर्नको निम्ति आराधनामा सहभागी हुनेमात्र हो इनन तर हामी विश्वासयोग्य हुनको निम्ति प्रत्येकलाई हौसला दिनै पर्छ ।

यी आज्ञाहरुलाई वेवास्ता गर्नु भनेको पापमा विवेकीपूर्ण प्रतिबद्ध हुनु हो, जसको निम्ति कुनै बलिदान र हँदैन, खीष्टको मृत्युमा एक पल्ट पहिले नै भइसक्यो ।



# मृत्युसम्मै विश्वासी (प्रकाश १४ :१३)

*"अनि स्वर्गबाट आएको यस्तो आवाज मैले सुनें, यो लेखः 'अब उप्रान्त प्रभुमा मर्नेहरु धन्यका हुन' । आत्मा भन्नुहुन्छ, हो, तिनीहरुले आफ्नो-आफ्नो परिश्रमबाट आराम पाउनेछन्, किनकि तिनीहरुका काम तिनीहरुका पछि लाग्नेछन् ।"*

जब मानिस आफ्नो मृत्यु शैयामा हुन्छ, त्यति बेला ख्रीष्टप्रति त्यसको आत्माको निम्ति गर्नुहुने गहिरो प्रार्थना अरु कुनै समयमा पनि हुदैंनन् । कतिपय, नास्तिकहरुले मृत्युको सामना गर्ने बेलामा आफ्ना नास्तिकतालाई अस्वीकार गर्ने गर्दछन् । तर, ख्रीष्टयनहरुले उनीहरुको ख्रीष्टियन विश्वास मृत्युको समयमा कहिल्यै पनि त्यागेको हामी सुन्दैनौं । यदि मृत्युको समयमा, ख्रीष्टसँग जोडिएको केही कुरालाई हामी धिर्कारछौँ भने त्यो केवल उहाँको महिमाको कार्यमा नपुगे को हाम्रो आफ्नै कमी कमजोरीहरु हुन्छन् । हामीले परमेश्वरलाई गरेको अपार प्रेम, उहाँको लागि बिताएका समय, परिश्रम वा पैसाको कुरामा हामी कहिल्यै पनि निराश हुँदैनौं ।

*"आफ्ना कर्मबाट विश्राम लेओ"* भन्ने सन्देश हामी सुन्नेछौँ । परमेश्वर ले अनुभवी ख्रीष्टयनहरुलाई समझमा राख्नुभएको हुनसक्छ । अनुभवी ख्रीष्टयनहरुले शरीर, समझ र आत्मालाई एक बनाएर राख्नको लागि भोग्नुपर्ने कष्टहरुको बारेमा  जवानहरुलाई केही थाहा हुँदैन । विश्राम मात्र होइन तर पहिचान पनि जोडिएको हुन्छ - *"उनीहरुको काम पछि लाग्नेछन"* । सबै कुरा, जुन उहाँको नाउँमा र उहाँको सेवाका लागि गरिएको थियो, ती सबै गनिनेछ ।

मृत्युको लागि केवल दुई ठाउँहरु मात्र छन् - परमेश्वर भित्र वा परमेश्वर बाहिर । ती सबै जो परमेश्वर भित्र मर्छन्, उनीहरु धन्यका तुल्याइन्छन् । परमेश्वरको लागि बाँच्ने व्यक्ति नै परमेश्वरमा वा उहाँको निम्ति मर्न सक्छ ।

*"किनकि तिमीहरुमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरु सबैले ख्रीष्टलाई धारण गरेका छौ"* (गलाती ३:२७) । *"तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु"* (प्रकाश २:१०) ।

# हामीले मोशाको व्यवस्थाका आज्ञाहरु पालना गर्ने की खीष्टका व्यवस्थाको आज्ञाहरु ?



यस लेखमा लेखिएको शिर्षकको प्रश्नको बारेमा धेरै जसो बाइबलको विश्व विद्यालयका विद्यार्थीहरुले मोशा र खीष्ट दुवैको पालना गर्नुपर्छ भनेर जवाफ दिन्छन् । तर, हामी एक पटक परमप्रभु परमेश्वरले यस बारेमा के भन्नुहुन्छ भनी छानविन गर्न सक्छौ? उहाँको जवाफ हामीले मत्तीको पुस्तकमा दिएको एउटा सानो कथा मार्फत हेर्न पाउछौं । धेरै बाइबलहरुले यसलाई *"रुप परिवर्तन"* को शिर्षक दिएको छ । जसको कथाः

*"यसको छ दिनपछि येशूले पत्रुस, याकूब र तिनका भाइ यूहन्नालाई आफूसँग एउटा उच्च पहाडमाथि अलग्गै लैजानुभयो । तिनीहरुका सामुन्ने उहाँको रुप परिवर्तन भयो । उहाँको चेहरा सूर्यझैं चम्क्यो, र उहाँका वस्त्र प्रकाशझैं सेता भए । अनि मोशा र एलिया उहाँसँग बातचित गरिरहेका देखा परे ।*

*पत्रुसले येशूलाई भने, हे प्रभु, हामी यहाँ भएको असल छ । तपाईको*

*इच्छा भए म यहाँ तीन वटा वासस्थान बनाउनेछु, एउटा तपाईको निम्ति, एउटा मोशाको निम्ति र एउटा एलियाको निम्ति ।*

*तिनी बोल्दाबोल्दै, चम्किलो बादलले तिनीहरुलाई ढाकिहाल्यो, र त्यस बादलबाट एउटा आवाज आयो, यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु, यिनको कुरा सुन ।*

*जब चेलाहरुले यो सुने, तब तिनीहरु अति भयभीत भएर घोप्टो परे । तर येशूले आएर तिनीहरुलाई छोएर भन्नुभयो, उठ, नडराओ' । जब तिनीहरुले आफ्ना आँखा उचाले, येशूबाहेक तिनीहरुले अरु कसैलाई देखेनन्"* (मत्ती १७:१-८) ।

परमेश्वर पिताले भन्नुभयो, *"यिनको कुरा सुन"* । *"यिनको"* भन्नाले उहाँको प्रिय पुत्र, येशू हुन् । त्यसैले परमेश्वर पिताले मानिसहरुलाई कडा रुपमा येशूको कुरालाई सुन भनेर आज्ञा दिनुभएको हो । नत्र भए, उहाँले सोभ्कैं किन चेलाहरुलाई मोशा र एलियाको नभएर येशूलाई सुन्नु भनेर आदेश दिनुहुन्थ्यो? यस प्रश्नको उत्तर येशू खीष्टले बाइबलमा निकै स्पष्टसँग *"अन्तिम सन्देश"* को शिर्षक अनुच्छेदद्वारा दिनुभएको छः

*"ती एघारै जना चेलाहरु गालीलको त्यस डाँडामा गए, जहाँ येशूले तिनीहरुलाई जाने आदेश दिनुभएको थियो । तिनीहरुले उहाँलाई देखेर दण्डवत् गरे, तर कतिले चाहिँ शङ्का गरे । तब येशूले तिनीहरुकहाँ आएर भन्नुभयो, स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु"* (मत्ती २८:१६-२०) ।

जीवनमा हामी कसको कुरा सुन्दछौं? जसको शक्ति र अधिकार छ, हामी तिनीहरुको सुन्दछौं । उदाहरणको लागि, बालकहरुले आमाबाबुको, त्यसपछि शिक्षकहरुको, र पछि जीउँदै जाँदा हामी प्रहरी र सरकारका कुराहरु सुन्दछौं । तरपनि, हाम्रो जीवन अनुसार परमेश्वरको अघि हामीले कसको कुरा सुन्नुपर्दछ? येशूले माथि दिइएको पङ्तीमा भन्नुभएको छ, *"स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ ।"* यदि समस्त अधिकार येशू लाई दिनुभएको छ भने मोशाको भागमा कति पर्दछ ? शुन्य ! हामीले केवल येशूको कुरा मात्र सुन्नुपर्दछ ।

येशूले घोषण गर्नुभयो, *"मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एक जना न्यायाधीश छन् । जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनको न्याय गर्नेछ"* (यूहन्ना १२:४८) । न्यायको दिनमा हामीलाई मोशाको वचनले न्याय दिने होइन । तर हामी त येशूको वचनद्वारा जाँचिने छौं । त्यसैले हामीले येशू ख्रीष्टलाई सुनेर, उहाँको आज्ञापालन गर्नुपर्छ ।

**तुलना**

| मोशा | येशू ख्रीष्ट |
|---|---|
| १. मानिस । | १. ईश्वर । |
| २. पाप गरेका । | २. पाप रहित । |
| ३. पशु बलिदान गरेका । | ३. स्वयं आफु नै बलि हुनुभयो । |
| ४. व्यवस्था र नियम ल्याएका । | ४. अनुग्रह ल्याउनुभएको । |
| ५. परमेश्वरको घरको दास । | ५. परमेश्वरका पुत्र । |
| ६. मोशालाई उद्धारकर्ताको आवश्यक थियो । | ६. ख्रीष्ट नै उद्धारकर्ता हुनुहुन्छ । |

## उहाँ नै मुक्तिदाता हुनुहुन्छ ।

*"किनकि पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ"* ( एफिसी ५:२३) ।

परमेश्वर पिताको पुत्र ख्रीष्ट नै मुक्तिदाता र उद्धारकर्त्ता हुनुहुन्छ । उहाँ नै त्यस्तो एकजना व्यक्ति हुनुहुन्छ जसले मानिसहरुलाई पापबाट बचाउन सक्नुहुन्छ । मानिसलाई मुक्ति दिनको निम्ति उहाँले पापको मोल तिर्नुभयो । पापबाट छुट्कारा पाउनको लागि ख्रीष्टविना मानिसको अरु कुनैमा आशा नै छैन ।

ख्रीष्टमा विश्वास राख्ने धेरै जसो मानिसहरु सबैले ख्रीष्ट नै मुक्तिदाता हुनुहुन्छ भनी स्वीकार गर्दछन् । प्राय, तिनीहरुले ख्रीष्टमा विश्वास गर्दा मात्र उद्धार पाउन सकिन्छ भनेर प्रचार गर्दछन् । तर पनि धेरैले, कसरी र कसलाई येशूले बचाउनु हुन्छ भन्ने बारेमा बाइबलको वचनले के सिकाउँछ भन्ने विषयलाई स्पष्ट रुपमा देख्न र बुझ्न असफल भइरहेका हुन्छन् ।

# ख्रीष्टले कतिवटा मण्डली स्थापना गर्नुभयो ?

**ख्रीष्टले केवल एउटै मण्डली स्थापना गर्नु भयो ।**

त्यहाँ केवल एउटै मण्डली छ भन्ने सत्यता नयाँ करारमा धेरै पटक दोहोऱ्याइएको छ । येशूले भन्नुभयो, *"म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु"* (मत्ती १६:१८) । उहाँले *"मण्डलीहरु"* होइन तर, *"मण्डली"* भन्नुभयो । परमेश्वर पिताले धेरै मण्डलीहरु होइन तर एउटै मण्डली स्थापना गर्छु भनेर प्रतिज्ञा गर्नुभयो ।

मण्डली ख्रीष्टको शरीर हो । *"र उहाँ (ख्रीष्ट) मण्डलीको शिर हुनुहुन्छ"* (कलस्सी १:१८), *"र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो"* (एफिसी १:२२) । *"किनकी पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ; उहाँ स्वंयम् त्यसको मुक्तिदाता हुनुहुन्छ"* ( एफिसी ५:२३) । *"शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ - जसरी तिमीहरु बोलाइँदा एउटै आशामा बोलाइएका थियौ; एउटै प्रभु, एउटै विश्वास, एउटै बप्तिस्मा, एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ"* (एफिसी ४:४-६) । केवल एउटै प्रभु, एउटै परमेश्वर, एउटै विश्वास, र एउटै बप्तिस्मा मात्रै नभई; त्यहाँ केवल एउटै शरीर वा एउटै मण्डली छ ।

संसारमा एउटै मात्र ख्रीष्टको सत्य मण्डली छ । एउटा परमेश्वर, अर्को परमेश्वरझैं असल वा एउटा मण्डली, अर्को जस्तै असल भनेर प्रचार गर्ने कुरा धर्मशास्त्र बिपरित हो । एउटा परमेश्वर अर्को परमेश्वर जस्तै असल भनेझैं एउटा मण्डली अर्को मण्डलीझैं असल हुन्छ भन्ने कुरा निर्णय गर्ने योग्य होला त? पापीहरुलाई उनीहरुको इच्छा अनुसार उद्धारकर्त्ता छान्न वा उनीहरुको इच्छा अनुसारको मण्डलीमा सहभागी हुन उत्साह दिने कुरा तार्किक अथवा असल हुन सक्छ । त्यहाँ केवल एउटै उद्धारकर्त्ता, एउटै विश्वास, एउटै बप्तिस्मा र एउटै मण्डली छ ।

मानिसहरुद्धारा धेरै मण्डलीहरुको स्थापना, अनि आफु विच धार्मिक सम्प्रदायहरुको स्थापना गर्छन् भन्ने कुरा ख्रीष्टको अभिप्राय थिएनन् । यस्तो त अगमवक्ताहरुको पालामा पनि भएको थिएनन् । त्यति बेला केवल एउटै मात्र मण्डली (ख्रीष्टको मण्डली) थियो, र सबै ख्रीष्टयनहरु त्यसै मण्डलीका सदस्यहरु थिए-चाहे उनीहरु यहूदीहरु होस् वा अन्यजातीहरु, धनी

वा गरिब, दास वा स्वतन्त्र होस् । सबै जसले येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने विश्वास गरे र उहाँलाई परमेश्वर पिताका एक मात्र पुत्रको रुपमा स्वीकार गरेर पश्चताप गरे र बप्तिस्मा लिए, उनीहरु ख्रीष्टको मण्डलीमा थपिए (प्रेरित २:४७) । उनीहरु सबै *"एउटै शरीरमा"* जोडिए । (एफिसी २:१६); *"एउटै शरीरमा बोलाइको"* (कलस्सी ३:१५); र *"एउटै शरीरमा बप्तिस्मा पाएको"* (१ कोरिन्थी १२:१३) । प्रेरितहरुका दिनहरुमा खीष्टयनहरु विभिन्न मण्डलीहरु का सदस्यहरु थिएनन् । किनभने बप्तिस्माद्वारा उनीहरु सबै, *"एउटै शरीर"* जो ख्रीष्टको अङ्गमा जोडिएका थिए । उनीहरु एउटै मण्डलीका परिवार थिए । सम्प्रदायिक मण्डलीहरुको अस्तित्व त्यति बेला थिएनन्, जुन अगमवक्ताहरु को समय भन्दा सयौं वर्षपछि मात्र आएको थियो ।

ख्रीष्टियन धर्मको सुरुवाटमा केवल एउटै मात्र मण्डली थियो । त्यो मण्डली, न क्याथोलिक न त प्रोटेस्टेन्ट थियो । किनभने ख्रीष्टको मण्डली त सयौं वर्ष अघि देखि नै चल्दै आएको थियो जुन बेला इतिहासमै त्यस्ता मण्डलीहरु अस्तित्वमा थिएनन् । त्यति बेला मण्डलीलाई कुनै पनि तरिकामा विभाजन अथवा सम्प्रदायमा खण्डित गरिएको थिएन । सबै, जसले ख्रीष्टलाई प्रभु र मुक्तिदाताको रुपमा स्वीकार गरे, तिनीहरु परमेश्वरको मण्डलीमा थपिए । उनीहरु आफ्नै विचारले मण्डली रोजेनन्, तर ख्रीष्टको मण्डली बाहेक अरु कुनै बाटो थिएनन् ।

आज हामीलाई आफ्नै इच्छाको *"मण्डली रोज्न र सहभागी हुन"* अनुरोध गरिन्छ । यस्ता कुरा बाइबल अनुसार नभई त्यसको विपरित गएको छ, किनभने बाइबलमा प्रष्टै, *" शरीर एउटै मात्र छ"* भनेको छ (एफिसी ४:४) । यदि हामीले बाइबललाई पालना गर्ने हो भने हामी कुनै पनि सम्प्रदायिक मण्डलीमा सहभागी नभई ख्रीष्टको एउटै मात्र मण्डलीमा थपिनेछौ । सत्य र वास्तविक ख्रीष्टको मण्डली एउटै मात्र छ जहाँ सबै ख्रीष्टियनहरु एउटै परिवारको रुपमा सहभागी हुन्छन् ।

## ख्रीष्टको मण्डली आज पनि जीवितै छ ।

आज, तपाईले ख्रीष्टको मण्डली - क्यानाडामा होस् या अमेरिकामा, वा मेक्सिको, इङ्गल्याड, युरोप, चीन, जापान आदि जुनसुकै ठाउँमा भए पनि - त्यहाँ तपाईले पहिलेका मानिसहरुले अर्थात १९०० वर्ष अगाडि पालना गरिने वास्तविक मण्डली अनुसार चलेको देख्नुहुन्छ । विभिन्न भागमा विभाजित भएका जातिहरु वा सम्प्रदायकहरु (क्याथोलिक वा प्रोटेस्टेन्ट), धर्मशास्त्र अनुसार विपरित हुन्छन् र तिनीहरुले ख्रीष्टको मण्डलीको पालना गरेका हुँदैनन् ।

# नयाँ करार-हाम्रो एकमात्र मार्गदर्शन ।




हामी खीष्टको मण्डलीले अरु सबै मण्डली परिषदहरुका विचार निर्णयहरु, धर्मशास्त्रहरु वा शिक्षकहरु, सबै मानिसहरुद्वारा बनेका परम्परा वा धर्मसारहरुलाई अस्वीकार गर्दछौ । तर नयाँ करारलाई केवल एक मात्र धर्मको अगुवाईको रुपमा आदर र स्वीकार गर्दछौ । नयाँ करारद्वारा पाएको मण्डलीको शिक्षा, धर्म, संगठन र पालनालाई हामी सही तरीकाले अनुकरण गर्न चाहन्छौ । *“यदि कसैले बोल्दछ भने, परमेश्वरको वचन बोलेजस्तै त्यसले बोलोस्”* (१ पत्रुस ४:११) । पावलले खीष्टयनहरु लाई धर्मशास्त्रअनुसार जीउन उत्साह दिएका छन् (१ कोरिन्थी ४:६) र हामीलाई चेतावनी दिइएको छ कि हामीले न त धर्मशास्त्रमा केही शब्द थप्न सक्छौ न लेखिएको कुरामा केही घटाउन सक्छौ (प्रकाश २२:१८-१९) ।

अगमवक्ताहरुको समयमा परमेश्वरद्वारा लेखिएको वचन नै विश्वास र आज्ञा पालनाको मार्ग र आधार थियो । हामी खीष्टका मण्डलीले यसरी नै नयाँ करारलाई सत्य मार्गको रुपमा लिएर हिंड्ने प्रयास गर्दछौ । हामी तब मात्र सत्य ठहरिन्छौँ जब हामीले यसको शिक्षा अनुसार हिँड्छौ । आजको मण्डली तब मात्र साँचो र धार्मिक हुन्छ, जब यसले नयाँ करारको शिक्षा, संगठन, धर्म, र आज्ञा अनुसार पालना गर्दछ ।

पावलले १ कोरिन्थी १:१० मा चेतावनी र उत्साहसाथ लेख्दछन्, *“प्रभु येशू खीष्टको नाउँमा म तिमीहरुलाई आग्रह गर्दछु, कि तिमीहरु सबै एक-अर्कासँग सहमत होओ, र तिमीहरुको माझमा केही फूट नहोस् । तर तिमीहरु एकै मन र एकै विचारका होओ ।”* वास्तवमा *“फूट”* भन्ने शब्दको अर्थ, *“सम्प्रदायिक”* शब्दसँग मिल्छ । सम्प्रदायिक मण्डलीहरुले एउटै शिक्षा सिकाउँदैनन् । उनीहरुले सत्यलाई मानिसका झूटा शिक्षासँग मिसाएर प्रचार गर्दछन् । सत्यको खोजी गर्नेहरु जस्तै होऔ...जसरी प्रेरित १७:११ मा भनिएको छ, *“ती कुराहरु ठीकै हुन् कि होइनन् भनी दिनहूँ धर्मशास्त्र छानबिन गर्थे ।”*

परमेश्वरको वचनलाई पुन नियाल्नुहोस् । येशूको मण्डली, जुन उहाँको शरीर हो, त्यसको शिर मात्र नभएर उहाँ त्यस शरीर (मण्डली) को मुक्तिदाता पनि हुनुहुन्छ । यो भन्दा पनि सरल पावलले कसरी भन्ने? ख्रीष्टले शरीरलाई बचाउनु हुन्छ, जुन चाहिँ मण्डली हो । उहाँको शरीर बाहेक अरु कुनै चिज बनाउछु भनेर वचनमा कुनै प्रतिज्ञा गर्नु भएको छ? छैन ! उहाँले संसारका कुनै मानिसको नाउँको मण्डली स्थापना गर्छु भनेर प्रतिज्ञा गर्नुभएन । उहाँ आफ्नै मण्डलीको मुक्तिदाता हुनुहुन्छ ।

यसले मण्डलीको सिद्धान्तलाई चुर गर्दछ । मेरो मित्र, मेरो प्रिय, यदि तपाई ख्रीष्टको शरीर अर्थात उहाँको मण्डलीको अङ्ग हुनुहुन्न भने तपाईको उद्धार हुन्छ भनेर कहि पनि प्रतिज्ञा गरेको छैन । कसैले भन्छन्, *"ख्रीष्ट हाम्रो उद्धारकर्ताको हामीलाई खाँचो छ तर हामीलाई मण्डलीको जरुरत छैन ।"* यस्ता वाक्यहरु वा भनाइहरु सत्य होइनन् । ख्रीष्टको रगतको मोल मण्डली हो । उहाँले मण्डलीको निम्ति आफ्नै रगत बगाउनु भएको थियो । *"उहाँले आफ्नै रगतले किन्नु भएको परमेश्वरको मण्डलीको हेरचाह तपाईहरु गर्नुहोस्"* (प्रेरित २० :२८) ।

के मानिस ख्रीष्टको अमूल्य रगतविना बचाइन सम्भव छ? छैन ! *"उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा पाउँछौं"* (एफिसी १:७) । पापलाई क्षमा गर्ने र मण्डलीको मोल तिर्ने रगत, एउटै हुन् । जबसम्म म ख्रीष्टका शरीरको अङ्ग बन्दिँन, जुन चाहि ख्रीष्टको रगतले किनिएको हो, तबसम्म म बचाइनेछु भन्ने कुनै आशा हुँदैन ।

जब कुनै मानिसहरुले वचनबमोजिम दिइएको क्षमाका आज्ञाहरुको पालना गर्छन्, तिनीहरु बचाइनेछन् (प्रेरित २:३८) । उनीहरु, परमेश्वरद्वारा ख्रीष्टका मण्डलीमा थपिइनेछ, जुन ख्रीष्टको शरीर हो (प्रेरित २:४७) । के तपाई पनि उहाँको शरीरको अङ्ग हुनुहुन्छ? हुनुहुन्न भने, आज नै उहाँको आज्ञापालना गर्नुहोस ताकि उहाँ तपाईको उद्धारकर्ता बन्न सकुन् !

***"र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइ दिनुभयो, जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो । र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ"* (एफिसी १:२२,२३) ।**

# आवश्यक छैन ।

दिने कुरामा मेरो अनुभवलाई *"भावनाहरुको मिश्रण"* को रुपमा लिन सकिन्छ । धेरै वर्षहरुसम्म एक जवान पती र बुबाको रुपमा परिवारका रेखदेख गर्ने सघर्षमा डुबेको अवस्थामा जब म 'दिने' विषय सुन्दथे तब म रिसले चुर हुन्थे र कति पटक त नसुनेको जस्तो गर्दथे । यस समस्याको कारण मैले ख्रीष्टको नाउँमा जति दिनुपर्ने थियो, त्यति मैले दिइरहेको थिईन भन्ने कुराको जानकारी मलाई थियो भन्ने म स्वीकार गर्दछु । र त्यसमा अर्को पनि समस्या थियो ।

हरेक वर्षको अन्त्यतिर धेरै जसो, प्रचारकलाई 'दिने' विषयमा वचनको प्रचार गर्न एल्डरहरुले उत्साह गर्दथे । कहिलेकाहीं एल्डरहरुले मिलाइसकेको आम्दानी खर्च शिर्षकमा वचनको प्रचार गरिन्थ्यो । अरु बेलामा तिनीहरुले यो बिषयमा प्रचार गर्दैनन् । एउटा परिस्थितमा प्रचारकले क्षमा माग्दै भने, *"यो वर्षमा चाहिँ यस बिषयलाई फेरिपनि दोहोऱ्याउँ दिन भन्ने कसम खान्छु ।"*

जब मेलै बाइबल धर्मशास्त्र अनुसार दिने विषयमा अध्ययन गर्न थाले तब मैले झट्टै बुझिहाले कि हामीले त आवश्यकताको आधार बनाइरहेका रहेछौ जुन बाइबल अनुसार होइनन् । *"अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर । किनभने खुशीसाथ दिने लाई परमेश्वरले प्रेम गर्नुहुन्छ"* (२ कोरिन्थी ९:७)।

खुशीसाथ दिनेमा के कस्ता गुणहरु हुन्छन्? के तपाईलाई, तपाईले पहिलो पटक पाउनु भएको उपहारको समय याद छ? उपहार दिने कार्यलाई प्रेमले नभई कुन कुराले उत्साह दियो? आमा, बुबा, साथी, वा प्रेमीप्रतिको प्रेमको कारणले नै उपहार दिने कार्यलाई अझ रमाइलो र खुशीले भरेको समय बनाउँदछ । कर कापमा दिने जस्तो यो होइन् ।

हामी याद गर्नुपर्छ कि हामी प्रेमिलो र दानी परमेश्वरको सेवा गर्छौं । उहाँले हामीलाई जीवन दिनुभयो । उहाँले हामीलाई जीउनको निम्ति सुन्दर संसार दिनुभयो । जीउनको निम्ति चाहिने शक्ति र साधन दिनुभयो । सबैभन्दा ठुलो, उहाँले हाम्रो पापको निम्ति आफ्नो एकमात्र पुत्रलाई बलि चढाउनु भयो; उहाँले हामीलाई दिनुभएको उदारता अरुसँग बाड्ने मौका पनि दिनुहुन्छ ।

यहि अवसर बारे पावलले कोरिन्थीहरुका लागि लेखिएको पत्रमा बयान गरेका छन् । यरुशलेमका दूतहरु खाँचोमा थिए । पावलले माकेडोनियामा भएकाले यस खाँचोको बारेमा कस्तो तर्क पठाए भन्ने बारेमा लेख्छन्, *"भाइ हो, माकेडोनियाका मण्डलीहरुमा परमेश्वरले दिनुभएको अनुग्रहको विषयमा हामी तिमीहरुलाई बताउन चाहन्छौँ । कष्टको भयङ्कर परीक्षाको बिचमा पनि प्रशस्त आनन्द र घोर दरिद्रतामा तिनीहरुले उदार-चित्तले दान दिए"* (२ कोरिन्थी ८:१,२) ।

आनन्द र दरिद्र बिचको सम्वन्ध कति नजिक छ भन्ने कुरालाई ध्यानमा राख्नुहोस् । पावलले कोरिन्थीहरुलाई तयार रहो भनी भन्दछन्, *"यसकारण तिमीहरुले प्रतिज्ञा गरेका भेटीको प्रबन्ध अघिबाटै मिलाउनका निम्ति*

*मभन्दा अघि भाइहरुलाई तिमीहरुकहाँ पठाउन मैले आवश्यक ठानें । यसैले यो भेटी करकापले होइन, तर राजीखुशीले दिइएको भेटीको रुपमा तयार होस्"* (२ कोरिन्थी ९:५) । "प्रतिज्ञा", "करकापले होइन", र "राजीखुशी" जस्ता शब्दहरुको अर्थमा ध्यान दिनुहोस् । यसबाट, नचिनेका अथवा पहिलेका जस्तो विश्वासीहरु को सेवा गर्न भाईहरु निकै उत्साहित थिए भन्ने हामी बुझ्न सक्छौँ ।

माकेडोनियाहरुमा यस्तो उत्साह कसरी जाग्यो? हामीले यसको जवाफ २ कोरिन्थी ८:५ मा पढ्न पाउँछौ: *"हामीले अपेक्षा गरेबमोजिम तिनीहरुले गरेनन्, तर तिनीहरुले पहिले आफैलाई प्रभुमा अर्पण गरे, र परमेश्वरको इच्छा अनुसार हामीलाई दिए ।"* अरु जस्तै उपहारहरु चढाए तापनि परमेश्वर पिताले सबैभन्दा बढी चाहनुहुने उपहार: हामी स्वयंम्को मोल अरु कुनै कुरासँग तुलना गर्न मिल्दैन । *"कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफुलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्"* (मत्ती १६:२४)।

मैले सेवा गरेको ठाउँको नियम आज म तपाईहरुको अघि ल्याउनेछु जसको अनौठो छन् । पहिलो, अगुवाहरुले सभालाई आम्दानीको रुची बढाउन दिने बारेमा फैसला गर्दथे । यसो गर्नलाई उनीहरुले मण्डलीका कामको बारे प्रस्तावहरु तयार गर्दथे । दुई महिना अघि देखि नै उनीहरुले "दिनु" बिषयमा पाठहरुको प्रचार गर्दथे । यो चाहिं बाइबलको आधारमा हुने गर्दथ्यो ।

यसै पक्षमा, त्यसपछि सभालाई उनीहरुको हृदयको छानविन गरेर अर्को वर्षभरि कति दिँदा ठीक हुन्छ र आउने तीन वर्षसम्म कति दिने अनि आउने तीन आइतबारहरुमा कति दिने भन्ने बारेमा निर्ष्कष ल्याउने काम गराइन्थ्यो । किन तीन आइतबारसम्म? यसले चाहिँ, सामान्य हिसाबमा कति उठ्छ भन्ने आकार दिन्थ्यो जसको आधारमा के-के कामहरु गर्नुपर्छ भन्ने फैसला अगुवाहरुले गर्दथे । साराशंमा उनीहरुले सभालाई आम्दानीको आधारमा खर्चको सुची तयार पार्ने काम गरेका थिए ।

यसबारे अचम्म लाग्दो कुराचाहिँ, हरेक अवस्थामा जब यसको काम लागु गरिन्थ्यो, सभाले अगुवाहरुले राखेको प्रस्तावभन्दा भेटी बढी राख्दथे र अन्तमा उनीहरुले सोचेको वा प्रस्ताव राखेको भन्दा बढीरुपमा सेवा गरेका वा दिएका हुन्थे । अझ बढी, सभाका व्यक्तिहरु स्वयंम् पनि मण्डलीका कार्यहरुमा उत्साहसाथ र खुशीसाथ परमेश्वरको सेवा र काममा लागिरहेका हुन्थे । यस नियम अनुसार करिब तीन वर्षमा नै मैले सभाको दिने काम दुई-तीन गुणमा बढे को देखेको छु ।

धर्मशास्त्रअनुसार, दिनुलाई प्रेमको र परमेश्वरको भक्तिको कर्मको रुपमा वर्णन गरिएको र सिकाइएको पाइन्छ । यो ख्रीष्टियनहरुले पाउन सक्ने उत्साह र खुशीले भरेको अनुभव हुन्छ । सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस् । यसमा मलाई जाँचेर हेर, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, *"म स्वर्गका ढोकाहरु उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरु माथि बर्साउँछु वा बर्साउँदिनँ"* सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । (मलाकी ३:१०)

# पाँच मिनेट बाइबल अध्ययन

(१) अरु कसैमा ....................................... छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि.................... अर्को कुनै ..............दिइएको छैन् ।

(२) उहाँले हामीलाई जनतामा ............................................. गर्न र उहाँ जीवित र मृतकहरुका .................. हुनलाई....................नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ भन्ने गवाही दिनलाई................गर्नुभएको छ ।

(३) किनकि परमेश्वर.................हुनुहुन्छ, परमेश्वर र मानिसहरुका बीचमा मध्यस्त पनि.............हुनुहुन्छ– मानिस, ख्रीष्ट येशू ।

(४) किनकि विश्वासद्धारा तिमीहरु सबै.............................. परमेश्वरका..............................................हौ । किनकि तिमीहरुमध्ये जतिको ख्रीष्टमा..................भयो, तिमीहरु सबैले ख्रीष्टलाई धारण गरेका छौ ।

(५) उहाँ हाम्रा..................निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा.................पापका निम्ति पनि ।

(६) येशूले तिनलाई भन्नुभयो, .................., .......................... ...................... र.....................म नै हुँ । मद्धारा बाहेक कोही पनि................आउन सक्दैन ।

# येशूको प्रचार




**येशूको बारेमा प्रचार गर्नु उहाँ हाम्रो निम्ति मर्नुभएको घोषणा गर्नु हो ।** *"तब तिनले पढिरहेका धर्मशास्त्रको खण्ड यो थियो, ''जसरी भेडा काटिनलाई लागिन्छ, वा थुमा ऊन कत्रनेको सामु चूप रहन्छ, त्यसरी नै उसको आफ्नो मुख खोलेन । उसको अपमानित अवस्थामा उसलाई न्याय मिलेन । उसको पुस्ताको बयान कसले गर्ने ? किनभने उसको जीवन पृथ्वीबाट हरण भयो ।"* (प्रेरित ८:३२,३३) ।

यो अनुच्छेद यशैया ५३:७,८ मा पाइन्छ । फिलिपले यसै पदबाट शुरु गरेर त्यस नपुंसकलाई ख्रीष्टको बारेमा प्रचार गरे । वस्तवमा, फिलिपले घोषणा गरे कि येशू तिनको पापको लागि पनि मर्नुभएको थियो । ख्रीष्टको मृत्युमा भएको जित नै प्रचारको केन्द्रबिन्दु बनेको हुनुपर्छ । *"हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो । उहाँकै चोटहरुद्वारा तिमीहरु निको भयो"* (२ पत्रुस २:२४) । येशूको प्रचार गर्दा फिलिपले यही सन्देश बाडे ।

**येशूको बारेमा प्रचार गर्नु उहाँको मुक्तिको उपायको घोषणा गर्नु हो ।** *"उहाँको आज्ञापालन गर्नेहरु सबैका निम्ति उहाँ अनन्त मुक्तिको स्रोत बन्नुभयो"*

(हिब्रू ५:९) । फिलिपले नपुंसकलाई बोलाएर उद्धारको निम्ति येशमा आज्ञापालन गर्ने शिक्षा दिए । *"अनि उनीहरु बाटोमा जाँदाजाँदै केही पानी भएको एउटा ठाउँनेर आइपुगे । ती नपुंसकले भने, 'हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनदेखि केले रोक्न सक्छ?' र फिलिपले भने, 'यदि सारा हृदयले नै विश्वास गर्नुहुन्छ भने तपाईले बप्तिस्मा लिन सक्नुहुन्छ' । तिनले जवाफ दिए, 'येशू ख्रीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु' । तिनले रथ रोक्ने आज्ञा दिए, अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले, र उनले तिनलाई बप्तिस्मा दिए"* (प्रेरित ८:३६-३८) ।

जब प्रचारकहरुले मानिसहरुलाई मुक्ति पाउनको लागि के गर्नुपर्छ भनेर प्रचार गर्न छोडछन् तब तिनीहरुले येशूको बारेमा प्रचार गर्न छोडेका हुन्छन् । येशूको प्रचार गर्ने बेलामा, उहाँले बनाउनुभएको मुक्तिको योजनाबारे फिलिपले प्रचार गरे । त्यस नपुंसकले विश्वास गरेर स्वीकार गरे र बप्तिस्माद्धारा उनी बचाइए ।

**येशूको बारेमा प्रचार गर्नु मुक्तिको आनन्दको घोषणा गर्नु हो ।** त्यस नपुंसकले मुक्तिनै सबैभन्दा ठुलो आशिष हो भनेर विश्वास गर्नु स्वभाविक नै हो । *"तर जब उनीहरु पानीबाट बाहिर उक्लिआए, तब प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानुभयो, र ती नपुंसकले उनलाई फेरि देखेनन्, र ती र माउँदै आफ्नो बाटो लागे"* (प्रेरित ८:३९) । केवल येशूमा मात्र साँचो आनन्द प्राप्त गर्न सकिन्छ । येशूको प्रचार गरेको कारणले नै ती नपुंसकले ठुलो आशिष प्राप्त गर्न गरे । येशूले भन्नुभयो, *"तब रमाओ, र अत्यन्त खुशी होओ, किनभने स्वर्गमा तिमीहरुको इनाम ठुलो हुनेछ..."* (मत्ती ५:१२) । जब फिलिपले येशूको बारेमा प्रचार गरे तब उनले मुक्तिको आनन्दको घोषणा गरे ।

**निष्कर्ष:** यो पापी संसारलाई बचाउने एउटै उपाय येशूको बारेमा प्रचार गर्नु हो । हामीलाई आवश्यक परेको कुरा भ्रातृत्व हो, येशूको प्रचारमा पाउँछौ । *"तब ती छरपष्ट भएकाहरुले चारैपट्टि गएर वचन प्रचार गरे"* (प्रेरित ८:४) । अर्को शब्दमा भन्दा उनीहरु सबै ठाँउमा येशूको बारेमा प्रचार गर्दै गए ।

**हामीलाई दिएको आज्ञा हो यहि र यहि मार्गद्धारा हाम्रो काम पुरा हुन्छ ।**

# पश्चात्ताप र स्वीकार



*"विश्वासको सिद्धान्त"* मा पश्चात्तापको निकै ठुलो महत्व रहेको छ (रोमी ३:२७) । मानिसको रोजाइमा *"पश्चात्ताप कि नाश"* मात्र छन् (लुका १३:३) । *"पाप क्षमाको निम्ति"* पश्चात्ताप गर्नुपर्छ( प्रेरित २:३८) । पश्चात्तापको अर्थ "विचार मा परिवर्तन ल्याउनु" हो (मत्ती २१ :२८,२९), जसले जीवनमा नयाँपन ल्याउँदछ । यूहन्नाले भने, *"पश्चात्ताप सुहाँउदो फल फलाओ"* ( मत्ती ३:८) । येशूले निनवेका मानिसहरुको बारेमा भन्नुभयो, *"योनाको प्रचारमा पश्चात्ताप गरेथे"* (लूका ११:३२) । उनीहरुले पश्चात्तापबाट फल फलाए किनकी, *"तिनीहरु आफ्ना कुमार्गबाट फर्केर आए"* (योना ३:१०) ।

परमेश्वर पिताको एक मात्र पुत्रको रुपमा येशूलाई स्वीकार गर्नु, सुसमाचार को निक महत्वपूर्ण कार्य हो । पावलले भने, *"आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ"* (रोमी १०:१०) । बप्तिस्मा लिनु अघि ती नपुंसकले स्वीकार गरे, *"येशू खीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु"* (प्रेरित ८:३७) । येशूको बारेमा, *"शासकहरुमध्ये धेरैले उहाँमाथि विश्वास गरे"*, तर उनीहरुको विश्वासमा आज्ञाकारिता थिएनन् किनभने, *"उनीहरुले उहाँलाई स्वीकार गरेनन्"* (यूहन्ना १२:४२) ।

स्वभाविक रुपमा पश्चात्ताप र स्वीकार गर्न मानिसको परिश्रम चाहिन्छ । यस विश्वासको कार्यमा मानिसले केही काम गरिरहेको हुन्छ । याकूबले भन्दछ, *"मैले गरेको कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु"* (याकूब २:१८) । निनवेका मानिसहरुले आफ्ना विश्वास पश्चात्तापको काम गरेर देखाए, तब *"तिनीहरु आफ्ना कुमार्गबाट फर्केर आएको"* भनी परमेश्वरले देख्नुभयो (योना ३:१०) ।

स्पष्ट रुपमा भन्नुपर्दा पश्चात्ताप र स्वीकार गर्नु काम हो । तर कस्तो काम हो? के ती श्रेष्ठताको काम हुन् जसले परमेश्वरको अनुग्रह र कृपालाई विफल गराउँछ र पितालाई ऋणी तुल्याउँछ (रोमी ४:४)? के ती *"कर्मको सिद्धान्त"* मा लागु हुन्छन् (रोमी ३:२७) जसले परमेश्वरको सट्टामा आफुलाई नै भरोसा गरेर घमण्डतर्फ ( एफिसी २:९) र आफूलाई नै पवित्रामा डोऱ्याउँछ (लूका १८:९-१२)? परमेश्वरले यसलाई इन्कार गर्नुहुन्छ । ती त परमेश्वरको पवित्र अनुग्रहसंग मिलेर बसेको विश्वासका कामहरु हुन् जुन *"विश्वासको सिद्धान्त"* संग जोडिएको हुन्छ (रोमी ३:२७) । पश्चात्ताप, स्वीकार, कामप्रतिको विश्वास, येशू खीष्टको रगत र अनुग्रहद्धारा पाइने मुक्तिको स्थापना गरेको हुन्छ ।

*"विश्वासको आज्ञाकारितामा"* पश्चात्ताप र स्वीकारको सहज महत्व देखिन्छ । आज्ञाकारी विश्वासको भरोसा केही निश्चित विश्वासको कर्ममा हुँदैन । भरोसाको विषय त केवल परमेश्वर प्रभुमा मात्र सिमित छ ।

# हामीले परमप्रभु परमेश्वरलाई चिन्नुपर्छ ।

त्यहाँका मूर्ति पुजा गर्ने मानिसहरुलाई मुक्तिको बाटो देखाउने उद्देश्य लिएर पावल एथेन्समा गएको थियो । त्यहाँ उनले केही दर्शन शास्त्रहरु वा ज्ञानी मानिसहरु फेला परे जो संसार भरीका नयाँ कुराहरु सुन्न र जान्न निकै रुचाउँदथे (प्रेरित १७) । तिनीहरुलाई धेरै कुराको ज्ञान थियो तर उनीहरुले परमेश्वर लाई चिन्दैन्थे । तिनीहरुसँग परमेश्वरलाई जान्ने वा खोज्ने योग्यता नभएको होइन तर उनीहरु परमेश्वरलाई खोज्ने पहिलो पाइला चल्नको लागि असफल भएका थिए । संसारमा भएका सबै देवताहरुको बारेमा ज्ञान पाउने क्रममा उनीहरु ले सत्य र केवल एक मात्र अनन्तका प्रभुलाई चिन्न असफल भएका थिए । उनीहरुलाई धेरैको ज्ञान थियो तर- तिनीहरुले प्रभु परमेश्वरलाई चिन्दैन्थे ।

आज पनि त्यस्ता मानिसहरु छन्, जसलाई धेरै कुराको ज्ञान छन् । तर संसारले, केवल आफ्नै बुद्धिद्वारा परमेश्वरलाई चिन्न सक्दैनन् (१ कोरिन्थी १ :२१) । त्यसैकारण परमेश्वरले हामीलाई बाइबल दिनुभएको छ ताकि यसको सहयोगले हामीले उहाँलाई चिन्न सकौ र उहाँका आज्ञाहरुका बारेमा ज्ञान पाउन सकौ । बाइबल बाहेक परमेश्वरलाई चिन्न अरु कुनै मार्ग छैन ।

आज पनि धेरै जना दर्शनशास्त्रका कुरा गर्ने दार्शनिकहरुझै मुर्ख भएका हुन्छन् । हाम्रो मुर्खताको एउटा मात्र उपाय उनीहरुको जस्तै छ । हामीले पश्चात्ताप गरेर प्रभुमा फर्कनुपर्छ (प्रेरित ३:१९) । हामीले धेरै कुरा जान्नुपर्छ - हामीले परमेश्वरलाई चिन्नुपर्छ ।

हामीलाई थाहा छ कि बाइबल बाहेक मुक्तिको खोजी गर्ने अरु कुनै मार्ग छैन (रोमी १०:१७) । हाम्रा भावनाहरु, विचारहरु र अनुभवहरु धेरै जसो धोका दिने मात्र हुन्छन् । यर्मियाले भनेझैं, *“हे परमप्रभु, मलाई थाहा छ, कि मानिसको जीवन उसको आफ्नै होइन । मानिसले आफ्नो मार्ग आफैले निर्देशन गर्नुहुँदैन”* (यर्मिया १०:२३) । हामीले मानिसका विधिलाई अन्धोरुपमा स्वीकार गरेर हाम्रो आत्माले पाउनुपने मुक्तिलाई जोखिममा हाल्नु हुँदैन (मत्ती १५:९) । हामीले परमेश्वरलाई चिन्नैपर्छ । परमेश्वर बोल्नुभएको छ भन्ने कुराको ज्ञान हामीमा हुनुपर्छ । यादगर्नु होस् कि, स्वर्ग र पृथ्वी बितेर जानेछ, तर उहाँको वचन बितेर जानेछैनन् (मत्ती २४:३५) । हामीले परमेश्वरलाई चिन्नुपर्छ ।

जब यो पुरानो संसार अग्नीको ज्वालाले ढाकेको हुन्छ, तैपनि परमेश्वर को वचन जीवित रही रहन्छ । जब सबै कुराहरु बितेर नष्ट भइजानेछ, उहाँको वचन सधैंका लागि रहिरहनेछ । सबै कुरामाथि हाम्रो होशियारी र प्रार्थनाले भरिएको ध्यानले आग्रह गरिएको छ । वचन नै हाम्रो गोडाको निम्ति बत्ती र उज्यालो हो (भजनसंग्रह ११९:१०५) । वचन नै हाम्रो आत्मिक समझ शक्तिको स्रोत हो (भजनसंग्रह ११९:१०४) । हामीले परमेश्वर लाई चिन्नुपर्छ ।

# मेरो दाजुभाइहरूमा मेरो कस्तो प्रभाव पर्छन्?


हरेक ख्रीष्टियनहरुले आफैलाई सोध्नुपर्ने प्रश्न यो हो, "मेरो दाजुभाइहरुमा मेरो कस्तो प्रभाव पर्छन्?" हामी हरेकले यस रेखदेखप्रति निकै महत्व दिनुपर्दछ । किनकि व्यक्तिगत जिम्मेवारीको बारेमा बाइबलले धेरै कुरामा सरोकार राखेको छ ।

उदाहरणको लागि: कसैमाथि अनुपयुक्त कुराहरुप्रति गरिने कडा व्यवहारको कारणले त्यस व्यक्तिलाई आत्मिक जीवनमा लडाउने र ढाल्ने हुन सक्छन् । त्यसै कारणले पावलले ख्रीष्टियनहरुले आफ्नो भाइको बाटोमा ठेस लाग्ने कुरा अथवा बाधा पार्ने कुरा कहिल्यै नराख्ने अठोट गर्न सिकाए (रोमी १४:१३) । अझ उनले ख्रीष्टियनहरुलाई, यस्तो काम नगर्नु जसद्वारा तिम्रो भाइलाई बाधा पर्छ भन्ने आज्ञा दिए (रोमी १४:२१) । येशूले घोषणा गर्नुभयो, *"पाप गर्न लाउने परीक्षाहरुका निम्ति यस संसारलाई धिक्कार! पाप गर्न लाउने परीक्षा त आउँछ नै, तर धिक्कार, त्यस मानिसलाई जसद्वारा पाप गर्न लाउने परीक्षा आउँछ"* (मत्ती १८:७) ।

*"कसैको लड्ने बाटो"* बनाउनुको सट्टा, ख्रीष्टको सेवामा अघि बढ्न, हामीले एक अर्काको बाटोलाई सजिलो र सरल बनाउन खोज्यौं भने धेरै असल हुन्थ्यो भन्नेमा तपाईहरुको सहमति कस्तो छ? फिलेमोन यस्तै प्रकारको व्यक्ति थियो, किनकि पावलले उनलाई पत्र लेखेर यसो भनेको थियो, *"मेरा भाइ, तिम्रो प्रेमबाट मैले धेरै आनन्द र सान्त्वना पाएको छु, किनकि तिमीद्वारा सन्तहरुका हृदय फेरि ताजा भएका छन्"* (फिलेमोन ७) ।

अरु दाजुभाइहरुमा मेरो कस्तो असरहरु छन्? यस प्रश्नको रेखदेख हामी सबैले आ-आफ्नो हिसाबमा गर्नुपर्छ । आफैलाई प्रश्न गर्नुहोस् *"के म, मेरा खराब आचरणले मण्डलीमा अन्धकार र नियति फैलाउँदैछु कि असल आचरणको कारण उज्यालो र खुशी फैलाउँदैछु?"* अझै, *"के म अरुको भलाईको निम्ति जीवनको बाटो बनाउँदैमा व्यस्त छु कि अरुको निम्ति बाधा बनाउने कार्यहरुमा प्रख्यात हुँदैछु?"* डियोत्रिफसहरु चाहि पछिल्लो वर्गमा पर्दथे, जो भाइहरुलाई फलदायी हुन उत्साह वा स्वागत गर्ने होइन तर तिनीहरुलाई मण्डलीबाट बाहिर निकालि दिने विशेषता बढी राख्दथे र यसै कारणले यूहन्नाले तिनीलाई उनको व्यवहारप्रति सूचित गराएका थिए (३ यूहन्ना ९-११) । यस कुराप्रति विचार गर्नुहोस् ।

# के तपाईले पवित्र आत्माको कुरालाई सुनिरहनु भएको छ?



भजनसंग्रह ९५ अध्याय ख्रीष्ट आउनु भन्दा हजार बर्ष अघि दाऊद अगमवक्ताद्वारा लेखिएको परमेश्वरको उपासना, भक्ति, खुशी र धन्यवादको निम्ति लेखिएको प्रार्थनाको भजन हो । उहाँले देखाउनु भएको इच्छा अनुसार विनम्रसाथ अर्पण हुनु हो । पहिलेका अनाज्ञाकारी इस्राएलीको दृश्यमा, पढ्नेहरुलाई अर्ती दिइएको छ, *"...आज तिमीहरुले उहाँको शब्द सुन्यौ भने, तिमीहरुले मेरीबामा गरेजस्तै आफ्ना हृदय कठोर नपार....चालीस वर्षसम्म त्यस पुस्तासँग म क्रोधित भएँ, र मैले भने 'यी त्यस्ता मानिस हुन्, जसका हृदय बरालिएर जान्छन्, र तिनीहरुले मेरा मार्ग चिनेका छैनन' । यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाँए, 'मेरो विश्राममा तिनीहरु कहिल्यै पस्ने छैनन्'* (भजन संग्रह ९५:७-११) ।

पहिलेका इस्राएलीहरु किन परमेश्वरका मार्गहरुप्रति अनजान थिए? उनीहरुलाई सुम्पिएको पवित्र इच्छाहरुको कारणले होइन तर अधुरो वार्तालापको कारणले हो । स्वर्गीय सन्देश बुझ्नको निम्ति गाह्रो भएको कारण पनि पक्कै होइन । तर उनीहरुले परमेश्वरको वचन वा मार्गहरुलाई खुल्ला र ग्रहणयोग्य हृदयले स्वीकार्न खोजेनन् । त्यसैले उनीहरुले परमेश्वरको वचन खुशीसाथ स्वीकार्न इन्कार गरे ।

परमेश्वर अझै पनि सुन्न चाहनेहरुका निम्ति बोलिरहनु हुन्छ । हिब्रू ३:७,८ ले घोषणा गर्दछ, *"यसकारण पवित्र आत्मा भन्नुहुन्छ (वर्तमान काल), 'आज तिमीहरुले उहाँको शब्द सुन्यौ भने, उजाड-स्थानमा परीक्षाको समयमा विद्रोहका दिनमा गरेजस्तो आफ्ना हृदयलाई कठोर नपार'* । याद राख्नुहोस् कि भजनसंग्रह ९५ लाई प्रमाणको रुपमा लिएको छ, तर दाऊदको (हिब्रू ४:७ मा जस्तै) लागि नभएर यहाँ पवित्र आत्मालाई जनाइएको छ । यस अनुच्छेदले धर्मशास्त्रको पवित्रताको बयान मात्र नगरेर धर्मशास्त्रको अहिले र चलिरहने योग्यताको सत्यलाई जनाउँछ । पवित्र आत्माले भनिरहनु भएको छ, "आज....." ।

*"आज'* भन्ने यस अनुच्छेदको वर्णनले वास्तविक रुपमा दाऊदका दिनको उल्लेख गर्दछ जब उनले यी शब्दहरु लेख्ने प्रेरणा पाएका थिए । तर हिब्रू लेखकले भजनसंग्रहको पदलाई प्रमाणका रुपमा आजको दिनमा पनि लागु हुनसक्छ र यहि दिन पनि जब तपाई र म यस प्रसङ्गलाई वर्तमानमा भोगिरहेको छौ । अर्को शब्दमा, संसारमा जीउने हरेक दिन हिजो वा भोलिको होइन तर सधैं "आज" हो ।

परमेश्वर साँच्चै नै हाम्रो भलाइ चाहनु हुन्छ । उहाँले हामीलाई बचाउन र आशिष दिन चाहनु हुन्छ । उहाँलाई स्वीकार गर्नेहरुको लागि तयार गर्नुभएको स्वर्गीय आनन्द हामीले पाउन सकोस् भन्ने उहाँ चाहनु हुन्छ । तर जो घमण्ड वा वेवस्ताको कारणले उहाँको वचनलाई सुन्न वा आज्ञापालना गर्न पछि हटछन्, तिनीहरुका लागि उहाँले केही गर्नु हुन्न । *"भाइ हो, होश गर, तिमीहरुमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरुलाई जीवित परमेश्वरबाट टाढा नलैजाओस् । जबसम्म "आजको दिन" भन्ने कुरा छ, तबसम्म एउटाले अर्कोलाई अर्ती देओ, र पापको छलछामले तिमीहरु कसैको हृदय कठोर नहोस् । यदि हामीले हाम्रो सुरुको भरोसालाई अन्त्यसम्मै दृढतासाथ थामि राख्यौं भने, हामी ख्रीष्टका सहभागी भएका छौ"* (हिब्रू ३:१२-१४) ।

**के हामी पवित्र आत्मालाई सुनिरहेका छौ ?**

# परमेश्वर अन्यायी हुनुहुन्न




हिब्रू ६:१० मा पाउँछौ, *"परमेश्वर अन्यायी हुनुहुन्न, र तिमीहरुका काम र उहाँको खातिर सन्तहरुका सेवामा तिमीहरुले देखाएको प्रेम उहाँले भुल्नुहुन्न्....।"* यी शब्दहरुले हामीलाई उत्साह दिन्छन् । किनकि तिनीहरुले हाम्रो कामहरु व्यर्थको हुनेछैन भनी भन्छन् । हामी केही पाउँछौ कि भन्ने आशामा परमेश्वरको सेवा गर्नुहुँदैन भनी कसैले भक्तिपूर्वक दावा गर्छन्, जुन सत्य पनि हो । त्यस्तो नभएता पनि हामी सबैले विश्वास र आशा राख्छौ कि अन्तमा हामीले हाम्रो कामको इनाम पाउँछौ । पावलले १ कोरिन्थी १५:१९ मा भनेका छन्, *"यदि यस जीवनको लागि मात्र ख्रीष्टमा हामीले आशा राखेको हौं भने हामी सबै मानिसहरुभन्दा बढी दयनीय हुन्छौ ।"*

हामी केही समय हिब्रू ६:१० बारे बिचार गरौ । *"परमेश्वर अन्यायी हुनुहुन्न ।"* यसको अर्थ परमेश्वरले आफ्नो विचार फेर्नुहुन्न र आफुले बनाउनु भएको प्रतिज्ञाहरुप्रति दु:खित हुनुहुन्न । जब उहाँले केही कुरा प्रतिज्ञा गर्नुहुन्छ, उहाँले त्यसलाई पुरा गर्नुहुन्छ । यसले परमेश्वर मानिसजस्तो हुनुहुन्न भन्ने कुरा प्रष्ट हुन्छ । हामी धेरै जसो हाम्रो विचारहरु परिवर्तन गर्ने गर्छौं । हामी भविष्यवाणी गर्न सक्दैनौ । त्यसैले हामी नयाँ वातावरणमा रहन सिक्नुपर्छ । कहिलेकाहीं हामीभन्दा शक्तिशाली बस्तुहरुको कारणले हामी हाम्रा प्रतिज्ञाहरु राख्न चुक्दछौं भने अरु बेला हामी हाम्रै

घमण्ड र लोभको पछि परिरहेका हुन्छौ । हामी सोच्दछौ कि हामीले अझ बढी मोल भएको कारोबार गर्न सक्छौ । त्यस्ता कुराहरु भएता पनि, मानिसहरु धेरै जसो विश्वासनीय हुँदैनन् । यसले परमेश्वरको वर्णन कदापि गर्दैनन् । परमेश्वरले नयाँ कुराहरु खोज्नु पर्दैन किनभने उहाँलाई त भविष्यको बारेमा ज्ञान छन् । सबैकुरा माथि उहाँकै शक्ति छन् । उहाँ लाई आफ्ना प्रतिज्ञाहरु पुरा गर्नबाट कुनै कुराल पनि रोक्न सक्दैन र उहाँमा कति पनि घमण्ड छैनन् । परमेश्वर विश्वास योग्य हुनुहुन्छ । उहाँ चाहनुहुन्छ कि हामीलाई उहाँको बारेमा ज्ञान र विश्वास होस् । हामीले उहाँमा विश्वास राख्नु ठिक हो भन्ने प्रष्ट गराउन लेखकले हामी लाई सम्झाउँछन् कि परमेश्वरले अब्राहामलाई दिनुभएको प्रतिज्ञालाई त्यसै को शपथद्वारा सहमति दिनुभएको थियो (हिब्रू ६:१३-१८) । त्यसकारण हामी कहिल्यै पनि यो जीवनपछि हाम्रो इनाम छ कि छैन भनेर कल्पना गरिराख्नु पदैनन् । परमेश्वरले हामीलाई त्यसप्रति आश्वासन दिनुभएको छ र उहाँले झुटो बोल्नु हुन्न (हिब्रू ६:१८) ।

*"परमेश्वर भुलेर अन्यायी गर्नु हुन्न्"* भन्ने हामीले अर्को पत्ता लगाउँछौ । मानिसहरुले धेरैजसो बिर्सन्छन् । हाम्रो समझ कमजोर हुन्छन् । कहिलेकाही, हामी जानी जानीकन बिर्सने गर्छौ । किनभने त्यो काम हामीलाई मन परेको हुँदैनन्, र त्यसैले हामी सामान्य तरिकामा बिर्सयौ भन्ने बाहना बनाउँछौं । बिर्सने कुराको योजनाले केवल काम पुरा गर्न नदिइएको वास्ताको अनुमान गर्दछ । धेरैजसो, हामीमा असल उद्देश्यहरु हुन्छन् तर हामीले ती पुरा गर्न वास्ता गर्दैनौं । हिब्रू ५:१२ ले यस पुस्तक पढ्नेहरुले आत्मिकरुपमा जसरी बढ्नु पर्दथ्यो त्यसप्रति वास्ता नगरेका भनेर जनाइएको छ । हिब्रू २:३ मा हामीलाई मुक्तिप्रति वास्ता नदिइएको बारेमा चेतावनी दिइएको छ । यस पुस्तकका लेखकले पछि गएर ख्रीष्टियनहरुलाई विनम्रता देखाउनको लागि कहिल्यै नचुक्नुहोस् भनेर उत्साह दिएका छन् (हिब्रू १३:२) । हामीले धेरै जसो कामहरुलाई वास्ता नगर्ने गर्छौं, तर परमेश्वरले त्यसो गर्नुहुन्न । उहाँले आफ्नो प्रतिज्ञाहरु लाई कहिल्यै पनि बिर्सनु हुन्न वा बेवास्ता गर्नु हुन्न । त्यसकारण, न्यायको बेलामा परमप्रभुले *"क्षमा गर"* भन्नु होला भनेर हामी चिन्तित हुनु पर्दैन ।

# परमेश्वरले केही प्रतिज्ञा गर्नुहुन्छ भने उहाँले त्यसलाई पुरा गर्नु हुन्छ ।

परमेश्वरले केही पनि बिर्सनुहुन्न् । उहाँले हाम्रा पहिलेका पापहरु बिर्सनुहुन्छ (यशैया ४३:२५) । हिब्रू लेखक लेख्छन्, *"किनकि तिनीहरुका अपराधहरु म क्षमा गर्नेछु, र तिनीहरुका पाप फेरि कहिल्यै सम्झने छैन ।"* फेरि पनि मानिसले गर्ने भन्दा यो निकै भिन्नको छ । हामीले असल कुरालाई बिर्सेर खराबलाई मात्र सम्झना गर्ने गर्छौ । त्यसैले, यदि तपाई जान्न चाहनुहुन्छ कि परमेश्वरले तपाईलाई कसरी यस्तो इनाम दिनुहुन्छ जबकि तपाईले धेरै खराबी गरिरहनु भएको छ भने अब तपाई अन्जान हुनुपर्दैन । परमेश्वरले उहाँका मानिसहरुले गरेका पापहरुको वास्ता राख्नुहुन्न, जब उनीहरुले गरेका पापको निम्ति पश्चात्ताप गर्छन् (प्रेरित ८:२२; १ यूहन्ना १:९) ।

अन्तमा हामी पढ्छौ, *"परमेश्वर अन्यायी हुनुहुन्न, र तिमीहरुका काम र उहाँको खातिर सन्तहरुका सेवामा तिमीहरुले देखाएको प्रेम उहाँले भुल्नुहुन्न...."* (हिब्रू ६:१०) । प्रेम एउटा उत्साहको स्रोत हो जसले हामीलाई कुनै प्रतिफलको आशाविना यस्ता सेवाका कामहरु गर्न सिकाउँछ । केही प्रतिफलको आशामा गरेको काम प्रेमबाट गरिएको हुँदैन । हाम्रो कामद्वारा नै प्रेमको प्रमाण देखिन्छ । हामीले गरेको काम र सेवा परमेश्वरले कहिल्यै बिर्सनुहुन्न भन्ने कुराको ज्ञान हुनु नै हाम्रो उत्साह र आनन्द हो । किनभने यसद्वारा परमेश्वरले हाम्रो कामलाई वेवास्ता गर्नुहुन्न भन्ने प्रष्ट हुन्छ । *"मैले जे गरे पनि कसैले वास्ता गर्दैन"* भनेर हामीले कहिल्यै सोच्नु हुन्न । परमेश्वरले वास्ता गर्नुहुन्छ ।

हामीसँग विश्वासयोग्य र भरपर्दो परमेश्वर हुनुहुन्छ । हामी एउटा न्यायी, प्रेमिलो परमेश्वरको सेवा गर्छौ जसले हाम्रो विश्वासनीय सेवा ग्रहण गर्नुहुन्छ । त्यसैकारण, हामी उहाँका प्रतिज्ञाहरुमा निर्भर भएर सधै उहाँ र अरु सन्तहरुको सेवामा परिश्रम गर्छौ । भरोसा राख्नुहोस् कि हाम्रो काम र सेवा व्यर्थमा जाँदैनन् ।

**कहीं यसो नहोस् कि हामी बिर्सन्छौं ।**

आज हामी मण्डलीमा भएका समस्याहरुलाई देखी नकारात्मक र उत्साहरहित बन्न निकै सजिलो हुन्छन् । हामी उदारताको सिद्धान्त, विभाजन, व्यक्तिगत र धार्मिक परिषद्मा छुट्टिन वा बाँडिनेमा ध्यान दिइरहेको हुन सक्छौ । भविष्य आनन्दरहित देखिन सक्छन् । कसैले भन्लान् कि खीष्टियन धर्मको पुरै रीति नै कमजोर हुनुपर्दछ । उनीहरुले यस अवस्थाको कारण हौसला त्याग्ने वा धर्मबाट नै छुट्टिने निर्णय लिन सक्छन् । के यही नै समस्याको सुझाव हो? हजार गन्तीसम्ममा पनि होइनन् ।

परमेश्वरले आज पनि राज्य गरिरहनु भएको छ र सबैकुरा माथि नै उहाँको शक्ति छ भन्ने कुरा हामीले सधैं याद गरिरहनुपर्छ । आज पनि खीष्ट परमेश्वरकै पुत्र हुनुहुन्छ । हामी जो उहाँमा आउन चाहन्छौ र उहाँलाई पछ्याउन चाहन्छौ, उहाँ सबैका मुक्तिदाता हुनुहुन्छ । बाइबल आज पनि परमेश्वरको वचन हो । यो सत्य हो । सत्य कहिल्यै परिवर्तन हुँदैन । मण्डली आज पनि परमेश्वरको आत्मिक शरीर हो र उद्धार पाएकाहरु मात्र यसमा थपिएका हुन्छन् । त्यो शरीर आज पनि सुन्दर र पवित्र छ अनि सदासर्वदा यस्तै रहिरहन्छ ।

कतिपय मानिसहरु परिवर्तनको लागि आग्रह गरिरहेका छन् । हामी विचार गर्नुपर्छ कि परमप्रभु परमेश्वर, येशू खीष्ट र सत्य कहिल्यै पनि परिवर्तन हुदैनन् । परमेश्वर र

उहाँका मार्गहरु सधैका निम्ति एउटै हुन्छ जसरी पहिले देखि थियो । हामीले कसरी हाम्रो आवश्यकताहरुको सही जवाफ पाउने? सत्य मण्डली र परमेश्वरद्वारा अधिकृत गरिएको उहाँको सेवाको रुप, वा खीष्टियनहरुले जीउनु पर्ने जीवनका मार्ग भन्दा महान अरु कुनै चिज होला?

यो देखिन्छ कि कुनै देशको मण्डली, कहिल्यै पनि ठुलो हुन सक्दैनन् । जति मण्डली बढ्दैजान्छ त्यहाँका मानिसहरु त्यति नै विविध विचारहरुमा विभाजन हुँदै जान्छन् । त्यहाँ सधै परमेश्वरका वचनमा कमजोर भएका विद्यार्थीहरु हुन्छन् वा त्यस्ता जो बाइबलको सामान्य शिक्षाहरुप्रति असन्तुष्ट हुने र घमण्ड गर्ने हुन्छन्, जो आखिरमा केही समूहका मानिसहरुलाई गलत मार्गमा आगुवाई गर्छन् । जति उनीहरु गलत यात्रामा बढ्दै जान्छ, त्यति नै उनीहरु परमेश्वरको मार्गबाट टाढिदै गएका हुन्छन् । आखिरमा तिनीहरु गलत धर्मको बाटोद्वारा निलिएका हुन्छन् ।

परमेश्वरको शरीरभित्र भएर पनि जो धर्मशास्त्रको पालना गर्न वा धर्मशास्त्रको अधिनमा बस्न नचाहनेहरु पनि हुन्छन । पवलले तिमोथीलाई लेख्छन्, *"किनकि डेमासले यस वर्तमान संसारलाई प्रेम गरी मलाई त्यागेर..."* (२ तिमोथी ४:१०) । अगमवक्ता यूहन्नाले ३ यूहन्ना १:९,१० मा भन्छन्, *"मैले मण्डलीलाई केही कुरा लेखेको थिएँ, तर तिमीहरुमा ठुलो हुन खोज्ने डियोत्रिफसले मेरो अधिकार स्वीकार गर्दैन । यसकारण जब म आउँछु, त्यसले गरिरहेको कामहरुको कुरा उठाउनेछु । हाम्रा विरुद्धमा त्यसले खराब कुराहरु बकिहिँड्छ । त्यतिमा सन्तुष्ट नभएर त्यसले भाइहरुलाई स्वागत गर्न इन्कार गर्छ, र तिनीहरुलाई स्वागत गर्न चाहनेहरुलाई पनि रोक्छ, र तिनीहरुलाई मण्डलीबाट बाहिर निकालिदिन्छ ।"* ती मानिसहरु र प्रभावित भएकाहरु खराबीमा फस्दछन् र अरुलाई पनि खराबतिर दोहऱ्याँउछन् । वास्तवमा, खीष्टका विश्वासीहरु माझबाट यसरी नै सबै परिचित धार्मिक शरीरहरुको शुरुवात भएको थियो । त्यसैले, खीष्टियनहरुको माझमा आएको विकृति कुनै नयाँ समस्या होइनन् ।

हाम्रो मुक्ति परमेश्वरप्रति रहेको हाम्रो आज्ञापालनमा भर पर्दछ भन्ने कुरा हामीले सधै विचार गर्नुपर्छ । हामी खीष्टियनहरु मात्र खीष्टको मण्डलीका विश्वासयोग्य सदस्यहरु, परमेश्वरले दिनुभएको आज्ञाबमोजिम उहाँको सेवा गर्ने हुनुपर्दछ । हामी सधै सत्यमा उभिनुपर्छ, चाहे अरु कोहीले त्यसमा साथ दिओस् वा नदिओस् । अरुले अध्ययन गरोस् कि नगरोस्, हामीले सधैं परमेश्वरको वचनको अध्ययन गर्नुपर्छ र विश्वाससाथ वचनलाई ग्रहण गर्नुपर्छ ।

हामी परमेश्वरको काममा लाग्नुपर्दछ । यसमा धेरैले निधार खुम्च्याएता पनि संसारलाई सुसमाचारको ज्ञान दिँदै जानुपर्छ । केवल यहि मार्गद्वारा मात्र हामी परमेश्वरका मानिस बन्न सक्छौ र उहाँको आशिषको योग्य हुन सक्छौ ।

मण्डली मृतक अबस्थाको छैन न त यस्तो कहिलै हुन्छ । आजपनि धेरै खीष्टियनहरु छन् जो परमेश्वरको सेवा भक्ति पूर्ण विश्वाससाथ गरिरहेका छन् । परमेश्वरको राज्य आज पनि अस्तित्वमा छ, र सबै कुरामाथि उहाँकै शक्ति चल्दछ । उहाँले विगतका दिनमा उहाँका मानिसहरुलाई आशिष दिनु भएझै आज र आउने दिनहरुमा पनि निरन्तररुपमा उहाँका मानिसहरुमाथि आशिष दिइरहनु हुन्छ । अन्तमा मण्डलीको विजयी हुनेछ । मानिसहरुमा कमी कमजोरी हुन्छन्, तर परमेश्वरले उहाँको मण्डलीका मानिसहरुका निम्ति पहिले देखि नै धर्मशास्त्रमा विशिष्ट योजना बनाइसक्नु भएको छ जसमा कुनै खोट वा गल्ती छैनन् ।

# मैले प्रचार गरेको सुसमाचार



*"भाइ हो, मैले तिमीहरुलाई प्रचार गरेको सुसमाचार म तिमीहरुलाई याद दिलाउन चाहन्छु, जुन सुसमाचार तिमीहरुले ग्रहण गर्‍यौ, र जसमा तिमीहरु स्थिर रहन्छौ । यस सुसमाचारद्वारा तिमीहरुको उद्धार भएको छ, यदि त्यसमा तिमीहरु अटल रह्यौ भने, नत्रता तिमीहरुले व्यर्थमा विश्वास गर्‍यौ",* यो पावलले कोरिन्थीमा भएका ख्रीष्टका मण्डलीलाई लेखेको थियो (१ कोरिन्थी १५:१,२) । ३ र ४ पदहरुमा पावलले प्रचार गरेको सुसमाचारका अर्थ वर्णन गर्छन् । जसमा ख्रीष्टको मृत्यु, उहाँ गाडिनु भएको र तेस्रो दिनमा पुर्नजीवित पारिनु भएको सम्पूर्ण कुरालाई एकजुटमा समेटिएको छ ।

ख्रीष्टको मृत्य बारेमा मात्र प्रचार गर्ने काममा कुनै सुसमाचार (असल खबर) हुँदैन, किनकि सबै मानिसहरु मर्छन् । ख्रीष्टलाई गाडिएको बेलासम्म मात्र पावलले प्रचार गरेका भएता पनि कुनै सुसमाचार हुँदैन्थ्यो । मरेका मानिसहरु गाडिन्छन् । तर जब पावलले येशू ख्रीष्ट तेस्रो दिनमा पुनरुत्थान पारिनुभयो भनेर घोषणा गरे तब सुसमाचारको सन्देश

जीवित हुनआयो । यदि पावलले ख्रीष्टको मृत्यु र गाडिनुभएको अवस्थासम्म मात्र प्रचारमा टुङ्गाएको भए कोरिन्थी र त्यहाँका अरु मानिसहरु पावल त्यस स्थानमा भेट्न जानु अघिको अवस्थामै हुन्थे - मृत्युपछि कुनै आशा हुदैन्थ्यो ।

पावलले गतालीका मण्डलीहरुलाई चेतावनी दिए, *"हामीले प्रचार गरेका सुसमाचारको विपरीत हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गऱ्यो भने पनि त्यो व्यक्ति श्रापित होस् । हामीले अघिदेखि नै भनेजस्तै म फेरि अहिले पनि भन्दछु, तिमीहरुले जुन सुसमाचार ग्रहण गरेका छौ, त्यसको विपरीत अरु कसैले तिमीहरुलाई प्रचार गर्दछ भने, त्यो श्रापित होस्"* (गलाती १:८,९) । जुन सुसमाचारको प्रचार जसले येशू ख्रीष्ट पुनरुत्थान हुनुभएका सत्यलाई छुटाउँछ, त्यो सुसमाचार प्रचार होइन । त्यसैले पुर्नजीवित हुनुभएको हिस्सा निकै महत्वपूर्ण छ जसबाट पावलले यी कुराहरुको घोषणा गर्दछ,

(१) यदि येशू ख्रीष्ट मृत्युबाट पुनरुत्थान नहुनुभएको भए पावलको प्रचार र कोरिन्थीहरुको विश्वास व्यर्थको हुन्थ्यो ।

(२) यदि येशू ख्रीष्ट मृत्युबाट पुनरुत्थान नहुनुभएको भए कोरिन्थीहरु अझैपनि पापमा नै हुन्थ्यो र जो मरिसकेकाहरु चाहिँ नाश भइसके का हुन्थे ।

(३) अन्तमा पावल भन्दछ कि यदि येशू ख्रीष्ट मृत्युबाट पुनरुत्थान नहुनुभएको भए "खाँऔ र पिँऔ, नत्र भोलि त मरिजाने नै हो ।"

ख्रीष्ट पुनरुत्थान हुनुभएको कुरा कहिले सम्म सुसामाचारमा समावेश गर्ने? जबसम्म समयको अन्त्य हुँदैन । जसले ख्रीष्टको शरीरको पुनरुत्थानको बारेमा आफ्नै हिसाबले वर्णन गरेर कुनै धार्मिक षड्यन्त्रमा जोड्न खोज्छन् भने तिनीहरु श्रापित् हुन्छन् जसरी पावलले गलातीका मानिसहरु लाई घोषणा गरेको थियो । जब ख्रीष्टको पुनरुत्थानको बारेमा कसैले इन्कार गर्छ वा विपरित अर्थ लगाउन खोज्छ, तब *"सुसामाचार"* लाई जीवन रहित घोषणा गरिएको हुन्छ । जसले यी शब्दहरुलाई पढ्नु हुन्छ यी कुराहरुमा विचार गर्नुहोस् ।

# पहिलेकै पुरानो भजन

उहाँको वचन अनन्तको सत्य हो । यो ख्रीष्ट आउनु अघिको सातौ शताब्दीमा पनि सत्य थियो र अहिले एकाइसौ शताब्दीमा पनि सत्य नै छ । परमेश्वरले केही कुराहरु हामीलाई सरल र प्रत्यक्ष तरिकाले निरन्तर रुपमा दोहऱ्याएर भन्न चाहनुहुन्छ ।

१. **पापको ज्याला मृत्यु हो भनेर हामीले बारम्बार शिक्षा दिनुपर्छ** । मानिसको निम्ति पाप सबै भन्दा सरल, छिटो र गम्भीर समस्या हो । दुर्भाग्यवश, आधुनिक उपदेशकहरुबाट पापको बारेमा कमै बोलेको सुन्न पाउछौं । केही वर्ष अघि एक जना प्रख्यात मानसिक डाक्टर कार्ल  मेनिनगर द्वारा लेखिएको *"पाप जे जस्तो बन्यो !"* शिर्षकको किताबमा उनले धेरैजसो आधुनिक शब्द संग्रहबाट *"पाप"* भन्ने शब्द हराइसकेको बताउँछन् । तर बाइबलमा पाप हराएको छैन । पाप एउटा गम्भीर समस्या हो भनेर मानिसहरुलाई चेतावनी दिनुपर्छ । यसले जीवन, घर, देश इत्यादि सबैलाई विनाशमा लैंजान्छ र अनगिन्ती कष्टहरु ल्याउँदछ । जसले पापलाई हलुका तरिकाले लिन्छ, त्यसले परमेश्वरलाई हलुको तरिकामा लिइरहेको हुन्छ ।

२. **परमेश्वरले सबै ठाउँका सबै मानिसहरुलाई पश्चात्ताप गर्ने आज्ञा दिनुभएको छ भन्ने सन्देश हामीले बारम्बार शिक्षा दिनुपर्छ** । यशैयाको दिनदेखि आजसम्म परमेश्वरले पश्चाताप गर भनेर संसारलाई आज्ञा गर्नुभएको छ । पश्चात्ताप भन्ने शब्द आजको दिनमा कमै सुन्न पाइन्छ । तर परमेश्वर चाहनुहुन्छ । बाइबलमा ९६९ पटक पश्चात्ताप शब्द लेखिएको पाइन्छ । हामीले यो सँग पटक-पटक सामना गरिराख्नुपर्छ । यूहन्नाले हेरोद राजालाई पश्चात्ताप गर्न आदेश दिए । येशूले यहूदीहरुलाई भन्नुभयो, *"पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजिक आइपुगेको छ"* ( मत्ती ४:१७) । परमेश्वरले पापलाई नदेखेको जस्तो गर्नुहुन्न । उहाँ स्थिर रहनुहुन्छ - पश्चात्ताप गर नत्र .. (प्रेरित १७:३०) ।

३. **न्यायको दिन पक्कै आउँछ र नरक यथार्थ हो भनेर बारम्बार शिक्षा दिनुपर्छ** । परमेश्वरले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ (प्रेरित १७:३१ ) । येशू संसारमा प्रेमको सन्देश र परमेश्वरसँग फेरि मिलापको उपाय लिएर आउनुभयो । तर पनि उहाँले हामीलाई चेतावनी दिनुहुन्छ- जसले परमेश्वरलाई इन्कार गर्दछन्, त्यसको अन्त्य केवल नरक हुनेछ (मत्ती १०:२८) । देश भरीका सबै सम्प्रदायिक मण्डलीहरुका प्रचारकहरु माथि गरिएको निरीक्षणको निष्कर्षले तिनीहरुमध्ये ७५% ले नरकको यथार्थलाई इन्कार गरेको देखाउँछ । समस्त रुपमा बाइबलबाट नरकको सत्यलाई निकाल्ने प्रयास गरिएको छ । तर येशूले स्वर्गको भन्दा बढी नरकको सन्देश बाँड्नुभएको छ । एक वृद्ध र ज्ञानी प्रचारकले एक समयमा भनेको थियो कि हामीले मानिसहरुलाई न्यायको दिन र नरकको बारे *"आँखामा आँसु"* लिएर भन्नुपर्छ ।

४. **उद्धार पाउनको निम्ति परमेश्वरको आज्ञापालना गर्नुपर्छ भनेर बारम्बार शिक्षा दिनुपर्छ** । शुरुदेखि अन्त्यसम्म बाइबलको सन्देश यही हो: *"परमेश्वरको आज्ञापालन गर !"* हो (हिब्रू ५:८,९) । आज्ञापालनविना मानिसको परमेश्वरसंग कुनै सम्वन्ध हुदैनन् । आज्ञापालनविनाको धर्म व्यर्थको अथवा अर्थविनाको हुन्छ (१ शामूएल १५:२२,२३) । येशूले शिक्षा दिनुभयो कि यदि हामीले उहाँको आज्ञापालन गर्न इन्कार गर्छौं भने उहाँलाई *"प्रभु"* भनेर पुकारर्ने हामीमा कुनै अधिकार हुँदैनन् ( लूका ६:४६) । हामीले परमेश्वरलाई गम्भीर रुपमा लिनुपर्दछ । उहाँले दिनुभए बमोजिम सबै आज्ञाहरु हामीले पालना गर्नुपर्छ (२ थेसलोनिकी १:८) ।


**पहिलेकै पुरानो भजन !** आज अगमवक्ताहरुको दिनमा यी कुराहरु दोहऱ्याएको परमेश्वर चाहनुहुन्छ ।

# तपाई कसरी नाप्नुहुन्छ?

अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलबान् होओ । दियाबलसका युक्तिहरुका विरुद्धमा खडा हुन सक्नलाई परमेश्वरमा सारा हातहतियार धारण गर । किनकि हामीहरुको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरुका विरुद्ध, शक्तिहरुका विरुद्ध, वर्तमान अन्धकारहरु का सांसारिक शासकहरुका विरुद्ध र स्वर्गीय स्थानहरुमा भएका दुष्टयाइँका आत्मिक सेनाहरुका विरुद्ध हो । यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खडा हुन सक्ने होओ ।

यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खडा होओ, र खुट्टामा मिलापको सुसमाचार का जुत्ता लाएर तयार होओ । साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरु दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ । मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जो चाहिँ परमेश्वरको वचन हो । सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर । यस उद्देश्यले लगनशील र सर्तक भएर सबै सन्तहरुका निम्ति प्रार्थना गरिरहो ।

**एफिसी ६:१०-१८**




# मृत्युमा विजय

मृत्युको डरले मानिसको जीवन लम्ब्याउन सम्भव होला कि भनेर अनगिन्ती उपायहरु खोज्न उत्साह दिन्छ । जब हाम्रो जीवनलाई कसरी लामो आयु गर्न सक्छौं भनेर विचार गर्दा औषधी उपचार, जीवन, अनुशासन, व्यक्तिगत सुरक्षा, र शारीरिक आराम जस्ता इत्यादि कुराहरु अथवा उपायहरु नै हाम्रो समभमा आउँछन । हामीलाई हाम्रो जीवन निकै प्यारो लाग्छ र हामी मर्न चाहदैनौ । तर शारीरिक रुपमा अमर हुने उपायहरु पनि कहिल्यै भेटाउँदैनौ । बाइबलले अनन्त जीवनको रहस्यको उत्तर दिन्छ । १ कोरिन्थी १५:५१-५८ ले दिएको सन्देश प्रति विचार गरौः

*हेर, म तिमीहरुलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा । किनभने, तुरही बज्नेछ, र मृतकहरु अविनाशी भएर जीवित हुनेछन् । अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ । किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ । जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ ।" "ए मृत्यु, तेरो विजय कहाँ? ए मृत्यु, तेरो खील कहाँ?" मृत्युको खील पाप हो, र पापको शक्ति व्यवस्था हो । तर परमेश्वर लाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ । यसकारण मेरा प्रिय भाइ हो, स्थिर र अटल रहो । प्रभुको काममा सधैँ बढ्दै जाओ । किनकि तिमीहरु जान्दछौ, कि प्रभुमा तिमीहरुको परिश्रम व्यर्थ हुँदैन ।*

येशू ख्रीष्टद्वारा मृत्युमा विजयी हुन्छ । हामीले उहाँको शिक्षा, विश्वास र पालनाद्वारा उहाँमा पुग्नसक्छौ । पापबाट फर्केर पश्चात्ताप र बप्तिस्माद्वारा हामी उहाँको बाटोमा लाग्छौ (प्रेरित २:३८) । ख्रीष्टको नाउँमा बप्तिस्मा लिएको विश्वासी अब ख्रीष्टमा जोडिएको हुन्छ (रोमी ६:३,४) र उनलाई दण्डको आज्ञा छैन (रोमी ८:१) । जो *"ख्रीष्टमा"* मर्छन्, तिनीहरु फेरी बौरी उठ्नेछन् र अनन्त जीवनको निम्ति योग्य हुनेछन् ।

# हामी विश्वास गर्छौ कि बाइबल परमेश्वरद्वारा अभिप्रेरित भएको बचन हो ।




*"परमेश्वरद्वारा लेखिएको वचन"* बाइबल असल र योग्य छन् । *"परमेश्वर द्वारा अभिप्रेरित धर्मशास्त्र"* भन्नाले परमेश्वरद्वारा लेखिएको वचन भन्ने बुझिन्छ । परमेश्वरले हाम्रो मुक्तिको निम्ति आफुलाई प्रकट गराउने काम गर्नुभएको छ । परमेश्वर बोल्नुभएको छ र परमेश्वरको धार्मिक मानिसहरुले पवित्र आत्माद्वारा बोलेका छन् । परमेश्वरका शब्दहरु र कामहरु पनि लेखेका छन् भन्ने हाम्रो अर्को विश्वास हो (२ पत्रुस १:२०-२१; एफिसी ३:१-५) । यदि परमेश्वर बोल्नुभएको थिएन भने अहिले हामीसँग उहाँको सत्य वचन र उहाँले गर्नुभएको कामहरुको ज्ञान हुँदैनथ्यो ।

धर्मशास्त्रलाई *"परमेश्वरद्वारा लेखिएको वचन"* भनेर अर्थ लगाउनाले बाइबलको वास्तविक रुपलाई जनाउँदछ । परमेश्वरले मानिसहरुलाई उहाँको प्रकाशित कामहरुको बारेमा सही तरीकाले लेख्न प्रेरणा दिनुभएको थियो । जब मानिसहरु ( अगमवक्ताहरु र चेलाहरु) परमेश्वरको प्रेरणा पाएर बोले, परमेश्वरले चाहनुभएका शब्दहरु नै तिनीहरुले बोले । जब तिनीहरुले प्रेरणा प्राप्त भएर लेखे, तब परमेश्वरले चाहनु भएकै शब्दहरु नै लेखे । परमेश्वरद्वारा संचालित मानिसहरुको हातबाट लेखिएको परमेश्वरको वचन नै बाइबल हो । यो परमेश्वरको वचन हो जुन मानिसका हातबाट र मानिसका शब्दहरुमा लेखिएको हो । यो केवल मानिसहरुलाई दिइएको अधिकार सम्बन्धी सन्देश हो जुन परमेश्वरबाट आउँदछ, जहाँ ख्रीष्टका कामहरुको प्रत्यक्षसाक्षी परमेश्वर आफै हुनुभएको र उहाँकै हिसाबमा लेखिएको छ । बाइबलमा मात्र परमेवश्वरका उद्देश्यहरुको वर्णन र मानिसहरुले पालन गर्नुपर्ने उहाँका नियम कानुन र जिम्मेवारीहरुका आज्ञाहरु पाइन्छ । बाइबल बाहिर कहि पनि परमेश्वरका उद्देश्यहरु वा आज्ञाहरु पाइदैन ।

पुरानो करार निकै ठुलो र महत्वको छ, जहाँ परमेश्वरको सृष्टिको उद्देश्य र संसारमा मुक्तिदातालाई ल्याउने उहाँको इच्छाको  कामलाई प्रष्ट रुपमा वर्णन गरिएको छ । नष्ट हुने मानिसले कहिल्यै लेख्न नसक्ने सन्देश निकै भव्य किसिममा पुरानो करारमा दिइएको भविष्यवाणी र प्रतिज्ञाहरु पुर्णरुपमा पुरा भएको कुरा नयाँ करारमा देखाइएको छ । नयाँ करार पहिलेका यहूदी जातिहरुका इतिहास वा कुनै अन्यजातीहरुको प्रभावभन्दा झन् ठुलो छ । जतिपनि मानिसहरु बाँचेका थिए ती सबैको बुद्धिविवेक भन्दा ठुलो छ । यसको आफ्नो अधिकार असल मानिसबाट होइन न त पहिलो शताब्दीका दूतहरुबाट तर स्वयंम् परमेश्वरबाट ल्याउँदछ ।

यदि कसैले सुझाव दिएजस्तै धर्मशास्त्र केवल विशिष्टरुपमा मानिसहरुका योजनाहरु र दर्शनशास्त्रहरुको संग्रह, जसमा पहिलेका विश्वासीहरुका विश्वास र कामहरुको छायाले भरेको, तर परमेश्वरको विचार चाहिँ धमिलो तर ाकाले देखाइएको भए त्यसप्रति धेरै ध्यान नदिने काम पनि ठिक नै हुन्थ्यो । धर्मशास्त्रलाई समाल्नु भनेको जीवित परमेश्वरको वचनलाई समाल्नु हो, *"...मानिसहरुको बुद्धिले सिकाएका शब्दहरुमा होइन, तर पवित्र आत्माले सिकाउनुभए अनुसार..."* (१ कोरिन्थी २:१३), हामीलाई केही कुराले पनि उहाँको वचनलाई ध्यानपूर्वक र प्रार्थनासाथ स्वीकार्न र जीवनमा पालना गर्न अनि पाएको शिक्षा अरुसँग बाँड्नबाट रोक्नु हुँदैन (१ थेसलोनिकी २:१३) ।

परमेश्वरको वचन, ख्रीष्टको सुसमाचार मानिसलाई *"बचाउने सन्देश"* हो । नयाँ करार मुक्तिको पुस्तक हो । यो हामीलाई हाम्रो पापबाट बचाउन दिइएको हो । हाम्रो जीवनमा परमेश्वरको शक्ति हो । यो हाम्रो विश्वास र आस्थाको योग्य छ । यदि हामी बोल्छौ भने हाम्रो बोली सधैं धर्मशास्त्रको सम्मानमा भएको होस् ।

यसलाई यर्थाथ स्वरुप समालिएको बिश्वासयोग्य रुपमा सिकाइएको र जीवनमा निरन्तररुपमा लागु गरिएको हुनुपर्छ । यसको अधिकार र शक्तिको आधारमा हामी बाँच्ने प्रयास गर्नुपर्छ ।

धर्मशास्त्रमा लेखे अनुसार परमेश्वर हामीहरुसँग बोलिरहनु भएको छ । जीवित परमेश्वरले हामीलाई जीवित संसार दिनुभएको छ । धर्मशास्त्र केवल प्राचीन समयमा परमेश्वरको वचनहरुको रक्षा गरिएका पत्रहरुको संग्रह मात्र होइन । यो केवल अतितको चिन्ह नभई आजको सत्य हो । यो जीवित सन्देश हो जसको शक्तिद्वारा मानिसहरु बचाइएका छन् । यसको आकृति यथार्थ जीवनमा लागु गर्न र अनन्त जीवनको फाइदाको लागि बनाइएको हो ।

धर्मशास्त्रले आफुलाई, *"जीवित र शक्तिशाली"* को रुपमा वर्णन गर्दछन् (हिब्रू ४:१२) । धर्मशास्त्र शक्तिशाली छन् किनकि तिनीहरु जीवित छन् । तिनीहरु लाभदायी पनि छन् (२ तिमोथी ३:१६-१७) । तिनीहरु *"लाभदायी"* छन् किनकि तिनीहरु जीवित, फुर्तिलो र शक्तिशाली छन् । हिब्रू ३:७ मा दिइएको अर्तीमा, *"आज तिमीहरुले उहाँको शब्द सुन्यौ भने....आफ्ना हृदयलाई कठोर नपार"* भन्ने वाक्यलाई, *"यसकारण पवित्र आत्मा भन्नुहुन्छ"* भनेर वर्तमान कालमा प्रार्थनाको शुरु गरिएको छ - पवित्र आत्माले वर्तमान हिसाबमा उसो पुनर्विचारको प्रार्थना गरिरहनुभएको छ । जब यूहन्नाले प्रकाशको पुस्तकमा एशियाका सात मण्डलीहरुलाई पत्र लेखे, उनको प्रार्थनामा कुनै व्यर्थका सन्देशहरु छैनन्, *"जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरुलाई के भन्नुहुन्छ ।"* ख्रीष्टद्वारा दिइएको परमेश्वरको आज्ञा कुनै मृत्युको पत्र होइन । यो जीवित र अनन्तको सत्य हो । यही सत्यमा नै हामी हिड्नुपर्छ (यूहन्ना १५:१-८) । यो परमेश्वरको वचन हो ।

# उद्धार पाउनको निम्ति मैले के गर्नुपर्छ ?

मानिसहरुले धेरै उत्तरहरु दिन्छन । तर सबैभन्दा सामान्य चाहिँ, पापीहरुले येशू नै मुक्तिदाता हुनुहुन्छ भन्ने विश्वास गरेर *"पापीहरुले प्रार्थना"* गर्नुपर्छ :

*"स्वर्गमा बिराजमान हुनुहुने पिता, मैले तपाईको विरुद्ध पाप गरेको छु र यसमा म निकै दुःखी छु । म मेरो पापले भरेको भूतकाल देखी फर्केर क्षमाद्वारा तपाईमा फर्किन चाहन्छु, प्रभु । मलाई क्षमा गरिदिनुभएको होस् र मलाई पापबाट टाढा बस्ने शक्ति दिनुभएको होस् । म, येशू ख्रीष्ट नै तपाईको एकमात्र प्रिय पुत्र, जो मेरो पापको निम्ति मर्नुभयो र मृत्युबाट पुर्नजीवित हुनुभयो र आज मेरो प्रार्थना पनि सुन्नुहुन्छ भन्ने विश्वास गर्दछु । म आजदेखि, येशू ख्रीष्टलाई मेरो मुक्तिदाता र मेरो जीवनको प्रभु हुन, मेरो हृदयमा रहन र राज गर्न स्वागत र स्वीकार  गर्दछु । येशू ख्रीष्टको नाउँमा प्रार्थना गर्दछु, आमेन ।"*

यो उत्तरमा के समस्या छ भने, बाइबलमा यो सँग सम्वन्धी कुनै प्रमाणहरु दिइएको छैन । बाइबलको समयमा पापीहरुलाई, *"पापीहरुको प्रार्थना"* गर भनेर भनिएको छैन । *"उद्धार पाउनको निम्ति मैले के गर्नुपर्छ?"* भन्ने सामान्य रुपमा बाइबलकै प्रश्न हो जसको उत्तर मानिसद्वारा लेखिएको  धर्मसारबाट नभएर धर्मशास्त्रैबाट आउनुपर्छ ।

हामीले येशूमा विश्वास गर्नुपर्छ किनभने उहाँ हाम्रो पापको निम्ति  मर्नुभयो । हाम्रो उद्धारको निम्ति हामी उहाँमा फर्किनै पर्छ । तर जब शावलले (पछि गएर पावलको नामले चिनियो) विश्वास गरी पश्चात्ताप गरेर तीन दिन र तीन रातसम्म क्षमाको निम्ति प्रार्थना गरिरहे । तब सुसमाचारको एकजना  प्रचारक आएर उनलाई यसो भने, पापको पश्चात्ताप र क्षमाको प्रार्थना पछि अझै उनले आफ्नो पाप क्षमाको निम्ति के-के गर्नुपर्छ भनेर जानकारी दिए:

*"त अब किन पर्खनुहुन्छ? उठ्नुहोस्, र बप्तिस्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर आफ्ना पाप धुनुहोस् ।"* (प्रेरित २२:१६)

पेन्तिकोसको दिनमा, जब सबैजना एकै ठाउँमा भेला भएका थिए, तब अगमवक्ताहरुले पहिलो सुसमाचार प्रचार गरे, *"पश्चात्ताप गर, र तिमीहरुका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ"* (प्रेरित २:३८) । अध्ययनको निम्तिः रोमी ६:३,४; यूहन्ना ३:३,५; प्रेरित ८:१२; ३६-३८; ९:१८; १६:३०-३३ । गलाती ३:२६,२७ ले प्रष्टसँग भन्दछ, हामीहरु सबै ख्रीष्टमा बप्तिस्मा भएका छौ । के ख्रीष्टमा आउनु अघि कसैले मुक्ति पाउन सक्छ? के ख्रीष्टविना कोही पापी मानिस बच्न सक्छ?

कदापि सक्दैनन्....कोही पापी मानिस ख्रीष्ट बाहिर भएर कहिल्यै पनि बचाइन सकिदैन । बप्तिस्माविना कोही पापी मानिस कहिल्यै पनि बचाइन सकिदैन । हरेक उद्धार पाएको व्यक्तिले पहिले सुसमाचारको सन्देश सुनेको हुनुपर्छ, सत्यतामा विश्वास राखेको, पश्चात्ताप गरेको, येशू ख्रीष्ट नै परमेश्वरको पुत्र हुनुहुन्छ भनेर स्वीकार गरेको, र पापको क्षमाको निम्ति र परमेश्वरको परिवारमा थपिनको निम्ति बप्तिस्मा लिएको हुनुपर्दछ । मानिसहरुका वचन र परम्परालाई स्वीकार नगर्नुहोस् (मर्कूस ७:६-९) । तर सत्यको खोजी गर्नुहोस् र परमेश्वरको सत्यतालाई स्वीकार्नुहोस् (प्रेरित १७:११; मत्ती २८:१८-२०) ।

# कष्ट भएता पनि

*"तर उहाँको चर्चा गर्नेछैनँ,.....उहाँको वचन मेरो हृदयमा जलिरहेको.... त्यसलाई भित्र रोइ राख्दा म थकित हुन्छु साँच्चै म त्यो थाम्नै सक्दिन"* (यर्मिया २०:९) ।

हामी यर्मियालाई *"रुन्चे अगमवक्ता"* भनेर चिन्छौ । उनी जीउने समयमा त्यहाँ अविश्वास र व्यभिचार अनियन्त्रित हिसाबमा बढेकोले रुने वाहना धेरै थियो । सामाजिक अन्याय पनि त्यतिकै मात्रामा बढिरहेको थियो कि सामान्य रुपमा त्यसलाई वेवास्था गर्न पनि गाह्रो थियो । एक समयमा परमेश्वरसँगको प्रेममा र उहाँको व्यवस्थाको अटल आज्ञापालनमा बाँधिएको समाजको स्थिति, निकै बढ्दो क्रममा परिवर्तन भइरहेको थियो । यरुशलेम पहिलेको जस्तै सुन्दर शहर रहेन; परमेश्वर त्यस ठाउँमा बास गर्न छोड्नु भइसकेको थियो । अझै बेबिलोनीहरु त्यहाँको ढोकामा बसेर भित्र छिर्न र त्यस ठाउँलाई बिनाश गर्न पर्खिरहेको थियो ।

यर्मियाको समस्याहरुमा अझ उनको अस्तित्वलाई *"दोहोरो बन्धन"* ले घेरेको थियो । उनी परमेश्वरको जन थियो । मानिसहरुलाई, यहूदाका अगुवाहरुलाई उनीहरुका मार्गहरु अधार्मिक भएकोले सजाएँ नजिकिदै छ भनेर सम्झाउन र चेतानी दिन उनी बाध्य भए । तर मानिसहरुले सुन्न चाहेनन्; जसरी परमेश्वरले उनीहरुलाई पहिले बचाउनु भएको थियो, त्यसरी नै फेरि पनि उनीहरुलाइ उहाँले बचाउनुहुन्छ भन्ने कुरामा विश्वस्त थियो । परमेश्वरको मन्दिर उनीहरुको स्थानमा भएको कारण, परमेश्वरले उनीहरुलाई बिनाश हुन दिनुहुन्न भनी उनीहरु विश्वास गर्दथे (यर्मिया ७) । त्यसपछि यर्मियाले उनीहरुलाई सत्यता बताए । तर तिनीहरुले उनलाई कैदी बनाएर जेलमा हालिदिए र उनको ज्यानको धम्की दिए ।

परमेश्वरको वचनको शिक्षक भएकोले कहिलेकाहीं हामी पनि त्यस्तै अवस्थाको सामना गर्नुपर्ने हुन्छ । "शहर बाहिर" को विरोधको आशा हामी राख्ने गर्छौ । ती व्यक्तिहरु जसले आफु सुरक्षित छौ भन्ने विश्वास गर्छन् र सबैकुराको जानकारी भएको बताउँछन् जबकि उनीहरुलाई केही कुराको जानकारी हुँदैनन् । अझै उनीहरुलाई आफ्नै आत्मा जोखिम अवस्थामा परेको कुरा पनि थाहा हुँदैनन् । आज पनि त्यस्ता व्यक्तिहरु मण्डलीमा सहभागी भएका हुन्छन्, जो कोहीबाट पनि पाप र न्यायको विषयमा कुरा गरेको सुन्न चाहदैनन् । यदि कसैले केही बोलेता पनि उनीहरुको विरोधमा गएर त्यस्ता मानिसहरुको ज्यान लिने गर्दछन् ।

यर्मियाको अवस्थाले हामीलाई दुईवटा चेतावनीहरु हाम्रो माझमा प्रकट गर्छन । पहिलो, *"शहरभित्र"* भएकोले कहिल्यै नहराउने धार्मिता हासिल गरेका छौ भनेर हामी आफैलाई गलत विचार गर्न तर्फ नदोहऱ्याऔ । कोही व्यक्ति पहिले नै राज्यमा प्रवेश गरीसकेको भएता पनि उसको पापी कर्महरु कहिल्यै पनि असलमा परिवर्तन हुँदैनन् । हाम्रा *"अगमवक्ताहरु"* को शिक्षा र चेतावनीहरुलाई ध्यानपूर्वक सुनौ - जसले परमेश्वरका वचन बोल्दछन् र हामीलाई पापबाट फर्कनको लागि सिकाउँदछन्- हामी उनीहरुको कार्यहरुमा कुनै बाधा नपुऱ्याऔं ।

दोस्रो, परमेश्वरको वचनको शिक्षक भएकोले हामी सबैलाई थाहा होस कि परमेश्वरको वचनको "आगो" कहिल्यै पनि बन्द गर्न वा समातिरहन सकिदैन । हामी पापको विरोधमा, वचनको गल्तीको विरोधमा पनि बोलौ, चाहे त्यो हाम्रो आफ्नै दाजुभाइमा होस् कि परिवारकै कोही सदस्यले हाम्रो विरोध गरोस् । सत्यता प्रमाणित गर्नको निम्ति हामी *"प्रेममा"* सत्य बोलौं (एफिसी ४:१५) । तर हामी कष्टमा पनि बोल्नु पर्दछ ।

# परमेश्वर सक्नुहुन्छ ।




हामी एफिसी ३:२० मा एउटा रमाइलो भनाइ भेटाउँछौं । हामीले माग्नु वा चिताउनु भन्दा पहिले नै परमेश्वरले ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ भन्ने यथार्थलाई यो पदले जनाउँछ । *"सक्नु"* शब्दलाई यूनानी भाषामा *"दुनामैं"* भनिन्छ, जसबाट हामीले 'डाइनामाइट' भन्ने शब्द पाउँछौं, यसको अर्थ शक्तिले भरिनु हो । परमेश्वरसँग ठुलो शक्ति छ, तर प्रश्न चाहिँ कतिको शक्ति छ? धेरैजसो मानिसहरुले परमेश्वर पनि मानिसहरु जस्तै, अझै ठुलो र शक्तिशाली तर जस्तो भएपनि मानिसकै स्वभावको हुनुहुन्छ भन्ने विचार राख्दछन् ।

के परमेश्वर केवल *"बलवान"* मात्र हुनुहुन्छ? यशैया ४०:१८ मा यशैयाले महत्वपूर्ण प्रश्न सोधेका छन्, *"तब तिमीहरु परमेश्वरलाई कससित तुलना गर्नेछौ? अथवा केको प्रतिरुपसित उहाँको तुलना गर्नेछौ?"* यस्तै स्वभाव यशैया ४०:२५ मा पनि पाउँछौं । के हामीले परमेश्वरलाई बलवानसँग तुलना गर्न सक्छौ? परमेश्वरसँग कतिको शक्ति छ भनेर हामीले कसरी भन्न सक्छौ? हामीले उहाँको शक्ति उहाँकै नाउँसम्म मात्र सिमित राख्न सक्छौ । उत्पत्ति १४:१

८ मा हामीलाई मल्कीसेदेकको परिचय गराइएको छ, जो *"सर्वोच्च परमेश्वर को पूजाहारी"* को रुपमा वर्णन गरिएका छन् । यो हिब्रू शब्द, *"एलिवन"* बाट आएको हो, जसको अर्थ, *"एक शक्तिशाली"* हुन्छ । नियमकानुन र अधिकार ले सम्पन्न हुनुभएको भन्ने कुराबाट परमेश्वर परिचित हुनुहुन्छ । उत्पत्ति २१ :३३ मा, परमेश्वरलाई *"अनन्तका परमेश्वर"* भनेर बोलाइएको छ । यसमा हामीले सामान्य रुपमा समयलाई उल्लेख गरिएको छ भन्ने सोच्दछौं र केही हदसम्म यो कुरा पनि सत्य हो तर यसमा समयभन्दा अझै धेरै कुराको मिश्रण छ । परमेश्वर अनन्तको हुनुहुन्छ भन्ने कुरा समयको शुरुवाट वा अन्त्यसम्म मात्र सिमित नभएर उहाँ हरेक कुरा वा तत्वमा असिमित हुनुहुन्छ भन्ने हो । हरेक आकार (उदाहरण- प्रेम, दया, उत्कृष्टता, सत्य, न्यायकता आदि) मा असिमित हुनुहुन्छ । पावल भन्छन् कि उहाँको प्रेमले ज्ञानलाई माथ दिन्छ (एफिसी ३:१९) । उत्पत्ति १७:१ मा परमेश्वरलाई सर्वशक्तिमान् परमेश्वर भनेर बोलाइएको छ । यसमा अब्राहामका पुत्र इसहाकको जन्मको बारेमा उल्ले ख गरिएको छ । इसहाकको जन्मले अब्राहामलाई विश्वास दिलाउन उहाँले उनलाई परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ भनेर सम्झाएका हुन् । जब सारा हाँसिन्, तब परमेश्वरले सोध्नुभयो, *"परमेश्वरको निम्ति कुनै कुरा कठिन छ र ?"* (उत्पत्ति १८:१४) । परमेश्वरभन्दा ठुलो कुनै शक्ति छैन । कुनै प्रश्न स्वरुप यी नामहरुले कुनै मानिस वा बलवानलाई जनाउन सक्दैनन् ।

परमेश्वर सृष्टिकर्त्ता हुनुहुन्छ । *"आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ । र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ"* ( भजनसंग्रह १९:१) । हिब्रू लेखकले घोषणा गर्छन् कि संसार नदेखिने तत्वहरु बाट, अथवा सून्यबाट बनाइएको हो । कुनै मानिसले यसो गर्न सक्दैन । मानिसहरुले विभिन्न राम्रा कुराहरु बनाउन सक्छन् तर ती सबै संसारमै पाइने बनिसकेको तत्वहरुबाट शुरु भईकन अर्को तत्व बन्न पुग्छन् । कुनै पनि मानिसले कुनै कुराको शुरुदेखि सृष्टि गर्न सक्दैनन् ।

परमेश्वरको शक्ति उहाँको वचनमा देखिन्छ । परमेश्वरले संसारको अस्तित्वको लागि केवल शब्दहरु बोल्नुभएको थियो । *"अनि परमेश्वरले भन्नुभयो, उज्यालो होस्, तब उज्यालो भयो"* (उत्पत्ति १:३) । जब ख्रीष्ट संसार मा हुनुहुन्थ्यो, तब उहाँले बोल्नुभयो र लाजरस मृतक शरीरबाट उठेर आए । एउटा घटनामा जब ख्रीष्ट गालीलका समुद्रमा चेलाहरुसँग थिए, तब ठुलो आँधी आयो । चेलाहरुले त्यतिबेला नै उनीहरु मर्नेछन् भनेर डराए । तर येशूले बतास र समुद्रलाई हर्कानुभयो, र आँधी बिलकुल शान्त भयो । *"त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ । त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ"* (यशैया ५५:११) । साँच्चै नै कुनै

मानिसमा यस्तो शक्ति छैनन् ।

मानिसले गर्न नसक्ने काम परमेश्वरले गर्न सक्नुहुन्छ । यूनानी शब्दले यसलाई एफिसीको पुस्तकमा ४ पटकसम्म अनुवाद गरिदिएको छ, जसमा हरेक पटक मानिसले के गर्न सक्छ भन्ने कुरासँग सबन्ध देखाएको छ । यो चाखलाग्दो कुरा हो, कि हरेक कुरा जुन मानिसले गर्नसकेको छ , त्यो परमेश्वरले दिनुभएको कुराको कारणले मात्र सम्भव भएको छ । एफिसी ३:४ मा पावल भन्छन्, *"जब तिमीहरु यो पढ्छौ, ख्रीष्टको रहस्यबारे मेरो आन्तरिक समझ के छ, सो तिमीहरु बुझ्न सक्छौ ।"* एफिसी ६:११ मा, पावल साक्षी बसेर भन्छन्, *"दियाबलसका युक्तिहरुका विरुद्धमा खडा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर ।"* दुई पद पछि, पावलले हामीलाई हौशला दिन्छन्, *"यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खडा होओ ।"* हामी तब मात्र शैतानको अगाडी खडा हुन सक्छौ जब हामी परमेश्वरको हातहतियार धारण गर्छौ । जब हामी परमेश्वरको हातहतियार धारण गर्छौ र सत्यताको धार्मिकतालाई अप्नाउँछौ तब हामी शैतानले ल्याउने जुनसुकै कष्टबाट विजयी हुन्छौ । एफिसी ६:१६ मा हामीलाई विश्वासको ढाल उठाओ भनिएको छ, जसबाट हामीहरु दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ । यो कुरा विचार गरौ कि हामी जे गर्न सक्छौ, त्यो परमेश्वरको साथको कारणले मात्र सम्भव हुन्छ ।

माथिको वादविवादको सन्देश के हो? आत्मिकरुपमा, हामी आफ्नै भरमा केही पनि गर्न सक्दैनौ । परमेश्वर सक्नुहुन्छ, र उहाँका सहयोगको साथमा हामी पनि गर्न सक्छौ । परमेश्वरविना हामी केही पनि गर्न सक्दैनौ । हाम्रो शक्तिको भरमा हामीले जीवनयापन गर्नु पर्दैनन् । परमेश्वर चाहनुहुन्छ कि हाम्रो विश्वास उहाँमा अटल रहोस । किनकि उहाँ सर्वशक्तिमान् हुनुहुन्छ । एउटा पापी हृदयलाई लिएर परमेश्वरले त्यसलाई आफ्नै स्वरुप बनाउन सक्नुहुन्छ । उहाँको चाहना अनुसार हामीलाई काम गराउन सक्नुहुन्छ । पावल भन्छन्, *"जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु"* (फिलिप्पी ४:१३) । कसैले यो पदलाई लिएर विपरित अर्थ लगाएर भन्न सक्छन् - जबसम्म हामी ख्रीष्टमा विश्वास राख्छौ तबसम्म हामीले जे जस्तो काम गर्दा पनि हुन्छ । तर, पावलले यस्तो सिकाउँदैनन् । उनले हामीलाई सिकाउँछन् कि हामी जस्तोसुकै परीक्षा वा संसारिक योजनाहरुबाट बच्न सक्छौ किनभने सर्वशक्तिमाान ख्रीष्टले हामीलाई त्यस्ता कुराहरुबाट बच्नको निम्ति शक्ति दिनुहुन्छ । उहाँको साथ भए हामी जे पनि गर्न सक्छौ; तर उहाँविना हामी केही पनि गर्न सक्दैनौं । परमेश्वर सक्नुहुन्छ, र हामीलाई पनि सक्ने बनाउनु हुन्छ ।

# के हामी सबैले एकनाश बाइबल नबुझ्दा परमेश्वरलाई दोषी ठहराउने?

कोही भन्छन्, "बाइबलले के भन्छ भन्ने बारेमा, ख्रीष्टमा विश्वास राख्ने विश्वासीहरु माझमा कहिल्यै एकताको भावना हुन सक्दैनन् । किनभने बाइबल लाई विभिन्न तरिकामा वर्णन गर्न सकिन्छ ।" जसले यस्तो बयान दिन्छ, त्यसले के परमेश्वरलाई धार्मिक विभाजनको लागि दोष लगाइरहेको हुँदैन र? हामी सबैले एकनाशले बाइबल बुझ्न नसकेकोमा के उसले परमेश्वरको कमजोरी हुनुपर्छ भन्न खोजिरहेको होइन त?

यसमा गम्भीर विचार गरौ । परमेश्वर चाहनु हुन्छ कि उहाँका मानिसहरु एकतामा बाँधियोस् । पावल लेख्दछन्, *"अब भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म तिमीहरुलाई आग्रह गर्दछु, कि तिमीहरु सबै एक-अर्कासँग सहमत होओ, र तिमीहरुको माझमा केही फूट नहोस् । तर तिमीहरु एकै मन र एकै विचारका होओ"* (१ कोरिन्थी १:१०) ।

अब, यस बारेमा मसँगै विचार गर्नुहोस् । कुन चाहि परमेश्वरले पहिले आत्मिक एकताको लागि आज्ञा दिएर फरक अर्थ निकाल्न सन्देश दिनुहुन्छ? कस्तो किसिमको परमेश्वरले एकतामा केन्द्रित भएर पनि उचित सन्देश दिन असफल हुनुहुन्छ होला? यो केवल एकताप्रति वास्ता नगर्ने वा आफ्ना मानिसहरु को निम्ति उचित मार्ग देखाउन नसक्ने ईश्वरबाट मात्र हुन्छ ।

परमेश्वरले एकताको आशा राख्नुहुन्छ । त्यस बेला उहाँ सत्य नहुनु भएको होला । परमेश्वर झुटा हुनुहुन्न । तर, के उहाँ आफ्ना मानिसहरुको निम्ति उचित बुझ्ने मार्ग देखाउन नसक्ने हुनुहुन्छ त? के उहाँमा सबैलाई एकताको सन्देश दिने शक्तिमा कमजोर वा बुद्धिमा कमजोर हुनुहुन्छ र?

होइन, धार्मिक मानिसहरुको बिचमा एकता नभएको कारणले गर्दा परमेश्वर कदापि हुनुहुन्न भन्न मिल्दैन् । उहाँले भन्नु भएझै उहाँ सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ । परमेश्वर एकता चाहनुहुन्छ र यसलाई मानिसको विचमा ल्याउन उहाँसँग उचित तरिका वा मार्ग छन् । यदि हामीले बाइबललाई एकै रुपमा बुझ्न सकिरहेको छैनौ भने हामीमा नै कमी कमजोरी छन् ।

जब दुई व्यक्तिहरुले बाइबललाई फरक तरिकाले व्याख्या गर्छन् भने ती दुई मध्ये एकजनाको व्याख्या गलत हुनुपर्छ । दुई जनाको व्याख्याहरु कहिल्यै ठीक हुँदैनन् । यदि यसो देखेमा हामीले देख्ने धार्मिक विभाजनको कारण साच्चैं परमेश्वर नै ठहरिनु पर्छ । तर परमेश्वरले आफ्ना इच्छा प्रष्टरुपमा उहाँका छोराछोरीहरुको माझमा राखिदिनुभएको छ । हामीले बाइबललाई एकरुपमा बुझ्न सक्छौ । मानिसहरुले बाइबललाई विभिन्न रुपमा वर्णन गर्न सक्छन्, तर तिनीहरुले त्यस्तो गर्नु हुँदैन ।

# येशू परमेश्वर हुनुहुन्छ ।

आजभोलि सामान्य रुपमा कसैको छोरालाई उसको धर्मपुत्रको रुपमा लिने गरिन्छ । ख्रीष्टलाई *"परमप्रभु परमेश्वरका पुत्र"* भनेर बोलाइन्थ्यो जसको अर्कै कारण छन् । उहाँ जन्मदेखि नै परमेश्वरका पुत्र हुनुहुन्थ्यो (लूका १:३४,३५), तर "परमप्रभु परमेश्वरका पुत्र" भन्ने शिर्षकले धेरै जसो ख्रीष्ट पनि परमेश्वरकै स्वभावको हुनुहुन्छ भन्ने जनाउँछ । जब येशूले परमप्रभु परमेश्वरलाई पिता भनेर पुकार्नुभयो, तब यहूदीहरुले बुझे कि उहाँले आफैलाई परमेश्वर हुँ भनी चिनाइरहनु भएको थियो ( यूहन्ना ५:१७-२४) । तिनीहरु सही थिए । येशू परमेश्वर हुनुहुन्छ ।

### आदिमा येशू हुनुहुन्थ्यो ।

येशूले सबैभन्दा बढि प्रेम गर्नु हुने चेला यूहन्ना भन्छन्, ख्रीष्ट नै परमेश्वर हुनुहुन्छ जो स्वर्गबाट संसारमा आउनु भयो । *"आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो । उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो । सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएनन्"* (यूहन्ना १:१-३) । यूहन्ना भन्छन् कि आदिमा वचन परमेश्वरसँग हुनुहुन्थ्यो र वचन नै परमेश्वर हुनुहुन्थ्यो । सबै थोक उहाँद्वारा बनिए भन्नु नै उहाँ परमेश्वर हुनुहुन्छ भन्ने कुराको प्रमाण हो । किनकि परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ । *"आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो"* (उत्पत्ति १:१; यसलाई कलस्सी १:१६,१७ सँग तुलना गर्नुहोस्) । यो वचन जुन परमेश्वर हुनुहुन्थ्यो, यूहन्नाले सामान्यतामा येशू नै हुनुहुन्छ भनेर देखाउनु भएको छ,, *"अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनु भएको एकमात्र पुत्रको जस्तो थियो"* (यूहन्ना १:१४) ।

### येशू परमेश्वरको चहकिलो रुप हुनुहुन्थ्यो ।

हिब्रू लेखकले येशूलाई परमेश्वरको रुपमा लिएको छ । *"उहाँ नै परमेश्वर का महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरुप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्हाल्नुहुन्छ । पापको शुद्धि गर्नुभए पछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो"* (हिब्रू १:३) । यसैले येशू, परमेश्वरका गौरवको चम्किलो चिन्ह र उहाँको अस्तित्वको स्वरुप हुनुहुन्छ ।

हिब्रू १:८ मा लेखक आफ्ना भाइहरुलाई भजनसंग्रह ४५:६,७ का वचनहरु सम्झाउँछन् । उनी भन्दछन्, *"तर पुत्रको विषयमा चाहिँ उहाँ भन्नुहुन्छ, हे परमेश्वर, तपाईको सिंहासन सदासर्वदाको निम्ति रहिरहन्छ, र न्यायको राजदण्ड तपाईका राज्यको राजदण्ड हो ।"* अर्को शब्दमा पिता परमेश्वरले पुत्र, येशूलाई परमेश्वर भनेर बोलाउनु भएको छ ।

# अरू कुनै शिक्षा छैन ।

पावलले तिमोथीलाई लेखेको थियो कि उनलाई एफिससमा छोड्नुको कारण उनले, *"झूटा शिक्षा सिकाउने मानिसहरुलाई त्यसो नगर्नू भनी कडा आज्ञा देऊ"* (१ तिमोथी १:३) । यही पत्रलाई पालना गएर अर्कोमा पावलले तिमोथीलाई लेखे, *"धेरै जना साक्षीहरुका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरुलाई सुम्पिदेऊ"* (२ तिमोथी २:२) । स्पष्टरुपले पावलबाट जे सिके त्यही नै तिमोथीले अरुलाई सिकाउनु पर्दथ्यो । नकारात्मक रुपमा अरुलाई अर्को कुनै शिक्षा दिनबाट रोक लगाउनको लागि पनि उनलाई जिम्मा दिइएको थियो ।

## पावल र बिपरित शिक्षा

पावल, उनको तेस्रो प्रचार यात्रामा एफिससका अगुवाहरुसँग थिए । यिनीहरु धर्म सभाका अगुवाहरु थिए जहाँ उनले तिमोथीलाई छोडेर गएको थियो । तिनीहरुसँग हुँदा उनले तिनीहरुलाई भनेको थियो, *"किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा ब्वाँसाहरु तपाईहरुका माझमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्नेछैनन् । तपाईहरुकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरु उठ्नेछन्, जसले चेलाहरुलाई आफ्ना पछि लैजानेछन्"* (प्रेरित २०:२९,३०) ।

पछि गएर, पहिलो पत्रमा तिमोथीलाई लेख्यो, *"पवित्र आत्मा प्रष्टै भन्नुहुन्छ, कि पछि आउने समयमा छली आत्मा र भूतप्रेतका सिद्धान्ततिर मन लाएर कोही विश्वासबाट तर्किजानेछन्"* (१ तिमोथी ४:१) । उनको दोस्रो पत्रमा पावलले त्यस्ता व्यक्तिहरु जो सत्य शिक्षा सुन्न चाहँदैनन्- उनीहरुलाई ध्यानमा राखेर लेख्यो, *"किनकि यस्तो समय आउँदैछ, जब तिनीहरु ठीक शिक्षालाई नसहने हुनेछन्,....र सत्य कुरा सुन्नदेखि तर्किजानेछन्, दन्त्यकथाहरुतिर बरालिनेछन्"* (२ तिमोथी ४:३,४) ।

पावलको पहिलो प्रचार यात्रामा सर्गियस पौलसले उनी र बारनाबासलाई परमेश्वरको वचन सुन्न बोलाए । जब एलुमासले सुसमाचार प्रचारको विरोध गरे, तब पावलले उनलाई भने, *"तँ दियाबलसको छोरो, सारा धार्मिकताको शत्रु, सम्पूर्ण छल र दुष्टताले भरिएको ! तँ प्रभुको सोझो मार्ग बङ्ग्याउन छोड्दैनस्?"* (प्रेरित १३:१०) । मण्डलीका प्रचारकहरुले येशूको सन्देश विपरीत प्रचार गर्छन् कि भन्ने कुरामा पावल चिन्तित थिए ।

## किन अरु शिक्षा छैनन्?

अनन्त जीवन तिनीहरुले मात्र प्राप्त गर्न सक्छन् जसले येशू ख्रीष्टद्वारा सिकाइएको परमेश्वरको वचनलाई पालना गर्छन् (यूहन्ना १२:४९, ५०) । तर अर्कोतिर जसले झूटा शिक्षाको पालना गर्छन्, तिनीहरु सदाको लागि नरकमा फालिनेछन् (२ थेसलोनिकी २:१२; २ पत्रुस २:१,२) ।

पापरहित र पवित्र हुनको निम्ति हामी सत्यको पछि लाग्नु पर्छ जुन चाहिँ परमेश्वरले (यूहन्ना ८:३१,३२; १ पत्रुस १:२२) पवित्र आत्माद्वारा (यूहन्ना १६:१३) दिनुभएको छ । येशू नै पूर्ण सत्य हुनुहुन्छ (यूहन्ना १:१४); सत्य उहाँबाट आएको हो (यूहन्ना १:१७), र उहाँ नै सत्य हुनुहुन्छ; उहाँद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैनन् (यूहन्ना १४:६) ।

यदि हामीलाई मुक्तिको आवश्यकता छ भने हामीले येशूको वचनलाई सुन्नैपर्छ ( मत्ती १७:५) र आज्ञापालन गर्नैपर्छ (हिब्रू ५:९) । उहाँद्वारा नआएको अरु कुनै शिक्षाप्रति हामी विश्वास वा प्रचार गर्ने काम गर्दैनौ भन्ने कुरामा हामी अटल हुनुपर्छ ।

# नामानको गल्ती




आजको आधुनिक प्रचारकहरु पहिले नामानले गरेको जस्तै गल्ती गरिर हेका छन् । जब उनीहरु सोच्दछन् कि पर मेश्वरले उनीहरुको समभ्कमा भएको विचार अनुसार काम गर्नुहुन्छ । नामान एक वीर योद्धा तर कुष्ठरोगी थिए (२ राजा ५:१-१४) । उनकी इस्रायली दासीले उनलाई सामरियामा बस्नुहुने अगमवक्ताले उनको रोग निको पारिदिन सक्छन् भनेर भनिन् । नमान आफ्नो रोगबाट निको हुन परमेश्वरका जन एलीशा कहाँ गए । एलीशाले उनलाई यर्दन नदीमा गएर सात पल्ट डुबुल्की मार्ने आज्ञा दिए । उनले अगमवक्ताको आदेशलाई पालना गर्न इन्कार गरे । फोहोर पानीमा डुबुल्की मार्ने कुरा उनको लागि इज्जतमा दाग लगाउनु जस्तो भयो । उनको रोग कसरी निको हुनसक्ला भन्ने विषयमा पहिले नै उनले विचार गरिसकेको थियो । उनले सोचेको थियो कि अगमवक्ता बाहिर निस्किआएर परमप्रभुको नाउँमा तिनले हात हल्लाएर उनको रोग निको परिदिन्थे । "विना पानी" नै उनको रोग निको भएको उनी चाहन्थे । जब उनलाई यर्दन नदीमा डुबुल्की मार्न भनियो तब उनी रिसले चुर भए किनकि उनलाई दिइएको आज्ञा र उनको रोग निको पार्ने कुरा बिच कुनै सम्बन्ध देखेनन् । कसरी यस्तो कार्यले उनको रोग निको हुन सक्छ र? "यो निर्लज्ज छ भनी" नामानले सोच्यो । तर उनले जे सोचे पनि हामीलाई थाहा छ कि परमेश्वर सधैं सही हुनुहुन्छ । किनकि परमेश्वरका विचार हरु मानिसहरुका विचारजस्तो होइनन्, र मानिसहरुका चाल परमेश्वरका चाल होइनन् (यशैया ५५:८) ।

त्यसकारण मुक्तिको शिक्षा र परमेश्वरको आज्ञापालनको महत्व पछि भन्नुभयो, *"पश्चात्ताप गर, र तिमीहरुका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ"* (प्रेरित २:३८) । हाम्रो मुक्ति सम्वन्धी, परमेश्वरको विवेक र बप्तिस्माको महत्वपुर्णताको बारेमा मानिसले बुभ्न नसकेको अवस्थामा पानीको बप्तिस्मा र मुक्ति बिच कुनै सम्बन्ध छैन भन्नु गलत हो । परमेश्वरले पुरानो समयमा, उहाँका उद्देश्यहरु हासिल गर्न र मानिसहरुको विश्वास लाई जाँच्नको निम्ति विभिन्न तरिकाहरु अप्नाउनु भएको थियो । धेरै समयमा यस्ता कुराहरुको उद्देश्यहरु निष्कर्ष विपरित हुने गर्छन् । सम्वन्ध के हो भन्नुहोस्, ती सबैले विश्वास र आज्ञापालनको चाहना राख्छन् ।

**मानिसलाई बचाउने परमेश्वरको योजनाको एउटा भाग बप्तिस्मा हो ।**

येशूले चेलाहरुलाई सुसमाचारमा विश्वास गर्नेहरुलाई मुक्तिको लागि

बप्तिस्मा दिन आज्ञा गर्नुभयो (मर्कूस १६:१६) । विश्वासयोग्य चेलाहरुले यस पवित्र कार्यलाई पालना गरे (प्रेरित २:३८) । मानिस जसले आफुलाई परमेश्वर भन्दा बुद्धिमानी ठान्दछन्, उनीहरुले बप्तिस्मालाई विरोध गरे किनकि तिनीहरुले पानीमा बप्तिस्मा लिने कार्य र पाप क्षमाबिचको सम्वन्धलाई देख्न सक्दैनन् । उनीहरुको सोचमा, कसरी मानिसको आत्माभित्र गएर पानीले त्यसलाई शुद्ध गर्न सक्छ? यी सबै उनीहरुको निम्ति मुर्खता र मानिसको विवेक विपरित हुँन्छन् (१ कोरिन्थी १:१८-२१) । पानीमा डुबुल्की मार्ने काम र मानिसको आत्मिक आवश्यकता बिच के सम्बन्ध हुन सक्छ? पावलले हामीलाई *"घमण्ड गर्नुहुन्न"* र *"आफ्नै अभिमानमा हामीहरु बुद्धिमान् हुन खोज्नु हुँदैन्"* भनेर सम्झाउँछन् (रोमी ११:२०, २५) । उनी भन्छन्: *"मानिस भएर परमेश्वरलाई जवाफ लाग्ने तिमी को हौ?"* (रोमी ९:२०)

## "बप्तिस्माले आज हामीलाई बचाउँछ ।"

येशूको चेला पत्रुसले उनको समयमा स्पष्टसँग बप्तिस्माले हामीलाई बचाउँछ भनेर शिक्षा दिएको थियो । जो घमण्ड र पूर्वधारणाले भरिएको हुन्छन्, उनीहरुले यो सत्यतालाई देख्न सक्दैनन्: *"यहि पानी बप्तिस्माको एउटा रुप हो, जसले तिमीहरुलाई बचाउँछ । यो शरीरको मैला हटाएजस्तो होइन, तर शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो । यसले मृतकबाट भएको येशू ख्रीष्टको पुनरुत्थानद्वारा तिमीहरुलाई बचाउँदछ"* (१ पत्रुस ३:२१) ।

यो अनुच्छेदले प्रष्टसँग भन्दछ कि बप्तिस्माले आज हामीलाई बचाउँछ । पत्रुसले प्रष्टसँग बप्तिस्माको बारेमा भन्दछ, *"शरीरको मैला हटाएजस्तो होइन, तर शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो "* । यो बप्तिस्माको आत्मिक भाग हो । पानीद्वाराको बप्तिस्मा नै परमेश्वर तर्फको शुद्ध विवेकको निम्ति सहि उत्तर हो । भौतिक शरीरलाई मात्र छोएर होइन तर अझ शरीरभन्दा गहिरो आत्मालाई छुन्छ, जसले आफुलाई परमेश्वरको व्यवस्थाको आज्ञापालनामा अपर्ण गरेको हुन्छ । संसारिक र हृदय कठोर राखेको समझले सत्यतालाई देख्न सक्दैनन् ।

बाइबलका नयाँ अनुवादकहरुले यो पदलाई यसरी वर्णन गदैनंन्: *"ती आत्माहरुले प्राचीनकालमा आज्ञापालन गरेनन्, जब नोआको समयमा जहाज बनाउँदा परमेश्वरले धैर्य धारण गरी पर्खिनुभएको थियो । त्यस जहाजमा थोरै, अर्थात् आठ जना मात्र पानीद्वारा बचाइए । यही पानी बप्तिस्माको एउटा रुप हो, जसले तिमीहरुलाई बचाउँछ । यो शरीरको मैला हटाएजस्तो होइन, तर शुद्ध विवेको निम्ति परमेश्वरको तर्फको एउटा प्रतिज्ञा हो । यसले मृतकबाट भएको येशू ख्रीष्टको पुनरुत्थानद्वारा तिमीहरुलाई बचाउँदछ"* (१ पत्रुस ३:२०,२१)

के बप्तिस्माले ख्रीष्टको सुसमाचारलाई असफल गराउँछ? होइन यसले त्यस्तो गर्दैनन् । तर बप्तिस्मा लिँदा नै मानिसले परमेश्वरप्रतिको आफ्नो प्रतिज्ञा र भक्तिको घोषणा गर्दछ र ख्रीष्टको मृत्यु र पुनरुत्थानमा रहेको विश्वासलाई देखाउँदछ । साँच्चै बाइबलको बप्तिस्माले परमेश्वरको अनुग्रहलाई वयान गर्दछ । ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो र मृत्युबाट पुनरुत्थान हुनुभयो, मुक्तिको अनुग्रहको प्रदर्शन बप्तिस्मा नै हो ।

## अपुरो दृश्यको भ्रम

धेरै मानिसहरु अपुरो दृश्यको निम्ति दोषी ठहरिएका छन् । पहिले सोचेको धारणा र घमण्डले अन्धा भएका हुनाले, तिनीहरुले आफ्नो उद्धारको निम्ति मानिसले के गर्नुपर्छ भन्ने बारेमा पहिले नै निर्णय गरीसकेका हुन्छन् । यस्तो अवस्थामा यिनीहरु हिन्दुस्तानका छ जना अन्धा मानिसहरु भन्दा फरक हुदैनन, जसका विचारहरु अटल रुपमा बढिरहेका थिए । जहाँ हरेक व्यक्तिले हात्तीका अलग-अलग अङ्गको जाँच गर्दै उनीहरुको अघि कस्तो जनावर होला भन्ने विषयमा अनेक निष्कर्ष निकालिरहेका थिए - उनीहरु सबै गलत थिए किनकि तिनीहरु हरेकले हात्तीको पुरै शरीरलाई नभएर अपुरो भागलाई मात्र जाँच गरिरहेका थिए । आजको दिनमा- धेरै व्यक्तिहरु यसरी *"अपुरो दृश्यको भूलमा"* परिरहेका छन् । उनीहरु केवल *"विश्वास"* ले मात्र मुक्ति प्राप्त गर्न सकिन्छ भनेर विश्वासका अरु महत्वपुर्ण कुराहरुलाई चाहिँ वेवास्ता गर्ने गर्छनन् ।

मानिसको उद्धारको निम्ति धेरै कुराहरुको आवश्कता पर्दछ । ती हरेकलाई गम्भीर रुपमा अध्ययन गरी जाँच्नु आवश्यक हुन्छ । यी कुराहरु हुन्: परमेश्वरप्रतिको प्रेम, ख्रीष्टको अवतार, मृत्यु, गडाई, पुनरुत्थान, सुसमाचारको प्रचार, ख्रीष्टमा विश्वास, पाप प्रति पश्चात्ताप, विश्वासको स्वीकार, आज्ञापालना, बप्तिस्मा, र मृत्युसम्म वा येशू ख्रीष्ट फेरि नआउन्जेलसम्मको विश्वासमा स्थिर रहने हो । यी सबै विश्वास जत्तिकै महत्वका छन् भनी हामी विश्वास गर्छौ र एउटा विना अर्को पुरा हुन सक्दैनन् ।

यस लेखमा लेखिएको प्रमाणहरुलाई जाँच्नको निम्ति तपाईलाई परमेश्वरले खुल्ला हृदय दिनुहोस् भनेर म प्रार्थनामा विन्ती गर्दछु । आवश्यक कुराहरु सबै भनिएका छन् र परमेश्वरको वचन प्रष्टरुपमा दिइएको छ, ताकि सबै जसले सत्यलाई खोज्न चाहन्छन्, तिनीहरुले सो पाउनेछन् । यहाँबाट म परमेश्वरको वचन, जुन शक्तिशाली र योग्यको छ त्यसले तपाइको हृदय छुन सक्छन भनी विश्वास गर्छु । तपाईमा पनि परमेश्वरको इच्छा अनुसार काम गर्ने हौसला छ भन्ने मलाई विश्वास छ ।

# परमेश्वरको राज्य, परमेश्वर र येशू ख्रीष्टमा चिन्तित हुनुपर्ने कुराहरू

प्रेरितको पुस्तकको अन्तिम अध्यायको आखिरी पदमा हामी पावल प्रेरितले भनेको पढन पाउँछौ, *"तिनले खुल्लमखुल्ला र विना रोकटोक परमेश्वर का राज्यको प्रचार गर्थे, र प्रभु येशू ख्रीष्टको बारेमा शिक्षा दिन्थे"* (प्रेरित २८:३१ ) । पावल रोममा एक कैदीका रुपमा राखिएको थियो । तरपनि उनी सिपाईहरु को रक्षामा एउटा भाडाको कोठामा बस्नको लागि स्वीकृती पाएको थियो । उनको कोठामा पाहुनाहरु आउन र उनलाई भेट्नको निम्ति अनुमती दिइएको थियो । यस अवसरको सदुपयोग गर्न अगमवक्ताले मानिसहरुलाई परमेश्वर को राज्यको बारेमा र येशू ख्रीष्टले चिन्ता लिने कुराहरुको प्रचार गर्दथे । विनाशंकामा, यी दुई कुराहरु पावलका जीवनमा निकै महत्वका हुनुपर्दछ । उनी रोममा करिब दुई बर्ष सम्म बसेका थिए । उनलाई भेट्न आउने मानिसहरु लाई उनले एउटै कुरा बारम्बार प्रचार गरिरहन्थे ।

परमेश्वरको राज्यको कुरा गर्दा अरु कुराहरु सँगै पावलले उनको कुरा सुन्नेहरुलाई अगमवक्ता दानिएलले भनेका कुरा अवश्य नै भनेका हुनुपर्दछ । जसरी दानिएल २:४४ मा लेखिएको छ, स्वर्गका **परमेश्वरले राज्य** स्थापनाको प्रतिज्ञा गर्नुभएको थियो र त्यो राज्य सदाको निम्ति रहिरहन्छ । पछि ख्रीष्टले पनि चेलाहरुलाई त्यस राज्यको बारेमा पक्कै प्रचार गरेको हुनुपर्छ कि पृथ्वीमा उनीहरु को जीवन कालमा नै राज्यको स्थापना भइसकेको हुन्छ (मर्कूस ९:१) । स्वर्गको राज्य भनेको उहाँको मण्डली थियो जुन उहाँले स्थापना गर्न लाग्नुभएको थियो (मत्ती १६:१८,१९); र त्यस आत्मिक राज्यमा उहाँले उद्धार पाएकाहरुलाई थप्नुहुन्छ (प्रेरित २:४७; कलस्सी १:१३,१४); र जब अन्त्य आउँछ, उहाँले राज्यलाई पिता परमेश्वरको हातमा सुम्पिदिनुहुन्छ ताकि सबैमा उहाँको बास हुन सकोस् (१ कोरिन्थी १५:२४-३८) । परमेश्वरको राज्यमा प्रवेश गर्नका निम्ति पावलले उनीहरुलाई प्रत्येक पुन नयाँ जन्म लिनुपर्दछ भनेर अवश्य नै भनेको हुनुपर्दछ । किनकि राजा र मुक्तिदाताले भन्नुभएको थियो, *"साँच्चै म तिमीहरुलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन"* (यूहन्ना ३:३-५) ।

खीष्टको कुराहरु सिकाउँदै पावलले अवश्य नै आफ्ना सुन्ने स्रोताहरु लाई परमेश्वरको पुत्रको अच्चम तरीकाले **जन्म भएको** उत्तम कथाको बारेमा भनेको हुनुपर्दछ (मत्ती १:१८-२५; २:१-१२; लूका २:१-२०; यूहन्ना १:१,१४) । पाप रहित खीष्टको जीवनको बारेमा पनि उनले अवश्य प्रचार गरेको हुनुपर्छ, जबकि उहाँ पनि हामी जस्तै धेरै परीक्षाहरुमा पर्नुभएको थियो, तर उहाँले कुनै पाप गर्नुभएनन् (हिब्रू ४:१५) । उनले तिनीहरुलाई खीष्टले गर्नुभएको आश्चर्य कर्महरु र उहाँले सिकाउनु भएका शक्तिशाली पाठहरु ती कुराहरुको बारेमा पनि भनेको हुनुपर्छ । उनले तिनीहरुलाई उहाँले पापीहरुलाई उद्धार गर्न मृत्युको बारेमा पनि भनेको हुनुपर्छ, जसरी उहाँ गाडिनु भयो, तीन दिनपछि उहाँ मृत्युबाट फेरि जीवित हुनुभयो र स्वर्ग जानुभन्दा अघि उहाँले चेलाहरुलाई कसरी संसारका हरेक मानिसहरुकहाँ गएर सुसमाचारको प्रचार गर्ने भन्ने बारेमा पनि सिकाउनुभयो (१ कोरिन्थी १५:१-४), जसमा जसले विश्वास गर्छ र बप्तिस्मा लिन्छ, त्यसले उद्धार पाउनेछ (मत्ती २८:१८-२०; मर्कूस १६:१५,१६) ।

पावलले अन्तमा उनीहरुलाई **अन्तिम दिन, न्यायको दिनमा**, कसरी खीष्ट फेरि फर्केर आउनुहुनेछ र कसरी त्यस दिनमा संसारका हरेक मानिसलाई उहाँको वचन अनुसार न्याय गर्नुहुनेछ भन्ने विषयमा अवश्य नै भनेको हुनुपर्छ (प्रेरित १७:३०,३१; यूहन्ना १२:४८); त्यो दिन जब परमेश्वरको महान् शक्तिद्वारा सारा सुतिगएकाहरु फेरि जीइउठ्नेछन्, र जसले संसारमा उहाँको इच्छा पालन गरेका छन्, उनीहरुलाई बादलमा उठाइनेछन् । परमेश्वरसँग भेट गर्ने मौका पाउँदछन्, र त्यसपछि उनीहरु सदासर्वदाको निम्ति परमेश्वरसँग उहाँको राज्यमा बास गर्न पाउनेछन् (१ थेसलोनिकी ४:१३ -१८) ।

जब पावल खीष्टमा आएको थियो, उनले आफ्ना सारा जीवन नै परमेश्वरको राज्य र उहाँसँग सम्वन्धीत कुराहरुको प्रचारमा अर्पण गरेको थियो । किन? किनभने उनले विश्वास गरे कि परमेश्वरको राज्य नै सबैभन्दा उत्तम ठाउँ हो । खीष्ट नै स्वर्गको राज्यमा जाने केवल एउटै मात्र मार्ग हुनुहुन्छ (फिलिप्पी ३:७-१४; यूहन्ना १४:६) ।

# येशू ख्रीष्टको बलिदान



जीवनको यात्रामा तपाईले कोही न कोहीद्वारा ख्रीष्टले गर्नुभएको बलिदानको बारेमा सुनेको हुनुपर्छ । चाहे एक जना प्रचारकले वचन प्रचार गर्ने क्रममा होस् वा कुनै साथीसँग गरिएको कुराकानीद्वारा होस्, येशूले बलिदान गर्नु भएको कुरा लगभग दुई हजार वर्ष भन्दा बढीको समयदेखि चर्चामा आएको छ । म स्वीकादर्छु कि, कहिलेकाही ख्रीष्टको बलिदानको बारेमा विचार गर्दा, म उहाँ क्रूसमा चढ्नुभएको दृश्यलाई सोच्दछु । उहाँले यस संसारलाई बचाउनको निम्ति गर्नुभएको त्यागको बारेमा सोच्दा मेरो विचार यहि दृश्यहरुमा नै सिमित रहन्छ, र म विश्वास गर्दछु कि कुनै समयमा, येशूले गर्नु भएका सम्पूर्ण बलिदानको बारेमा सम्झन वा स्वीकार्न पछि परिरहेकोमा हामी सबै आफैलाई दोषी पाउँदछौ ।

मत्ती २६:४७ मा यहूदाले ख्रीष्टलाई लिएर जानको निम्ति ल्याएको ठुलो भीडको वर्णन गरिएको छ । तिनीहरुले तरवार र लाठाहरु ल्याएका थिए । के ख्रीष्टलाई समात्नको लागि ठुलो भीड, तरवार र लाठाहरुको आवश्यकता थियो? हामीलाई यसको जवाफ थाहा छ, “आवश्यकता थिएनन् ।” येशूमा कुनै दोष थिएनन् । १ पत्रुस २:२१,२२ ले भन्दछ, उहाँले कुनै पाप गर्नु भएको थिएन, यसकारण एक जना निर्दोष व्यक्तिलाई दोषी झैं घिसारिँदै लग्दा कस्तो लाजमर्दो भयो होला? तर पनि येशूले आफैलाई वचाउको निमित्त केहिपनि गर्नुभएन किनभने यी सबै परमेश्वरको योजनाको हिस्सा थियो ।

मत्ती २६:५९,६० मा भनिएको छ, मुख्य पूजाहारी र जम्मै महासभाले येशूलाई मृत्युदण्ड दिनलाई उहाँको विरुद्धमा झूटो गवाही खोजे । धेरै झुटो

गवाही दिनेहरु आए, तर तिनीहरुले कुनै प्रमाण भेट्टाएनन् । उहाँ चूप लागेर बस्नुभयो किनकि सबै परमेश्वरको योजना अनुसार थियो ।

मत्ती २७ मा, येशूलाई, बिहानै, मुख्य पुजाहारीहरु र जनताका धर्मगुरुहरुले मृत्युदण्ड दिन भनी उहाँलाई बाँधेर शासक पिलातसकहाँ लगे । यो मुद्दालाई ठिक बनाउनको लागि पिलालससँग अझै एउटा मौका थियो । येशू निर्दोष हुनुहुन्छ भन्ने थाहा पाएपछि, पिलातसले उहाँको छुटकारा दिन पनि सक्थे तर मानिसहरुको भीड देखेर, तिनीहरुलाई खुशी तुल्याउन पिलातसले उसो गरेनन् । बरु उनले अर्को उपाय निकाले (मत्ती २६:१५) । निस्तार चाडमा भीडले चाहेबमोजिम शासकले एक जना कैदी छोडिदिने प्रथा थियो, र त्यति बेलाः येशू र बारब्बा नाउँको एक कुख्यात कैदी थिए । जब पिलातसले भीडलाई, कुन कैदीलाई छोडिदिने भनेर सोधे, तब मुख्य पुजारीहरुले येशूलाई नभएर बारब्बालाई छान्न उत्साहित गरे । येशूको यस अवस्थालाई कल्पना गर्नुहोस् । पाप रहित, एक निर्दोष व्यक्ति जसको जीवनको भाग्य मानिसहरुको भीडको हातमा थियो । तिनीहरुले उहाँलाई नभएर एक हत्यारालाई चूने ।


मत्ती २७:२६ मा येशूलाई कोर्रा लगाएर क्रूसमा टाँगिनलाई सुम्पिदिएको भेटाउँछौ । कोर्रा लगाउनु भन्नाले कुनै कैदीको ढाडमा, सिसा वा कुनै फलामको टुक्राहरुले बनाएको लठ्ठीले बारम्बार हिर्काउनु हो । यसमा याद गर्नुहोस् यसले बनाएको घाउहरुले येशूलाई क्रूससम्म पुग्ने बाटो कति कठिन र भयानक बनाइदिएको थियो होला ।

मत्ती २७:२७-३१ मा सिपाहीहरुले येशूलाई क्रूसमा टाँग्ने कामको जिम्मा लिएका थिए । तिनीहरुले उहाँको वस्त्र फुकालेर उहाँलाई लाल वस्त्र लगाइदिए । उहाँमा सेवा आरधना गरेको जस्तै नाटक गरेर उहाँमाथि थुके र गिल्ला गरे । यसरी उहाँलाई तिनीहरुले होच्याए । शरीर घाउ नै घाउले भरिएको अवस्थामा यस्तो दबाब सहनुपर्दा खीष्टलाई कतिको कष्ट भइरहेको थियो होला भन्ने हामीले कल्पना पनि गर्न सक्दैनौ ।

यसरी सताइसकेपछि ख्रीष्टलाई तिनीहरुले उहाँको क्रूस आफै बोक्न लगाएर घिसार्दै झुण्ड्याउने ठाउँसम्म लागे र त्यहाँ उहाँलाई क्रूसमा टाँगिदिए । उहाँको बलिदानको यो मुख्य भाग हो । यसलाई हामीले सधैंभरीको लागि हाम्रो सम्झनामा राख्नु पर्छ ताकि उहाँले भोग्नुभएको सबै कठिनाई, दुख, र दबाबको ज्ञान र समझशक्ति हामीमा होओस् ।

येशू ख्रीष्ट, वचन, पापरहित परमेश्वरका पुत्रले हाम्रो निम्ति क्रूसमा दिनुभएको बलिदान संसारको इतिहासमा नै सबैभन्दा ठुलो बलिदानको अस्तित्व रहेको छ । त्यसैले उहाँले दिनुभएको बलिदानको सम्पूर्ण ज्ञान र समझशक्ति हामी सबैमा हुनुपर्छ । उहाँको बलिदानको खातिर हामी सबैमा धेरैभन्दा धेरै धन्यवादको भावना हुनुपर्छ ।

# पवित्र धर्मशास्त्रको मूल्य




संसारका सृष्टिकर्ताले विभिन्न उत्कृष्ट तरिकाहरु द्वारा आफुलाई प्रकट गराउनु भएको छ । उहाँको अस्तित्वको उत्कृष्टता उहाँको सृष्टिमा छर्लङ्गै देखिन्छ ( भजनसंग्रह १९:१; रोमी १:२०) । उहाँको अस्तित्व मानव जातिलाई आशिष तुल्याउनको लागि गर्नुभएको ईश्वरीय दयाको कार्यहरुमा पनि झल्किन्छ (मत्ती ५:४५; प्रेरित १४:१७) । मानिसको समझ, जसले सही र गलत बाटोको ज्ञान राख्दछ, यसले सारा सृष्टिमाथि सदाकाल सम्म राज्य गर्ने राजा हुनुहुन्छ भन्ने विश्वास गर्दछ (रोमी २:१४,१५) । यी सबै यथार्थहरु, जति प्रकाश दिने भएता पनि परमेश्वरको बारेमा सम्पूर्ण बचाउने सन्देश दिन असफल हुन्छन् । यस कार्यको लागि बाइबलको आवश्यक पर्दछ । मुक्तिदाताले मानिसको हातमा पवित्र बाइबल प्रदान गरी सबैलाई आशिषमय तुल्याउनु भएको छ ।

परमेश्वरको वचनविना जीवनको अर्थ बारेमा मानिस अलमल्लमा पर्दछ । यस यथार्थ प्रचार गर्नको लागि, डेबिड हुमभन्दा अरु कोहि राम्रो प्रचारक छैनन् होला । हुम एक अङ्ग्रेजी नास्तिक, खीष्टियन धर्म विपरित प्रेरणादायिक व्यक्ति थिए । तर जीवनको बारेमा उनले दु:खित शब्दहरु लेखे: *"म के र कता छु? मेरो अस्तित्वको कारण म कताबाट ल्याऊ र कुन अवस्थामा म फर्केर जाँऊ? ....यस्ता प्रश्नहरुले मलाई चारैतिरबाट घेरिदिएको छ, र म आफैलाई दयनीय अवस्थामा कल्पना गर्न थालेको छु, जहाँ म गहिरो अन्धकार र हरेक व्यक्ति वा योग्यताबाट वञ्चित भएको पाउँदछु"* (त्रिटिज अफ ह्युमन नेचर, भोलूम १, पेज ५४८) । यिनका शब्दहरु विपरित, दाऊद, इस्राएलका गोठाला राजा लेख्छन्: *"परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन....मृत्युको अन्धकारमय घाटी भएर जानुपरे तापनि म कुनै खतरादेखि डराउनेछैनँ..."* (भजनसंग्रह २३:१-४) । केवल मानिस एक्लो हुँदा, जीवनको अर्थको बारेमा केही ज्ञान हुँदैन । धर्मशास्त्रको सहयोग चाहिन्छ ।

केही धर्महरु दर्शनशास्त्रका कुराहरुमा आधारित हुन्छन् । यस्ता कुराहरु को जग प्रमाणको योग्य हुँदैनन् । तर बाइबलको प्रकृति यस्तो छैन । यो ऐतिहासिक अभिलेख हो जसको जग वास्तविकतामा आधारित छन, कुनै काल्पनिक आधारमा होइन । त्यसैले यो प्रमाणयोग्य छ । परीक्षण गर्दा यसले विभिन्न र धेरै पवित्र कुराहरुको प्रकट गराउँदछ जसले यसको मूल आधार स्वर्गीय हेतूबाट आएको जनाउँदछ । उदाहरणको लागि: बाइबलको एकता, यसको उत्कृष्ट स्वरुपको अगमवाणीहरु, अमरतुल्य पवित्रता, इतिहास, भूगोल आदि सम्बन्धीत ठिक सत्यताको जानकारी, इत्यादि सबैले धर्मशास्त्रको जन्म अलौकिक शक्तिहरुबाट हुनुपर्छ भनेर प्रमाण दिन्छन् । बाइबलले मानव जातीको ध्यानको जिज्ञासा राख्दछ र मुर्खले मात्र यसप्रति ध्यान दिँदैनन् ।



# अर्थपूर्ण आराधना
# १ इतिहास १६:२३-४१

**परिचय**

(क) येशू र सामरी स्त्रीले सत्य आराधनाको बारेमा छलफल गरिरहेको (यूहन्ना ४:१९-२४)।
(ख) बिभिन्न मानिसहरुलाई आराधनाका अर्थ फरकै लाग्छन्।
(ग) बाइबलको अवधारणालाई बुझ्दा परमेश्वरलाई सम्मान मिल्छ र मानिसहरु लाई आत्मिकी हौसला मिल्छ (१ कोरिन्थी १४:२६)।

**(१) बाइबलिय आराधनाका घटना**

(क) आराधनामा बिशेष क्रियाकलाप सहभागी हुन्छन् - निरन्तर क्रियाकलाप मात्र हुँदैनन (रोमी १२:१,२)।
(ख) आराधनाको बाइबलिय उदाहरणहरु
(१) अब्राहाम आराधना गर्न गए (उत्पति २२:५)।
(२) इथियोपियाली नपुंसक आराधनाबाट फर्किरहेको थियो (प्रेरित ८:२७,२८)।
(३) अघिका मण्डलीले आराधना संचालन गर्थे (प्रेरित २०:७; १ कोरिन्थी १४:२५)
(४) परिवर्तित मनको तार्किक सेवा (रोमी १२:१,२)।

**(२) बाइबलिय आराधनाको बस्तुहरु**

(क) आराधना परमेश्वरमा निर्देशित हुन्छन् (भजन संग्रह ४५:११; मत्ती ४:१०)।
(ख) आराधना येशूमा निर्देशित हुन्छन् (प्रकाश १४:६,७; यूहन्ना १:१ ; प्रकाश ५ अध्याय)।
(ग) आत्मामा आराधना - आत्माको आराधना होइन् (यूहन्ना ४:२४; १६:१४)।
(घ) आराधनाको बस्तु आत्मा होइन्; उहाँले ख्रीष्टको वचनलाई ध्यान केन्द्रित गर्नुहुन्छ।

**(३) बाइबलिय आराधनाको आत्मा**

(क) "पवित्र बस्त्र" मा आराधना गर्नु - शुद्धताको सौन्दर्यमा बस्त्रहरु पनि पर्छन (भजन संग्रह २९:२)।
(ख) शान्त कायम राख्ने - उहाँको पवित्र मन्दिरमा प्रभुको अघि - आदर गर्ने।
(ग) क्रमबद्धता आत्मिकी निमार्णमा सम्वन्धित हुन्छन् (१ कोरिन्थी १४)।

**निश्कर्ष**

(क) लङ्गडो मानिस निको भयो - मन्दिरमा आराधना गरिरहेको भेट्टायो (प्रेरित ३:८)।
(ख) मण्डली भवनमा उपयुक्त चिन्ह: "आराधनाको निम्ति आगमन - सेवाको निम्ति प्रस्थान।"

# मूल्य गणना गर्नु
# लूका १४:२५-३३

**परिचय:**

(क) कोही खीष्टियन जीवनमा अन्धोरुपमा प्रवेश गर्छन् ।
(ख) तिनीहरु रोकिदैन र त्यसले तिनीहरुलाई कति मूल्य पर्छन भनी बिचार गर्दैनन् ।
(ग) दुईवटा कुराहरुलाई विचार गर्नु पर्छ:
 (१) यसले के लिन्छ ।
 (२) यसले के ल्याउँछ ।
(घ) खीष्टियन जीवन जीउने संकल्प गर्नै पर्छ ।

(१) छलफल:
(क) उद्धार
 (१) यो सित्तैमा पाउँछ ।
 (२) तर यसको मूल्य धेरै पर्छ ।
(ख) अरुहरुलाई मुक्तिको कति मूल्य लाग्छन्?
 (१) परमेश्वरलाई आफ्नो पुत्रको मूल्य लाग्यो ।
 (२) खीष्टलाई आफ्नो जीवनको मूल्य लाग्यो ।
 (३) प्रेरितहरुलाई पनि यसको मोल लाग्यो ।
(ग) उद्धार मुक्तिले हामीलाई कति मोल लाग्छ?
 (१) हाम्रो जीवनको मार्गलाई परिवर्तन गर्छन् ।
 (२) मानिसको धर्मलाई त्यागिदिन्छ ।
 (३) परिवार ।
 (४) पेशा ।
 (५) सतावत ।



(घ) मूल्यको गणना गर्नुपर्छ ।
 (१) बजारमा सामान किन्न जाँदा ।
 (२) जग्गा खरिद गर्दा ।
 (३) घर खरिद गर्दा ।
 (४) खीष्टियन हुनुको मूल्य ।
(ङ) मोल तिर्ने ।
 (१) सबै कुरा त्यागेर खीष्टलाई पछ्याउने (लूका ९:२३) ।
 (२) आज्ञाकारी (याकूब १:२२) ।
 (३) जीउदो बलिदान बन्ने (रोमी १२:१,२) ।
 (४) मृत्यु सम्मै विश्वासयोग्य हुने (प्रकाश २:१०) ।
(च) मुक्तिको इनाम
 (१) पापको क्षमा ।
 (२) पवित्र आत्माको बरदान ।
 (३) आत्मिकी आशिषहरु ।
 (४) शान्त ।
 (५) आशा ।

**निश्कर्ष:**

(१) शुरु गरेर छोडनु भन्दा शुरुवाट नगर्नु नै उत्तम हुन्छ (२ पत्रुस २:२०-२२) ।
(२) यसलाई सम्भव बनाउन ठुलो निर्णयको आवश्यक पर्छ ।



# क्रुसले आकार दिएको जीवन जीउने
# फिलिप्पी २:५–११

## परिचय:

(क) क्रुसमा येशू चिच्याउनु भयो, *"हे मेरा परमेश्‍वर, हे मेरा परमेश्‍वर, तपाईले मलाई किन त्याग्नुभएको छ?"* (मत्ती २७:४६)

(ख) उहाँको रगतद्धारा लाभ पाउनको निम्ति विश्‍वासको आज्ञापालन गरेर उहाँमा आउन चाहनेहरुको निम्ति उहाँ त्यतिबेला अनन्तको मृत्यु चाखिरहनु भएको थियो ।

(ग) पावलले आफ्नो फिलिप्पीको पत्रमा हामीलाई क्रुससम्म लिएर आग्रह गर्छन्, "तिमीहरुमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो" (२:५) ।

(घ) "मनले" सोचाईलाई प्रतिनिधित्व गर्छ जसले कार्यमा दोहऱ्याउँछ ।

## (१) मूख्य भाग

(क) जानीजानी जीउने ।

(१) येशू संसारमा प्रचारको काम लिएर आउनुभयो (यूहन्ना ६:३८; लूका २:४९; मर्कूस १०:४५) ।

(२) पिताको इच्छालाई पुरा गर्नु येशूले आफ्नो लक्ष्य बनाउनुभयो (लूका २२:४२; यूहन्ना ९:४) ।

(३) बाह्र बर्षको उमेरमा उहाँले भन्नुभयो, "म आफ्ना पिताको काममा हुनुपर्छ" (लूका २:४९) ।

(४) क्रुसको चुनौतीले "पुत्रको रुपसमान" बनाउँछ (रोमी ८:२९) ।

(ख) नम्रतामा जीउने ।

(१) क्रुसको सबै कुरा नम्रता थियो: ख्रीष्टले आफैलाई रित्तो पार्नुभयो र हाम्रो पापको निम्ति आफै लाई नम्रता धारण गरेर मर्नुभयो (२ कोरिन्थी ८:९) ।

(२) क्रुस-आकारको नम्रताले मण्डली र संसारमा शान्ति सुरक्षित गर्छ ।

(ग) प्रेमिलो भएर जीउने ।

(१) प्रेम के हो भन्ने बारेको आखिरी प्रदर्शन येशू हुनुहुन्छ (यूहन्ना १४:९) ।

(२) येशूले दिनुभएको "नयाँ आज्ञा" हामीले एक अर्कालाई प्रेम गर्ने होइन् - तर त्यो प्रेमको गहिराइ र विस्तार हो (यूहन्ना १३:३४-३५) ।

(घ) बलिदानपूर्ण जीउने ।

(१) येशू अरुको निम्ति जीउनुभयो (मर्कूस १०:४५; मत्ती २०:२८) ।

(२) ख्रीष्टको वास्तविक अनुयायीहरु हुनको निम्ति, हामी सेवक हुन सिक्नुपर्छ ।

(घ) आज्ञाकारी भएर जीउने ।

(१) आज्ञाकारीको निम्ति मोल तिर्नको लागि क्रुसद्धारा मूल्य प्रकट भयो (हिब्रू ५:८-९) ।

(२) आज्ञाकारी आधारभूत कुरा हो; वास्तविक सबैकुरा यहाँबाट शुरुवाट हुन्छ ।

## निश्कर्ष:

(क) ख्रीष्टियन जीवन जीउनको निम्ति हामी क्रुसद्धारा पुनः आकार लिएको हुनुपर्छ ।



# उत्पतिको पुस्तकबाट स्वादिलो शिकार

(१) जहाजको झ्यालबाट नोआले पठाएको दुई प्रकारको चराहरुको नाम ।

(२) अदनको बगैचाको सिमानामा पर्ने चार नदीहरुको नाम ।

(३) दुई जना व्यक्तिहरुको नाम भन्नुहोस् जसको अगाडि अब्राहामले सारालाई आॅनी बहिनी भनेको थियो ।

(४) राजाको नाम भन्नुहोस जो पूजाहारी पनि थियो जसले अब्राहामलाई आशिष दिनुभयो ।

(५) इसहाकको जन्म हुँदा इश्माएल कति बर्षको थियो?

(६) अब्राहामको दोस्रो पत्नीको नाम र उनीबाट जन्मेका सन्तानहरुको संख्या ।

(७) याकूवको एउटी छोरीको नाम ।

(८) योसेफको कुन चाहिँ दाजुले उनलाई अरुबाट बचाउने योजना गर्‍यो?

(९) कुन चाहिँ दाजुले योसेफलाई मिश्रको जेलमा हाल्यो?

(१०) याकूबको प्रतीक बनाउन कति दिन लागेको थियो?

# आधारभूत कुरामा फर्कंदैः
# आमाबाबुका लागि केही सुझावहरु

लक्ष्यः संसारको सबैभन्दा गाह्रो काममा प्रत्येक परिवारलाई उत्तम कामको निम्ति सहायता गर्ने ।

(१) आफ्ना बच्चाहरुको अगाडि ठिक उदाहरण देखाउने । महसुस गर्नुहोस् कि तिनीहरुका बच्चाहरुले आमाबाबुलाई पछ्याउँछन् ।
(२) ख्रीष्टियन हुनुको महत्व आफ्ना बच्चाहरुलाई सिकाउनुहोस् । संसारका सबैभन्दा महत्वपूर्ण कुरा येशूलाई सेवा गर्नु हो भन्ने तिनीहरुलाई बुझ्ने बनाउनुहोस् (रोमी ३ः१०,२३; ६ः२३; फिलिप्पी १ः१) ।
(३) दैनिक बाइबल अध्ययनको महत्वबारे आफ्ना बालबच्चाहरुलाई सिकाउनुहोस् । बाइबलले तिनीहरुको जीवनमा के गर्छन भन्ने कुरा तिनीहरुलाई देखाउनुहोस् (भजन संग्रह १९ः७-११; प्रेरित १७ः११) ।
(४) प्रार्थना गर्नु आवश्यक छ भन्ने बारे आफ्ना बालबच्चाहरुलाइ सिकाउनुहोस् । उनीहरुले परमेश्वरमा भरोसा गर्न सिकोस् (मत्ती ६ः९-१३) ।
(५) आफ्ना बालबच्चाहरुलाई आत्माको मूल्यबारे सिकाउनुहोस् । अरु मानिसहरुलाई बचाउनु पर्छ भन्ने तत्काल आवश्यकतालाई देखाउनुहोस् ।
(६) तिनीहरुको आत्मालाई विनाश गर्नुको सट्टामा आफ्ना बच्चाहरुलाई हौसला दिनुहोस् । तिनीहरुले गर्ने हरेक क्रियाकलापहरुमा दोषमात्र नखोज्नुहोस् (एफिसी ६ः२; कलस्सी ३ः२१) ।
(७) तिनीहरुले रुपैंया पैसाको प्राथमिक दायित्व परमेश्वरमा दिनुपर्छ भनेर आफ्ना बालबच्चाहरुलाई सिकाउनुहोस् (हितोपदेश ३ः९,१०; मत्ती ६ः३३) ।
(८) पैसा कमाउनु परमेश्वरलाई सेवा गर्नु जत्तिकै महत्वपूर्ण होइनन भनेर आIना बालबच्चाहरुलाई सिकाउनुहोस् (कलस्सी ३ः५; १ तिमोथी ६ः१०,११) ।
(९) जीवनमा कसरी सफल हुने बारेमा आफ्ना बालबच्चाहरुलाई सिकाउनुहोस् (उपदेशक ९ः१०) । असल स्वभाव हुनमा तिनीहरुलाई सहायता गर्नुहोस् । आफ्ना बालबच्चाहरुको अगाडि सकारात्मक र आशावादी हुनुहोस् (फिलिप्पी ४ः१३) ।
(१०) आफ्ना बालबच्चाहरुसित समय बिताउनुहोस् । समय नबिताएकोले गर्दा तिनीहरु घर परिवार निकै ताढा पुगिसकेको हुन्छ । (२ तिमोथी १ः५; ३ः१५) ।

**निश्कर्षः**

धेरै आमाबाबुहरु आज असफल हुन्छन् किनभने तिनीहरुका प्राथमिकताहरु बिग्रिएका छन् । बालबच्चाहरु परिवारमा प्रार्थना बिना, बाइबल अध्ययन बिना, नियमित मण्डलीमा उपस्थित बिना हुर्केका हुन्छन् । कम्प्युटर, टेलिभिजन र संगीतमा मानववादी दर्शनहरु पाइन्छ जसले प्रत्येक पुस्तालाई नष्ट गरिरहेका छन् । निकै ढिला हुनुभन्दा अघि हामी उठ्नैपर्छ ।

# चेला के हो?

संक्षेपमा, येशूको महान आज्ञा यो थियो *"सारा संसारमा गएर सारा जातिलाई चेला बनाओ"* (मत्ती २८:१९) । ती परिवर्तन भएका मानिसहरु अरु विद्यार्थीहरु र परिवर्तन गराउनेहरु भन्दा पनि ठुलो कुरा हो । आज्ञाहरुले के भन्दछन भन्ने सिक्नको निम्ति मात्र विद्यार्थीहरु आफ्ना शिक्षकहरुका अगाडि बस्छन, तर चेलाहरु ती भन्दा पनि अझै धेरै छन् । निश्चिय नै तिनीहरु मालिकका अनुयायीहरु, तर तिनीहरु भन्दा पनि धेरै ठुलो कुरा हो, तिनीहरुले उहाँका उदाहरणलाई पछ्याएर आफै शिक्षकहरु बन्छन् । *"चेलाहरु आफ्नो गुरुभन्दा श्रेष्ठ हुँदैन ।"* येशूले तिनीहरुलाई भन्नुभयो, *"तर पुरा शिक्षा पाएपछि ऊ आफ्ना गुरुजस्तै हुनेछ"* (लूका ६:४०) । उहाँ जस्तै, यसको अर्थ, उहाँको जीवनका उदाहरण र सबै चरित्रहरु पछ्याउन पूर्णरुपमा तालिम पाएको हुन्छ ।

अनन्तको सुसमाचारको यूहन्नाको अभिलेखमा चेलाहरु तीनवटा चीज हुन भनी व्याख्या गर्दछन् । **पहिलोः** तिनीहरुले ख्रीष्टको शिक्षाहरुलाई अंगाल्छन् । येशूले आफुमाथि विश्वास गर्नेहरुलाई भन्नुभयो **"यदि तिमीहरु मेरो वचनमा रहयौ भने तिमीहरु साँच्चै मेरा चेला हौ"** (यूहन्ना ८:३१) । बाइबलिय समझको शुन्य मानिस वास्तविक विश्वासको रित्तो हुन्छ, **"यो ख्रीष्टको वचन सुनेर आँउछ ।"** (रोमी १०:१७) ।

**दोस्रोः** चेलाहरुले एकअर्कालाई प्रेम गर्छन् । गुरुले सिकाउनुभयो, **"यदि तिमीहरुले एक-अर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन् कि तिमीहरु मेरा चेलाहरु हौ ।"** ( यूहन्ना १३:३५) । जुन ख्रीष्टियनले प्रेमलाई वेवास्ता गर्छन, तिनीहरु साँचो चेलाहरु होइनन् (१ यूहन्ना ४:२०) । परमेश्वरका सन्तानहरुले बाइबलिय प्रेमलाई बुझ्छन्, किनभने परमेश्वर प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:८) । **यसैबाट प्रेम के हो हामी थाहा पाउँछौ, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो । हामीले पनि आफ्ना दाज्यु-भाइहरुका निम्ति आफ्नो प्राण दिनुपर्छ ।** (१ यूहन्ना ३:१६) ।

**तेस्रोः** ख्रीष्टका चेलाहरुले फल फलाउँछन् । **"तिमीले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गऱ्यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ"** (यूहन्ना १५:८) । बाइबलमा फल फलाउनु विश्वास उत्पादन सित सम्वन्धित हुन्छन् । त्यस्तो विश्वासले दुई प्रकारका फल उत्पादन गराउँछः धार्मिकताका फलहरु (याकूब ३:१८) र मालिकको निम्ति धेरै चेलाहरु उत्पादन गर्ने (फिलिप्पी १:२२) हुन । हरेक जीवित प्राणीहरुको बृद्धिहुन्छ (उत्पति १:२२) । फल फलाउनु साँचो चेलाहरुको दृढ संकल्प हो ।

ख्रीष्टको चेला हुनको निमित्त येशूको बारेमा सिक्ने, येशूलाई अनुकरण गर्ने र येशूको सुसमाचार फैलाउने हुन्छ । चेलाहरुले चेला बनाउँछन् जसले अरु चेलाहरु बनाउँछन् । **"मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ "** (मत्ती २८:२०) ।

# घर आऊ ।


येशूले भन्नुभयो, **"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस्"** (यूहन्ना ३:१६) । हाम्रा पापको निम्ति क्रुसमा येशूको मृत्युले उत्तम प्रमाणित गर्दछन कि परमेश्वरले मानवजातिलाई प्रेम गर्नुहुन्छ र हामीसँगै उहाँ बस्ने इच्छा गर्नुहुन्छ । यूहन्ना १:१२ मा लेखेको छ, **"तर जतिले उहाँलाई ग्रहण गरे, र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरुलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो ।"** हामीहरु मध्ये जसले साँच्चै परमेश्वर र उहाँको वचनलाई प्राप्त गरेका छौ भने हामी उहाँका सन्तान हुन्छौ र परमेश्वर चाहनुहुन्छ कि उहाँका सन्तानहरु यो जीवन र अनन्ततासम्म उहाँको नजिक भएको होस् ।

लूका १५ अध्यायमा येशूले उडन्ते पुत्रको कथा भन्नुभयो । हामी स्मरण गर्दछौ कि कसरी उनले आफ्ना पिताबाट पैतृक हक प्राप्त गरेर उनले आफ्नै बनाउन थाले । त्यसपछि उनले आफ्नो अस्तित्व संसारिक भोग-विलासमा विताउन थाले । जब उनले कष्टको सामना गर्न थाले, तब आफुले बिताएको जीवनदेखि उनलाई आफ्नो हृदयमा पछुतो लाग्न थाल्यो । त्यसपछि आफ्नो पिताको घरमा कस्तो हुन्थ्यो होला भनेर उनले याद गर्यो । यसैले उनी नम्र सेवकको आत्मा लिएर फर्के, तै पनि उनलाई आफ्ना पिताको राज्यमा फर्केर आउँदा राजकुमार जस्तै स्वागत गरे । यदि उनको पुत्र नम्रता र पश्चातापी बिना नै पिताको घरमा फर्केको भए दृश्य कस्तो हुन्थ्यो होला?

परमेश्वर पिताले आफ्ना सन्तानहरुलाई रुचाउनु भएता पनि उहाँको स्वभावको अर्को पक्ष छन् जसबारे हामी सजग हुनुपर्छ । पावल भन्दछन, **"यसकारण परमेश्वरको दया र कठोरतालाई ध्यानमा राख- पतन भएकाहरुमाथि कडा व्यवहार, तर उहाँकै दयामुनि रहिरहचौ भने, तिमीलाई परमेश्वरको दया देखाइनेछ, नत्रता तिमी पनि काटिनेछौ"** (रोमी ११:२२) । कोही पनि नष्ट होस भनी परमेश्वर चाहनुहुन्न, तर उहाँले भन्नुभएको यो तथ्य परिवर्तन हुँदैनन्, **"तर तिमीहरुले पश्चात्ताप गरेनौ भने तिमीहरु सबै त्यसरी नै नाश हुनेछौ"** (लूका १३:३) । पिताको महान प्रेमको कारणले उहाँले न्याय छोडनुहुन्न । जव सम्म उ आफ्नो पिताकहाँ नम्र र पश्चात्तापी हृदय लिएर नजिकै जाँदैनन् तवसम्म परमेश्वरको सन्तान साँच्चै घर आएको हुँदैनन् ।

**यदि तपाई पिताको घरबाट ताढा हुनुहुन्छ भने, आज नै घर किन आउनुहुन्न्? तपाईको निम्ति उहाँ खुल्ला हात पसारेर पर्खिरहनुभएको छ ।**

# असल सामरीको नियम




बाइबलिय "सुनौलो नियम" र "असल सामरी" को अचम्म लाग्दो उदारहणले सबै सभ्य मानिसहरु लाई उभ्याएका छन् जसले औषधी आवश्यक भएको वा अरु कुनै सहयोग आवश्यक भएको ठाँउमा सहयोगको सामना गर्छन् । पिडा र आपत्तकालिन समयमा जव मानिसलाई कसैको सहयोगको आवश्यकता पर्दछन् त्यस्तो बेला मानवीय दया, बेवास्ता र स्वभावले यस्तो प्रकारको सहायता दिइयो ।

जव मैले माथीका कुराहरु लेखें, अहिलेका कट्टरपन्थी मुसलमान अनुयायीहरुबारे सोचिरहें कि तिनीहरुको हिंसात्मक शिक्षा र तिनीहरुको नजिक आउने जो कोहीलाई पनि हिंसात्मक व्यवहार गर्थे । तिनीहरुको जीवनमा सुनौलो नियमको साथै असल सामरीको व्यवस्था पनि छुटेका छन् । आफ्ना संगी मानिसहरुको दयालाई इन्कार गर्नु सभ्य समभ्क बाहिर जानु हो । सहायता आवश्यक परेकाहरुप्रति घृणा र क्रुरता देखाउनु लाजमर्दो कुरा हो । यी कुराहरु बाट परिवर्तन भएर हाम्रा संगी मानिसहरुलाई गहिरो सहानुभूति र दया देखाउनु हाम्रो गम्भीर प्रार्थना हो ।

## मेरो छिमेकीचाहिँ को हो?

*"तर तिनले आफूलाई धार्मिक देखाउने इच्छा गरेर येशूलाई भने, 'मेरो छिमेकीचाहिँ को त?" येशूले जवाफ दिनुभयो, "एक जना मानिस यरुशलेमबाट यरीहोतिर जाँदैथियो । त्यो डाँकूहरुको फेला पर्‍यो । तिनीहरुले त्यसलाई नाङ्गै पारेर पिटे, र अधमरो पारी छोडेर गए । संयोगले एउटा पूजाहारी त्यही बाटो भएर जाँदैथियो, र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपट्टि तर्केर गयो । त्यसै गरी एउटा लेवी पनि त्यस ठाँउमा आएर त्यसलाई देखेपछि अर्कोपट्टि तर्केर गयो । तर एउटा सामरी उसको यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाँउमा आइपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो । र त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरुमा पट्टी बाँधिदियो, र आफ्नै गधामाथि चढाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाहा गर्‍यो । भोलिपल्ट उसले दुइ चाँदीका सिक्का पौवाको मालिकलाई दिएर भन्यो, 'यिनको हेरचाह गर, अरु बढी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु' ।" येशूले सोध्नुभयो, "तिम्रो विचारमा यी तीन जनामध्ये डाँकूहरुका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो?" तिनले भने, "त्यस मानिसमाथि दया देखाउनेचाहिँ ।" तब येशूले तिनलाई भन्नुभयो, "जाऊ तिमी पनि त्यसै गर ।" (लूका १०:२९-३७) ।*

# सन्तुलन



मानिसहरु जहिले पनि सन्तुलन जीवन जीउन गाह्रो हुन्छन् । अहिले को आधुनिक समयमा हामीले गर्ने परिमार्जन अभ्यासहरु सजिलो छैनन् । कोही ख्रीष्टियनहरु लाई तिनीहरुको सन्तुलित आराधनामा पुग्न कठिनाई भैरहेका हुन्छन् । कोही कोही धेरै प्रर्दशनकारी हुन्छन भने कोही कोही हलचल पनि भैरहेका हुँदैनन र देख्दा अज्ञात जस्तो हुन्छन् । ख्रीष्टियनहरु आराधनाको समयमा निकै कठोर पनि हुन सक्छन् कि तिनीहरु आफैले आफैलाई यसमा आनन्द गर्नको निम्ति अनुमति दिदैनन् । त्यहाँ सन्तुलन हुनै पर्छ । परमेश्वरको सेवा र आराधनामा न त बढी प्रदशनकारी हुने न अज्ञात नै हुने हो ।

जब हामी ख्रीष्टको सुसमाचारलाई आज्ञापालन गर्छौ, हामी वास्तविक रुपमा आफैलाई ख्रीष्टमा सुम्पन्छौं । हामीले गर्ने सबै कुराहरु पूर्णरुपमा परमेश्वरलाई पहिलो प्राथमिकता दिन्छौ । यसले हाम्रो जीवनमा शान्ति र आनन्द ल्याउँछ जुन हामीले पहिले कहिल्यै पनि अनुभव गरेनौ । यी कुराहरु हाम्रो बाँकी जीवन रहुन्जेलसम्म निरन्तर हुनुपर्छ । यसले हामीलाई खुशी रहन दिन्छ र हाम्रो सामुहिक आराधना सन्तुलित हुन्छन् ।

व्यक्तिगत प्रचार कार्य एउटा यस्तो क्षेत्र हो जहाँ धेरै खष्टियनहरु लाई गर्ने इच्छा हुँदैनन्; प्रभुको मण्डली बृद्धि नहुनुको प्रमुख कारण यहि नै हो । हामी हाम्रो घरमा, कार्यालयमा र हाम्रा व्यक्तिगत सम्पर्कमा आएका मानिसहरु लाई सुसमाचार प्रचार गर्ने, कुराकानी गर्ने र सिकाउने काममा लाग्नै पर्छ । हामीले हाम्रो बाइबल कक्षाहरु र मण्डलीका प्रचारलाई प्रभावकारी बनाउनुपर्छ । अबिकसित देशहरुमा गरिएको व्यक्तिगत प्रचारकार्यलाई हामी प्रशंसा गर्छौ र त्यसको सफताको निम्ति प्रार्थना गर्छौ । अर्को हातमा, हाम्रो आफ्नै व्यक्तिगत प्रचार कार्यमा कुनै चासो देखाउँदैनौ । हाम्रो सन्तुलन कहाँ छ? हामी हाम्रो समुदायमा भएका आत्माहरुको भन्दा विदेशमा भएका मानिसहरुको आत्माहरुमा बढी किन खुशी हुन्छौ? परमेश्वरको निम्ति हरेक र प्रत्येक आत्मा मूल्यको छन् र सबै ख्रीष्टियन हुनु पर्छ ।

# कठोर सत्यताको सामना

अरुलाई सुसमाचार फैलाउनेबारे हामी प्रचार गर्छौ । अरुसित सुसमाचार बाढ्ने बारे हामी कुराकानी गर्छौ । अरुलाई सुसमाचार बाढ्नेबारे हामी प्रार्थना गर्छौ । तर अरु लाई सुसमाचार बाढ्ने बारेमा हामी थोरै मात्रामा प्रयास गर्छौ । अरुलाई सुसमाचार बाढ्ने बारेमा प्रचार गर्नु, कुराकानी गर्नु, प्रार्थना गर्नु ठिक हो, तर हाम्रा असल चाहनाहरु हाम्रै क्रियाको अभावको कारणले गर्दा धोका खाएका हुन्छन् । धेरै जसो भागमा हामी महान आज्ञालाई ओठले मात्र भनिरहेका हुन्छौ ।

हामीले गर्ने भन्दा हामीलाई उत्तम कुराहरु थाहा छ । महान आज्ञा हाम्रो निम्ति महान अभिभार भएको छ । येशूले भन्नुभयो, *"सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर"* (मर्कूस १६:१६) । "प्रचारकहरु, यो महान आज्ञा प्रेरितहरुलाई मात्र दिएको थियो ।" के तपाई पक्का हुनुहुन्छ? मत्तीको अभिलेखमा मत्ती २८:१९,२० मा येशूले चेलाहरुलाई भन्नुभयो, जाओ, सिकाओ, बप्तिस्मा देओ र *"मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ ।"* उहाँले भर्खरै के गर्नको निम्ति आज्ञा दिनुभयो? जाओ, सिकाओ, बप्तिस्मा देओ, सिकाओ, बप्तिस्मा देओ, सिकाओ । महान आज्ञा आफैले सन्देश बोकिरहेका छन् । विश्वासयोग्य मानिसले अरु विश्वासयोग्य मानिसलाई सिकाउँछ जसले अरु विश्वासयोग्य मानिसलाई सिकाउँछ । *"धेरै जना साक्षीहरुका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरुलाई सुम्पिदेऊ" (२ तिमोथी २:२) ।* हामीले प्रचार कामको सिकीबारे कुरा गरिरहेका छौ- जुन सिकी कहिल्यै पनि भाँच्दैनन् । अमेरिकामा भएका बर्तमान मण्डलीहरुको अवस्था बितेका पीढीहरुको प्रचारहरुको प्रयासबाट भएको कुरा पत्ता लाग्छ । अब, हाम्रो पालो हो । मण्डली बृद्धि भईरहेको छैनन् किनभने हामी गईरहेका छैनौ । मण्डलीको बृद्धिको निम्ति हामी फेरी जानै पर्छ । जब हामीले *"परमेश्वर को समस्त अभिप्रायलाई"* बताउँछौ तबमात्र हामी *"सबै मानिसहरुको रगतको दोषी हुनेछैनँ"* (प्रेरित २०:२६,२७) । हामीले सुसमाचारमा जाओ भन्ने शब्द हाल्नै पर्छ । हामीले कठोर सत्यताको सामना गरिरहेका छौ । कृपया सम्झना राख्नुहोस् कि यी विचारहरुले हामीलाई दोषी यात्रामा पठाउन चाहिरहेको होइनन् । सुसमाचार अरु मानिसहरुलाई बाढ्नु पर्छ र आत्मसन्तोषबाट समपर्ण र काममा दोऱ्याउँछ भन्ने कुरामा हामीलाई याद दिलाउछन । के सुसमाचार अरु मानिसहरुलाई नबाढ्नु भएकोमा आफैलाई दोषी महशुस गर्दैहुनुहुन्छ? के सुसमाचारको बारेमा तपाईलाई केही गर्न मन लाग्छ? के तपाई धेरै मात्रामा प्रचारक बन्न चाहनुहुन्छ? के तपाई अरु मानिसहरुको जीवनलाई फरक बनाउन चाहनुहुन्छ? के तपाई मण्डली बृद्धिको निम्ति सहायता गर्नुहुन्छ? राज्यको बिऊ छर्नु होस् । जाओ, जाओ, जाओ ।

हो, हामी ढोका बन्द भएको ठाउँमा, बाटोमा र निरासा भएको विश्वासयोग्य मानिसहरु कहाँ जान्छौ, तर ख्रीष्टको सुसमाचार सुन्नुपर्ने मानिसहरुकहाँ हामी धेरै जाने चाहना गर्नु पर्छ । हामीले कठोर सत्यतालाई मात्र सामना गर्ने होइनन्, तर यसको बारेमा केही चुनौतीपूर्वक काम गर्ने हो । खेतालाहरु कम छन् । के तपाई एकजना खेताला बन्न चाहनुहुन्छ ।

## २ तिमोथी २:१५

***"शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदार जस्तै आफुले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भर मग्दुर प्रयत्न गर ।"***

### "अध्ययन गर"

यसमा कहिलेकाही मात्र पढ्ने भन्ने कुरा समावेश हुँदैनन्, तर जुन बिषयमा अध्ययन गरेको हो त्यसको अर्थ बुझ्ने गरी गहिराइमा ध्यान गर्ने हुन्छ । यो पदमा नयाँ नियमको एउटा आधारभूत आज्ञाहरु पाउँछौ । अहिलेको समयमा धेरै मानिसहरु आफ्नै मनोरञ्जनहरुमा व्यस्त हुन्छन्, तिनीहरुमा बाइबल अध्ययन हुँदैनन् । यो एउटा साधारण आज्ञा हो । परमेश्वरको वचनको गम्भीर अध्ययनलाई वेवास्ता गर्ने कुनै कारण देखिदैनन । हामीहरुसंग प्रशस्तै तरीकाहरु छन् जसले हामीलाई हाम्रो अध्ययनमा सहायता गर्छन् र यसमा हाम्रो ज्ञानलाई बढाउन सक्छौ ।

### "ग्रहणयोग्य"

हामी परमेश्वरमा ग्रहणयोग्य हुनेबारे सोच्नुपर्छ। परमेश्वरले कहिले अनुमोदन गर्नुभएको छ भन्ने कुरा हामीले कसरी थाहा पाउन सक्छौ? यो त्यतिबेला हुन्छन जब उहाँले हाम्रा स्वभावहरु उहाँप्रति कस्तो हुनुपर्छ भनी भन्नुहुन्छ, र हाम्रो स्वभाव सही हुन्छ । जव उहाँले हामीलाई अर्तीहरु दिनुहुन्छ, जसलाई हामीले पछ्याउँनु पर्छ । जव हामी तिनीहरु लाई पछ्याउँछौ तव उहाँको स्वीकृति हुन्छन् भन्ने कुरामा हामीलाई पक्का हुन्छ ।

### "कामदार"

कामदार त्यो हो जसले कार्य वा पेशालाई प्रर्दशन गरिरहेको हुन्छ । प्रभुको निम्ति कामदार भएकोले हामीहरुसँग बिशिष्ट कार्यहरु छन् । ती

कार्यहरुलाई प्रभुले जस्तो तरीकाबाट चाहनुभएको छ त्यस्तै तरीकाबाट हामीले पुरा गर्नुपर्छ। गलाती ६:१० लाई याद गर्नुहोस्, *"यसकारण मौका पाएअनुसार हामी सबै मानिसको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरु को, जो हाम्रो विश्वासका परिवारका हुन् ।"* हामीले गर्न सक्ने धेरै कुराहरुका उदाहरणहरु बाइबलमा छन् जसलाई यो पाठले ढाकिएको छ।

मत्ती २८:१९,२० मा हामीलाई हाम्रो सिकाइको अर्ती दिएको छ। *"जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु।"*

येशूको यो आज्ञालाई अहिले हाम्रो समयमा विभिन्न तरीकाहरु द्वारा हामीले पुरा गर्न सक्छौं । यसको अर्थ संसारभरि उहाँको शिक्षा फैलाउनको निम्ति उहाँले उपलब्ध गराउनुभएका स्रोतहरुलाई प्रयोग गर्न हाम्रो उत्तरदायित्वलाई परमेश्वरले समालिराख्नुहुन्छ।

## "सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने"

कर्तव्यहरु पुरा गर्न र प्रर्दशन गर्नको निम्ति परमेश्वरको कामहरु दिनुभएको छ, उहाँको आज्ञा अनुसार भएको होस् भनी उहाँ आशा राख्नुहुन्छ । यो कुरा जानेर उहाँले अपेक्षा गर्नुभए अनुसारको हुनको निम्ति हामी सिक्न र बुझ्नको निमित्त अध्ययन गर्नु पर्छ।

## निश्कर्ष

याद गर्नुहोस् यी शब्दहरुले कस्तो कुराहरुको माग गरिरहेका छन्। परमेश्वरमा ग्रहणयोग्य जीवन हुनुको निम्ति हाम्रो सर्वश्रेष्ठ कुराको माग र साधारणरुपमा काम गर्नको निम्ति बोलाउनुहुन्छ र ती कार्यहरु गर्नको निम्ति उहाँका अर्तीहरुलाई निरन्तररुपमा अध्ययन गर्नै पर्छ।

# बिनम्र होओ ।




"आफैलाई परमेश्वरको अधीनमा राख । दियाबलसको विरोध गर, र त्यो तिमीहरुबाट भाग्नेछ" (याकूब ४:७) ।

**परमेश्वरको अधिनमा राख ।**

मानिस घमण्डले भरिएको हुन्छ र उनका विचारहरु सही र उत्तम छ भनी सोच्छन् । तर यस्तो मामला होइन् । परमेश्वरले घमण्डलाई विरोध गर्नुहुन्छ (पद ७) । परमेश्वर मानिसको सृष्टिकर्त्ता हुनुभएको हुनाले जहिले पनि सर्वश्रेष्ट कुरा जान्नुहुन्छ: बिनम्र होओ । *"अधिनमा राख्नु"* भन्ने अनुबाद गरिएको शब्दले सैनिकीहरुमा प्रयोग गर्ने आज्ञाहरु, पदको विचारसँग मिल्न जान्छ । उहाँले जे आज्ञा गर्नुहुन्छ हामी त्यही गर्नेछौ । उद्धार मुक्ति, आराधना, र जीवन शैलीमा पनि यो सत्य हो । बिनम्र हुनुहोस् ।

**दियाबलसको विरोध गर ।**

यो संसारको शासक दियाबलस हो । *"म तिमीहरुसँग अब धेरै बोल्नेछैनँ, किनभने यस संसारका शासक आइरहेछ । त्यसको ममाथि केही शक्ति छैन्"* (यूहन्ना १४:३०) । जव दियाबलसले हाम्रो जीवनमा राज गर्छन, हामी शारीरिक इच्छाहरु लाई पछ्याउँछौ र क्रोधका सन्तान हुन्छौ । *"तिनीहरुमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पाप-स्वभावका लालसामा अघि जिउँथ्यौ, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं"* (एफिसी २:३) ।

जब हामी शैतानका मित्र हुन्छौ, त्यसले हामीलाई शासन गर्छ । हामी परमेश्वर का शत्रु हुन्छौ । *"व्यभिचारी मानिस हो, संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा के तिमीहरुलाई थाहा छैन? यसकाराण जो संसारसँग मित्र हुन चाहन्छ त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ"* (याकूव ४:४) । दियाबलसलाई ध्यान नदेओ । त्यो झुटा हो । त्यो छल्ने काममा लागिरहेको हुन्छ । त्यसलाई नरकको आगोमा फाल्नेछ भन्ने कुरा त्यसलाई थाहा छ, र हामी पनि त्यहाँ गएको त्यो चाहन्छ । त्यसको विरोध गर ।

**त्यो तिमीहरुबाट भाग्नेछ ।**

यो कसरी हुन्छ? परमेश्वरको अधिनमा रहनुहोस्, दियाबलसको विरोध गर । के परीक्षा निकै कठिन छन्? के त्यसबाट उम्कने कुनै उपाय छन्?

*"मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरु अरु परीक्षामा परेका छैनौ । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ । उहाँले तिमीहरुलाई तिमीहरुका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ- यसरी तिमीहरु त्यसलाई खप्न सक्नेछौ"* (१ कोरिन्थी १०:१३) ।

जव हामी परमेश्वरको अधिनमा बस्छौ र दियाबलसको विरोध गछौ, हामी डराउनु पर्दैनन् । *"अहिले उहाँले हामीलाई ठेस लाग्नबाट बचाउनुहुन्छ, र उहाँको महिमाको उपस्थितिको सामुन्ने हामीलाई हाम्रा उद्धारकर्त्ताको अघि निर्दोष तुल्याउनुहुन्छ, जो उहाँमात्र बुद्धिमानी, महिमा, सामर्थ्य अधिकार, शक्ति अहिले र सदासर्वदै हुनुहुन्छ । आमिन ।*